
# कानेपोखरी गाउँपालिकाको शिक्षा योजना -२०८३ -२०९२




## कानेपोखरी गाउँपालिका

कोशी प्रदेश, मोरङ नेपाल

२०८३ जेष्ठ

**संरक्षक**

श्री राजमती इङ्नाम, गाउँपालिका अध्यक्ष

श्री भोलाप्रसाद अधिकारी, गाउँपालिका उपाध्यक्ष

श्री हिराकुमारी यादव, प्रमुख प्रशासकीय अधिकृत

**गाउँ शिक्षा योजना निर्माण समिति सदस्यहरु :**

श्री भोलाप्रसाद अधिकारी, गा.पा. उपाध्यक्ष

श्री रत्नबहादुर कार्की, १ नं. वडाध्यक्ष

श्री चरण गुरुङ, ५ नं. वडाध्यक्ष

श्री सूर्यबहादुर धिमाल, गाउँ शिक्षा समिति सदस्य

श्री खेमनाथ पौडेल, गाउँ शिक्षा समिति सदस्य

श्री खड्गबहादुर बस्नेत, सामाजिक विकास समिति संयोजक

श्री रुबिना ताम्राकार, गाउँ शिक्षा समिति सदस्य

श्री दिपक चौलागाई, गाउँ शिक्षा समिति सदस्य

श्री चूडामणि रेग्मी, शिक्षा अधिकृत

**गाउँ शिक्षा योजना लेखन कार्यदल :**

श्री चूडामणि रेग्मी

श्री दामोदर सिग्देल

श्री प्रमोद निरौला

श्री लिला निरौला

श्री राजकुमार बराल

श्री धर्मराज थापा

श्री राजेश कार्की

श्री पूर्णबहादुर राई

**प्रकाशक**

कानेपोखरी गाउँपालिका

**प्रमाणित मिति**

२०८३ असार **....** गते

**प्रकाशन मिति** २०८३ **....,...**

# विषयसूची


**परिच्छेद १ : परिचय** ..... **1**

१. पृष्ठभूमि ..... 1

१.१ वर्तमान अवस्था ..... 1

१.१.१ भौगोलिक अवस्थितिको विश्लेषण ..... 1

१.१.२ जनसाङ्ख्यिक संरचनाको विश्लेषण ..... 2

१.१.३ सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण ..... 3

१.१.४ आर्थिक अवस्थाको विश्लेषण ..... 4

१.१.५ शैक्षिक अवस्थाको विश्लेषण ..... 4

१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण ..... 9

१.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण ..... 11

१.४ अवसरहरु ..... 12

१.४.१ योजना निर्माण प्रक्रिया ..... 13

**परिच्छेद २ः दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण** ..... **14**

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार ..... 14

२.२ दूरदृष्टि ..... 14

२.३ लक्ष्यः ..... 14

२.४ उद्देश्य ..... 14

२.५ रणनीतिहरु ..... 15

२.६ मुख्य कार्यसम्पादन सूचकहरु ..... 23

**परिच्छेद-३: विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु** ..... **25**

३.१. प्रारम्भिक बालविकास तथा शिक्षा ..... 25

३.१.१. परिचय ..... 25

३.१.२ वर्तमान अवस्था ........ 25
३.१.३ उद्देश्यहरु ........ 26
३.१.४ रणनीति ........ 26
३.१.५ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य ........ 26
३.२ आधारभूत शिक्षा ........ 29
३.२.१ परिचय ........ 29
३.२.२ वर्तमान अवस्था ........ 29
३.२.३ उद्देश्यहरु ........ 30
३.२.४ रणनीतिहरु ........ 30
३.२.५ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य ........ 31
३.३ माध्यमिक शिक्षा ........ 35
३.३.१ परिचय ........ 35
३.३.२ वर्तमान अवस्था ........ 35
३.३.३ उद्देश्यहरु ........ 36
३.३.४ रणनीतिहरु ........ 36
३.३.५ उपलब्धि तथा प्रमुख नतिजाहरु ........ 36
३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा ........ 41
३.४.१ परिचय ........ 41
३.४.२ वर्तमान अवस्था ........ 41
३.४.३ उद्देश्यः ........ 42
३.४.४ रणनीतिहरु ........ 42
३.४.५ प्रमुख उपलब्धि तथा नतिजा ........ 42
३.४.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 43
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ........ 44
३.५.१ परिचय ........ 44

३.५.२ वर्तमान अवस्था ........ 44
३.५.३ उद्देश्य ........ 45
३.५.४ रणनीतिहरु ........ 45
३.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 46
**परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र ........ 59**
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ........ 59
४.१.१ वर्तमान अवस्था ........ 59
४.१.२ उद्देश्य ........ 60
४.१.३ रणनीति ........ 60
४.१.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 62
४.२ शिक्षक व्यवस्थापन र विकास ........ 63
४.२.१ वर्तमान अवस्था ........ 63
४.२.२ उद्देश्य ........ 64
४.२.३ रणनीति ........ 64
४.२.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 68
४.३ शिक्षामा समता र समावेशीकरण ........ 69
४.३.१ वर्तमान अवस्था ........ 69
४.३.२ उद्देश्य ........ 70
४.३.३ रणनीतिहरू ........ 70
४.३.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 73
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ 74
४.४.१ वर्तमान अवस्था ........ 74
४.४.२ उद्देश्य ........ 75
४.४.३ रणनीति ........ 75
४.४.४ प्रमुख क्रियाकलापहरु र लक्ष्य ........ 78

४.५ विद्यालय सुरक्षा, विपद् तथा उत्थानशीलता ........ 79
४.५.१. वर्तमान अवस्था ........ 79
४.५.२ उद्देश्य ........ 79
४.५.३ रणनीति ........ 80
४.५.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 82
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ 83
४.६.१ वर्तमान अवस्था ........ 83
४.६.२ उद्देश्य ........ 84
४.६.३ रणनीति ........ 84
३.४.४ प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 88
४.७ विद्यालय सूचना तथा सञ्चार प्रविधि ........ 88
४.७.१ वर्तमान अवस्था ........ 88
४.७.२ उद्देश्य ........ 89
४.७.३ रणनीति ........ 89
३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 90
**परिच्छेद ५: सुशासन तथा व्यवस्थापन ........ 91**
५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........ 91
५.१.१ परिचय ........ 91
५.१.२ वर्तमान अवस्था ........ 91
५.१.३ उद्देश्यहरू ........ 92
५.१.४ रणनीतिहरू ........ 92
५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप ........ 92
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ 94
५.२.१ परिचय ........ 94
५.२.२ वर्तमान अवस्था ........ 94
मस्यौदा प्रति २०८३

५.२.३ उद्देश्यहरू ........ 94

५.२.४ रणनीति ........ 95

५.२.५ प्रमुख उपलब्धि तथा नतिजा ........ 95

**परिच्छेद ६: लगानी र स्रोत व्यवस्थापन ........ 97**

६.१ परिचयः ........ 97

६.२ वर्तमान अवस्थाः ........ 97

६.३ अवसर तथा चुनौतीहरू ........ 100

६.४ उद्देश्यः ........ 100

६.५ रणनीतिहरूः ........ 100

६.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमानः ........ 101

**परिच्छेद ७: अनुगमन तथा मूल्याङ्कन ........ 105**

७.१ वर्तमान अवस्था ........ 105

७.२ उद्देश्य ........ 106

७.३ रणनीतिहरु ........ 106

७.४. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 107

पृष्ठपोषण प्रति २०८३

# परिच्छेद १ : परिचय

## १. पृष्ठभूमि

शिक्षालाई सामाजिक आर्थिक रूपान्तरणको मूल विषय क्षेत्र मानिदै आएको पाइन्छ । नेपालको संविधानले समाजवाद उन्मुख राज्य प्रणालीमा आधारित भई प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । यसका अतिरिक्त अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानूनबमोजिम निःशुल्क शिक्षा पाउने र मातृभाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेको छ । राज्यको आर्थिक समृद्धि र सामाजिक न्यायसहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता र सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले दिगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्यको प्रवर्धन गरी राष्ट्र निर्माणमा आवश्यक मानव संसाधनको विकासमा शिक्षाको अहम् भूमिका रहन्छ ।

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहका आ-आफ्ना अधिकार र कार्यक्षेत्रहरु तोकेको छ । सङ्घ र प्रदेशको साझा अधिकार सूची, सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची समेत क्रमशः अनुसूची ७ र ९ मा उल्लेख गरेको अवस्था छ । संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार सूची समावेश गरेको छ, जसमा माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई सुम्पेको अवस्था छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा छ, जसमा स्थानीय तहले शिक्षा सम्बन्धी २३ वटा कार्यहरु सम्पादन गर्ने उल्लेख छ । त्यसैले आफ्नो स्थानीय तहमा सञ्चालित विद्यालयहरुको प्रभावकारी व्यवस्थापन गर्दै शिक्षामा समतामूलक पहुँच, गुणस्तरीय शिक्षा, सक्षमता, सान्दर्भिकता, समावेशीकरण, सुशासन तथा व्यवस्थापन आदि सुनिश्चित गर्नका लागि स्थानीय तहले उपलब्ध स्रोत साधन (भौतिक, वित्तीय र मानवीय) को अधिकतम परिचालन गर्न आवश्यक हुन्छ । यसका लागि स्थानीय तहले वास्तविकतामा आधारित भई कार्यान्वयन योग्य शैक्षिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याउन आवश्यक छ ।

मानव संसाधनको विकासबाट मुलुकको उपलब्ध प्राकृतिक स्रोतसाधन र अवसरहरूको समुचित परिचालन गरी नेपाल सरकारले राखेको दीर्घकालीन सोचसहितको समुन्नत राष्ट्र निर्माण गर्न सबैभन्दा उत्तम उपाय नै शिक्षामा लगानी हो । यसै सन्दर्भमा नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी प्रावधान, २५ वर्षे राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्धन नीति, १५ वर्षे दिगो विकास लक्ष्य, सोह्रौ आवधिक योजनाका लक्ष्यहरू तथा विद्यालय शिक्षा क्षेत्र योजना २०७९-८८ विकास भएको र प्रचलित नीति तथा नियमहरूको पालना गर्दै, शिक्षा क्षेत्रको सुदृढ विकासका लागि आवधिक शैक्षिक योजना आवश्यक ठानी कानेपोखरी गाउँपालिका, मोरङले आगामी दश वर्ष (२०८३–२०९२) का लागि यो स्थानीय तहको शिक्षा योजना निर्माण गरेको हो । यस योजनाअनुसार शैक्षिक नीतिहरू र कार्यक्रमहरू क्रमशः कार्यान्वयन गर्दै जाने लक्ष्य लिइएको छ ।

### १.१ वर्तमान अवस्था

#### १.१.१ भौगोलिक अवस्थितिको विश्लेषण

मोरङको मध्यभागमा पर्ने कानेपोखरी गाउँपालिका नक्सामा हेर्दा करिब आयताकारमा रहेको देखिन्छ । यो गाउँपालिका बयरबन, केरौन र होक्लाबारी गा.वि.स.लाई मिलाएर वि.सं. २०७३ सालमा पुनर्संरचना गरिएको हो । कानेपोखरी गाउँपालिका

निर्माणका क्रममा साविकको बयरवन, केरौन र होक्लाबारीलाई मिलाइएको छ। कानेपोखरी मोरङको मध्यभागमा पर्ने तराईको गाउँपालिका हो । यसको पूर्वमा पथरीशनिश्चरे र सुनवर्षी नगरपालिका, दक्षिणमा रंगेली नगरपालिका, पश्चिममा बेलबारी नगरपालिका र उत्तरमा लेटाङ नगरपालिका पर्दछन्।

यस गाउँपालिकाको पूर्वमा मोरङकै दुई वटा, पश्चिम, उत्तर र दक्षिणतिर एक एक वटा नगरपालिका पर्ने हुँदा नगरपालिकाहरूका बीचमा रहेको एउटा मुख्य गाउँपालिका कानेपोखरी हो भन्न सकिन्छ। विभिन्न प्रकारका प्राकृतिक श्रोतहरूले सम्पन्न यो गाउँपालिका तराईका सम्म भूभागमा पर्दछ । चारकोसे झाडीको अवशेषकासाथै प्रशस्त सिमसार र पोखरीहरू रहेको यो गाउँपालिकाको धेरै जसो जमिन अति उर्बर पनि छ। तसर्थ यसलाई मोरङको अन्न भन्डारका रूपमा पनि लिन सकिन्छ। यसको कुल भौगोलिक क्षेत्रफल ८२.२९ वर्ग किलोमिटर रहेको छ। यस गाउँपालिकाको प्रशासनीक विभाजनलाई तल प्रस्तुत गरिएको छ।


| **क्र.सं.** | **नयाँ वडा** | **समावेश गा.वि.स.** | **क्षेत्रफल (वर्ग कि.मी.)** |
|---|---|---|---|
| **१** | १ | होक्लाबारी (१-९) | ११.३६ |
| **२** | २ | केरौन (३,४,६-९) | १२.८ |
| **३** | ३ | बयरबन (१-५) | १०.८५ |
| **४** | ४ | बयरबन (६,७) | ९.८६ |
| **५** | ५ | केरौन (१,२,५) | १२.३६ |
| **६** | ६ | बयरबन (८) | ६.४८ |
| **७** | ७ | बयरबन (९) | १८.५८ |
| **जम्मा** | | | **८२.२९** |

## १.१.२ जनसाङ्ख्यिक संरचनाको विश्लेषण

राष्ट्रिय जनगणाना २०७८ अनुसार यस गाउँपालिकाको कुल जनसङ्ख्या ४३,१९३ रहेको छ। जसमा ४७.२ प्रतिशत पुरुष रहेका छन् भने ५२.८ प्रतिशत महिला रहेका छन्। लैङ्गिक अनुपात ८९.५४ रहेको छ। जनघनत्व प्रति वर्ग किलोमिटर ५२१ रहेको छ भने कुल परिवार संख्या १०,६६३ रहेको अवस्था छ। यस गाउँपालिकाको वडागत जनसङ्ख्या विवरण यस प्रकार रहेको छ।

| वडा | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १ | २५८१ | २७६७ | ५३४८ | १२.४ |
| २ | ३१०९ | ३३८७ | ६४९६ | १५.० |
| ३ | २६६३ | २९८५ | ५६४८ | १३.१ |
| ४ | ३०५० | ३३९६ | ६४४६ | १४.९ |
| ५ | ३४४१ | ३९११ | ७३५२ | १७.० |
| ६ | ३२६० | ३७१४ | ६९७४ | १६.१ |
| ७ | २३०१ | २६२८ | ४९२९ | ११.४ |
| जम्मा | **२०४०५** | **२२७८८** | **४३१९३** | १०० |

साथै उमेरगत जनसङ्ख्या विवरण यस प्रकार रहेको छ।




स्रोत : https://censusnepal.cbs.gov.np/results/np

### १.१.३ सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

कानेपोखरी गाउँपालिकामा विभिन्न जातजातिहरूको बसोबास रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार क्षेत्री २२.३%, ब्राह्मण १३%, लिम्बु ७ %, राई ६.६०%, थारु ६.६%, धिमाल ४.६% सहित अन्य जातजातीको बसोबास रहेको छ। चाडपर्वहरू मानिसको संस्कृतिसँग सम्बन्धित छन्। यिनीहरूको परम्परा निकै लामो हुने गर्दछ। चाडपर्व जाति विशेष र धर्म विशेष पनि हुने गर्दछन्। तसर्थ कुनै पनि जाति र धर्मको परिचय चाडपर्वले नै दिने गर्दछ। जस्तै साकेला र चण्डी आदि किराँत धर्म, इद र बकरइद इश्लाम धर्म तथा ल्होसर लामा बौद्धधर्मसँग सम्बन्धित छन्। यसैगरी दशैं, तिहार, कृष्ण अष्टमी, चैतेदशैं, शिवरात्री र फगुवा आदि हिन्दू धर्मसँग सम्बन्धित छन्। यता विभिन्न धर्मका मानिसले मान्ने चाडपर्व अन्य धर्मका अनुयायीले पनि मान्ने गर्दछन्। चाडपर्व र मेला तथा जात्राहरू धार्मिक मात्र नभएर जातिय पनि हुने गर्दछन्। यसैगरी जनैपूर्णिमा तागाधारी ब्राह्मण/क्षेत्रीसँग, चण्डी पूर्णिमा तथा चण्डीनाच किरातहरूसँग तथा ग्रामथान पूजा र सिरूवा मेला तराईका आदिवासी जनजातिसँग सम्बन्धित छन्। यस्ता जात्रा, पर्व र उत्सवले विभिन्न जातजातिको चिनारी पनि गराउने गरेका छन्।

### १.१.४ आर्थिक अवस्थाको विश्लेषण

त्यसैगरी यस गाउँपालिकाको राष्ट्रिय जनगणना २०७८ अनुसार १० वर्ष र सोभन्दा माथिका व्यक्तिको आर्थिक क्रियाकलापमा संलग्नता अनुसारको जनसङ्ख्याको आधारमा आर्थिक रुपले सक्रिय जनसङ्ख्याको प्रतिशत ६९.६ रहेको छ। १० वर्ष र सोभन्दा माथिका व्यक्तिले गणनाको समयदेखि अघिको १२ महिनासम्म गरेको आर्थिक क्रियाकलापको पेशाअनुसारको जनसङ्ख्या प्रतिशतलाई तल प्रस्तुत गरिएको छ।

| क्षेत्र | कुल | पुरुष | महिला |
|---|---|---|---|
| सशस्त्र बल | ०.१ | ०.१ | ०.० |
| व्यवस्थापक | ३.९ | ४.२ | ३.६ |
| पेशाविद्हरू | २.३ | २.६ | २.० |
| प्राविधिक तथा सहायक पेशाविद्हरू | ०.७ | ०.८ | ०.५ |
| कार्यालय सहायकहरू | ०.८ | ०.८ | ०.७ |
| सेवा तथा वस्तु बिक्री गर्ने कामदारहरु | ४.० | ४.२ | ३.९ |
| कृषि वन र माछापालन कार्यमा दक्ष कामदारहरु | ५६.८ | ५३.२ | ६०.२ |
| शिल्पकला तथा कारिगरी र यस सम्बन्धी व्यापार गर्ने कामदारहरु | ३.९ | ६.६ | १.३ |
| कारखाना तथा यन्त्र प्रचालक र जडान गर्ने कामदारहरु | २.४ | ४.७ | ०.२ |
| सामान्य वा प्राथमिक पेशाका कामदारहरु | २५.२ | २२.७ | २७.६ |

### १.१.५ शैक्षिक अवस्थाको विश्लेषण


कानेपोखरी गाउँपालिकामा ३५ वटा बालविकास केन्द्र, १३ वटा आधारभूत तह (कक्षा १-८) , ८ वटा माध्यमिक तह गरी जम्मा २१ वटा सामुदायिक विद्यालयहरु रहेका छन्। २० वटा संस्थागत विद्यालय रहेका छन्। १ वटा क्याम्पस रहेको छ भने उक्त सामुदायिक विद्यालयमध्ये १ वटा नमुना विद्यालय रहेको छ जहाँ प्राविधिक धार (बालि विज्ञान र विज्ञान विषय) समेत सञ्चालन भइरहेको छ। १ वटा सिकाइ केन्द्र पनि रहेको छ।

शैक्षिक सत्र २०८१ अनुसार कानेपोखरी गाउँपालिकाको तहगत विद्यार्थी विवरण हेर्दा बालविकास केन्द्रमा कूल १७६९ जना रहेका छन्। त्यसैगरी आधारभूत तह (कक्षा १-८) मा कुल ६४८९ सामुदायिक विद्यालयमा अध्ययनरत रहेका छन्। माध्यमिक तह (कक्षा ९-१२) मा कुल २०६९ जना बालबालिकाहरु रहेका छन्। यसलाई तलको तालिकामा पनि प्रस्तुत गरिएको छ।

| तह | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|
| बालविकास केन्द्र | ६८४ | १०८५ | १७६९ |
| आधारभूत | २७४१ | ३७४८ | ६४८९ |
| माध्यमिक | १६७२ | ३९७ | २०६९ |
| **कुल जम्मा** | ५०९७ | ५२३० | १०३२७ |

कानेपोखरी गाउँपालिकाको शिक्षक अवस्था दृष्टिगत गर्दा बालविकासमा ३५ जना महिला बालविकास सहजकर्ताहरू रहेका छन् । आधारभूत तह (कक्षा १-५) मा स्थायी शिक्षकहरू १०० र राहत ११ समेत १११ जना रहेका छन् । आधारभूत तह (कक्षा ६-८) मा स्थायी शिक्षकहरू ३९, राहत ५ र शिक्षण सहयोग अनुदान २ समेत ४६ जना रहेका छन् । त्यसैगरी माध्यमिक तह (कक्षा ९-१०) मा स्थायी शिक्षकहरू २२, राहत १२ र शिक्षण अनुदान ९ समेत गरी ४३ जना मात्र रहेका छन् । कक्षा ११ र १२ मा मात्र ९ जना शिक्षकहरु रहेका छन् । दरबन्दी कम भएका विद्यालयहरुमा स्थानीय तहबाट नियुक्ति गरेका आधारभूत तहका ७ जना र माध्यमिक तह कक्षा ११ -१२ को लागि १ जना गरी ८ जना थप शिक्षकहरु व्यवस्था गरिएको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपलिकाको साक्षरताको अवस्था ७७.८ प्रतिशत रहेको छ । त्यसमा पुरुषको ८५.१ प्रतिशत रहेको छ, भने महिलाको प्रतिशत ७१.३ रहेको छ । १० जोड २ वा सोसरह वा उच्च तह उत्तीर्ण गरेकाको अध्ययनको क्षेत्रअनुसारको जनसङ्ख्याको अवस्था हेर्दा सबैभन्दा बढी अध्ययन शिक्षा संकाय पढ्ने रहेका छन् । यसको विस्तृत विवरण तलको ग्राफमा देखाइएको छ ।




त्यसैगरी कानेपोखरी गाउँपालिकाको भर्ना सम्बन्धि अवस्थालाई तलको तालिममा प्रस्तुत गरिएको छ ।

| | | |
|---|---|---|
| इसिडिको कुल भर्ना दर | छात्रा | ९३.४ |
| | छात्र | ९७.४ |
| | जम्मा | ९५.५ |
| इसिडिको खुद भर्ना दर | छात्रा | ६२.९ |
| | छात्र | ६६.४ |
| | जम्मा | ६४.७ |
| कुल प्रवेश दर कक्षा १ | छात्रा | १०२.३ |
| | छात्र | १०१.८ |

| | | |
|---|---|---|
| | जम्मा | १०२.० |
| खुद प्रवेश दर कक्षा १ | छात्रा | ९५.५ |
| | छात्र | ९६.६ |
| | जम्मा | ९६.१ |
| कुल भर्ना दर कक्षा १ बाट ५ | छात्रा | १००.२ |
| | छात्र | ९८.६ |
| | जम्मा | ९९.४ |
| खुद भर्ना दर कक्षा १ बाट ५ | छात्रा | ९५.७ |
| | छात्र | ९५.७ |
| | जम्मा | ९५.७ |
| कुल भर्ना दर कक्षा ६ बाट ८ | छात्रा | ११९.३ |
| | छात्र | १०९.७ |
| | जम्मा | ११४.१ |
| खुद भर्ना दर कक्षा ६ बाट ८ | छात्रा | ९४.६ |
| | छात्र | ९५.५ |
| | जम्मा | ९५.१ |
| कुल भर्ना दर कक्षा १ बाट ८ | छात्रा | १०६.४ |
| | छात्र | १०२.५ |
| | जम्मा | १०४.३ |
| खुद भर्ना दर कक्षा १ बाट ८ | छात्रा | ९५.४ |
| | छात्र | ९५.६ |
| | जम्मा | ९५.५ |
| कुल भर्ना दर कक्षा ९ बाट १० | छात्रा | ८८.० |
| | छात्र | ८९.२ |
| | जम्मा | ८८.६ |
| खुद भर्ना दर कक्षा ९ बाट १० | छात्रा | ७७.१ |
| | छात्र | ७३.३ |
| | जम्मा | ७५.३ |
| कुल भर्ना दर कक्षा ११ बाट १२ | छात्रा | ४२.२ |
| | छात्र | ५१.४ |

| | | |
|---|---|---|
| | जम्मा | ४६.२ |
| खुद भर्ना दर कक्षा ११ बाट १२ | छात्रा | २३.१ |
| | छात्र | २३.२ |
| | जम्मा | २३.१ |
| कुल भर्ना दर कक्षा ९ बाट १२ | छात्रा | ६५.३ |
| | छात्र | ७२.४ |
| | जम्मा | ६८.६ |
| खुद भर्ना दर कक्षा ९ बाट १२ | छात्रा | ५०.३ |
| | छात्र | ५१.१ |
| | जम्मा | ५०.७ |
| कक्षा ८ सम्मको टिकाउदर | छात्रा | ८९.३ |
| | छात्र | ८६.५ |
| | जम्मा | ८८.० |

स्रोत: Flash Report २०८१: www.cehrd.gov.np

माथिको तालिकाको विश्लेषण गर्दा आधारभूत तह (कक्षा १-८) को कुल भर्ना दर १०४ र कक्षा ९-१२ हेर्दा ६८ देखिन्छ। यसरी हेर्दा सही उमेरमा बालबालिकाहरु भर्ना नहुने देखिएको छ। समयमा नै विद्यालय भर्ना गराउनु पर्ने यस पालिकाको प्रमुख चुनौती देखिन्छ। त्यसैगरी आधारभूत तहमा खुद भर्ना दर ९५.५ र माध्यमिक तहमा खुद भर्ना दर ५०.७ रहेको छ। यसरी हेर्दा अझै पनि आधारभूत तहमा ४.५ र माध्यमिक तहमा ४९.३ प्रतिशत बालबालिकाहरु विद्यालय बाहिर रहेका छन्। त्यसमा पनि छात्राको पहुँच छात्रभन्दा कम रहेको छ।

यस कानेपोखरी गाउँपालिकाको कक्षा उत्तीर्ण दर सामान्य भए पनि कक्षा छोड्ने तथा दोहोर्याउने दर उच्च रहेको छ। त्यसमा पनि कक्षा १ बाट ५ सम्मको कक्षा छोड्ने दर उच्च रहेको छ। विद्यार्थीको कक्षाअनुसारको उमेर मिल्दो छैन। माथिल्लो उमेर समूहको विद्यार्थी तल्लो कक्षामा अध्ययन गरिरहेको अवस्थाका कारण सहजै देखिने भर्ना दर बढी छ। कक्षा छोड्ने दरमा छात्राभन्दा छात्रको दर उच्च रहेको छ। तर कक्षा दोहोर्याउने दरमा छात्राको भन्दा छात्रको उच्च रहेको छ। त्यसैले अबको योजनामा बालबालिकाहरुलाई कक्षा छोड्ने र दोहोर्याउने दरलाई पनि कम गर्नु पर्ने र प्रत्येक कक्षामा तोकिएको उमेरअनुसारको विद्यार्थी राख्ने क्रियाकलापहरुलाई प्राथमिकता दिनु पर्ने देखिन्छ। यस गाउँपालिकाको आन्तरिक सक्षमतालाई हेर्दा कक्षा ८ को टिकाउ दर ८८ र कक्षा १० को टिकाउ दर ५८.५ रहेको छ। यसरी हेर्दा बालबालिकाहरुको टिकाउ दर ज्यादै कमजोर रहेको छ। लैगिङ्ग रुपमा हेर्दा पनि छात्राको भन्दा छात्रको टिकाउ दर कम रहेको छ। शैक्षिक सत्र २०८१ को कक्षा ८ को सिकाइ उपलब्धिको समग्र ग्रेडको अवस्था २.७२ रहेको छ। त्यसमा पनि सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयको सिकाइ उपलब्धि उच्च रहेको छ। संस्थागत विद्यालयको ३.३९ रहेको छ।

साथै पालिकाले आ.व. २०८२।८३ मा देहायका नीतिलाई समेत जोड दिएको थियो।

१. शैक्षिक क्षेत्रको विस्तार कानेपोखरीबासीको अधिकार भन्ने नाराका साथ पालिकाको शिक्षा प्रणालीको सुधार गर्दै अब्बल व्यवस्थापकीय कौशलता, शिक्षक क्षमताको विकास, सामुदायिक एवं संस्थागत विद्यालयबीचको भिन्नताको न्यूनीकरण असल अभ्यासहरुको आदान प्रदान नमुना विद्यालय नीतिलाई निरन्तरता दिईने छ।

२. गाउँपालिका क्षेत्रभित्र सामुदायिक विद्यालयहरुमा आगामी शैक्षिक सत्रबाट अनिवार्य रुपमा अङ्ग्रेजी माध्यमबाट पठनपाठनको व्यवस्था मिलाईने छ। सोका लागि शिक्षक क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ।

३. गाउँपालिका क्षेत्रभित्रका सञ्चालित सामुदायिक विद्यालयहरुको कक्षा १ देखि कक्षा ९ सम्म पालिका स्तरीय परीक्षा सञ्चालन गरिने छ। सोका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ।

४. जनसेवा माध्यमिक विद्यालयमा यसै वर्षबाट +२ विज्ञान कक्षा सञ्चालन गर्ने, त्यसका लागि ल्याब सञ्चालन तथा जनशक्ति व्यवस्थापनमा आवश्यक रकम विनियोजन गरिने छ।

५. प्रधानाध्यापक पद र नेतृत्वको सशक्तीकरणमा जोड दिई सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई मासिक रु. १००० -/ प्र.अ. भत्ताको व्यवस्थालाई निरन्तरता दिई नेतृत्व विकासमा जोड दिइने छ।

६. गाउँपालिकाभित्र जीर्ण अवस्थामा रहेका विद्यालयको भवन निर्माण कार्य गरिने छ।

७. कानेपोखरीवासी जनताका छोराछोरीहरूले सामुदायिक तथा संस्थागत विद्यालयबाट SEE उत्तीर्ण गरी प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुलाई उच्च मनोबल अभिवृद्धि गर्न प्राविधिक विधामा रोजगारी, कानेपोखरीका छोराछोरी नामक कार्यक्रमलाई निरन्तरता दिईनेछ।

८. गाउँपालिका क्षेत्रभित्रको आधारभूत तथा माध्यमिक शिक्षालाई क्रमशः निःशुल्क गर्न निशुल्क शिक्षा पालिकाको ईच्छा नामक कार्यक्रमलाई थप व्यवस्थित गरी निरन्तरता दिईनेछ। कानेपोखरी गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा अध्ययन गर्ने सम्पूर्ण कानेपोखरी वासी विद्यार्थीहरुलाई निःशुल्क माध्यमिक तह अध्ययनको लागी निजहरु अध्ययन गर्ने विद्यालयलाई भर्ना शुल्क र मासिक शुल्क वापत अनुदान उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिईने छ।

९. आर्थिक तथा सामाजिक रुपले पछाडि परेका गाउँपालिका क्षेत्रभित्रका परिवारका बुहारीहरुलाई उच्च शिक्षामा पहुँच अभिवृद्धि गराउन सासुको ईच्छा, बुहारीलाई शिक्षा नामक कार्यक्रमलाई निरन्तरता दिँदै थप व्यवस्थित गरी रमाईलो क्याम्पसमा स्नातक पढ्ने बुहारीहरुको शुल्क गाउँपालिकाले व्यहोर्ने व्यवस्थालाई निरन्तरता दिईने छ।

१०. गाउँपालिकाका विद्यालयबीच Invest for Brain Program सञ्चालनमा ल्याई प्रतिभाको खोजी (Talent Hunt) कार्यक्रम लागू गरिने छ।

११. प्रत्येक महिना सामुदायिक विद्यालयका प्रधानाध्यापक बैठक पालिकामा बस्ने व्यवस्थालाई निरन्तरता दिईनेछ। आवश्यकताअनुसार वडामा पनि शैक्षिक सुधारका लागि बैठक बस्ने व्यवस्था मिलाईने छ।

१२. सरोकारवाला पक्षसँग निरन्तर अन्तर्क्रिया र छलफल गरी सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गर्न छात्रासँग अध्यक्ष कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिने छ।

१३. गाउँपालिका क्षेत्रभित्रका विपन्न, दलित, पिछडिएका जातजातिहरु बसोवास गर्दै आएका क्षेत्रहरुमा सामुदायिक बालविकास केन्द्रको सुदृढीकरण गर्ने कार्यलाई अगाडि बढाइनेछ, भने गाउँपालिका अन्तर्गतका बालविकास केन्द्रहरुको पूर्वाधार विकासका लागि आवश्यक निर्माण कार्य तथा सामग्री हस्तान्तरणको व्यवस्था गरिनेछ।

१४. विद्यार्थी सङ्ख्या तथा शिक्षक अनुपातका आधारमा विद्यालय तथा कक्षा समायोजन गर्ने नीतिलाई निरन्तरता दिईनेछ साथै आन्तरिक शिक्षक सरुवाको व्यवस्थालाई वस्तुनिष्ठ र वैज्ञानिक बनाई लागू गरिने छ।

१५. गाउँपालिका क्षेत्रभित्रका सामुदायिक र संस्थागत विद्यालयको कक्षा ८ र कक्षा ५ को पालिकास्तरीय परीक्षा सञ्चालन गरिनेछ र सो परिक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल एक एक जना छात्र र छात्रालाई नगद पुरस्कार गर्ने व्यवस्था मिलाइने छ।

१६. गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा बाल क्लब गठन गरी बालबालिकामा नेतृत्व विकासको क्षमता अभिवृद्धि गरिने छ।

१७. खेलकुद र अतिरिक्त क्रियाकलापलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि पालिका स्तरीय खेलकूद प्रशिक्षक तथा कला प्रशिक्षक नियुक्त गरी विभिन्न खेलकूद तथा संस्कृति झल्कने गीत, नाच, कला, रहनसहन आदिको बारेमा Sports and Cultural Transformation Program सञ्चालन गरिने छ।

१८. गाउँपालिका क्षेत्रभित्रका बालविकास केन्द्रमा कार्यरत बालविकास सहजकर्ता, विद्यालय सहायक कर्मचारीहरुले खाईपाई आएको मासिक सेवा सुविधालाई यथावत राखी निरन्तरता दिईने छ।

१९. गाउँपालिकाभित्रका स्वयम्सेवक शिक्षकहरुले खाईपाई आएको मासिक तलबमा मासिक रु. २,०००।- का दरले वृद्धि गरी मासिक रु. २२,०००।- कायम गरिएको छ तथा पोसाक भत्ता प्रति वर्ष रु. १०,०००।– दिईने छ।

२०. गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुमा CCTV camera र ई-हाजिरी जडान गरी सामुदायिक विद्यालयमा अनुगमन र निगरानीमा प्रविधिलाई जोडिने छ।

२१. स्थानीय अभिभावक, विद्यालय व्यवस्थापन समिति, विद्यार्थी, शिक्षक लगायत सरोकारवाला सबैको साथ, सहयोग, समन्वय र सहकार्यमा मात्र सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गर्न सकिन्छ भन्ने अवधारणालाई मध्यनजर गरी सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धिका लागि बालबालिकालाई सामुदायिक विद्यालयमा पठाऔं कार्यक्रम लागू गरी अभिभावक साक्षरता र सचेतना कार्यक्रमलाई निरन्तरता दिईने छ। यो अभियानको कार्यान्वयनका लागि विषयविज्ञ मार्फत् सरोकारवाला लक्षित सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२२. गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षकहरुमध्ये वर्षभरिमा शैक्षिक गुणस्तर अभिवृद्धिमा सबैभन्दा उत्कृष्ट विषयगत नतिजा हाँसिल गराउन सक्षम एक/एक जना शिक्षक (महिला र पुरुष) लाई नगद रकम र सम्मान पत्रले पुरस्कृत गर्ने व्यवस्थाको थालनी गरिने छ।

२३. महिला शिक्षिका सुत्केरी भई सुत्केरी विदामा बस्दा पठनपाठनमा हुने समस्यालाई न्यूनीकरण गर्नका लागि महिला शिक्षिका विदामा बसेको अवधिमा महिला सुत्केरी सट्टा शिक्षक नियुक्ती कार्यक्रमलाई निरन्तरता दिइने छ।

२४. रमाइलो बहुमुखी क्याम्पसमा अध्ययनरत स्नातक तहका विद्यार्थीको शिक्षण अनुभवको विकास गर्न तथा केही आर्थिक सहायता पुर्याउने उद्देश्यले त्यस्ता विद्यार्थीहरुलाई स्वयम्सेवक शिक्षकको रुपमा अवसर प्रदान गरी सामुदायिक विद्यालयमा परिचालन गरिने छ।

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

मुलत: शिक्षा क्षेत्रको अवस्थालाई नियाल्दा सकारात्मक पक्ष र नकारात्मक पक्ष वा सबल पक्ष र दुर्बल पक्ष रहेका छन्। यो त केवल एक सिक्काका दुई पाटा जस्तै हुन्। शिक्षा क्षेत्रमा भएको विविध सरल र सकारात्मक पक्षहरु हुदाँहुदै पनि यसका समस्याहरु पनि हुन्छन् र हामीले त्यस्ता समस्यहरु भोग्दै र अनुभव गर्दै आएका छौं।

विद्यालय शिक्षामा सबै बालबालिकाहरूलाई पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु, पाठ्यक्रमले तोकेबमोजिमका सिकाइ उपलब्धिहरू हासिल गर्न नसक्नु, बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरणमा सुधार हुन नसक्नु, स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, विषयगत रूपमा र कक्षागत रूपमा शिक्षकहरूको दरबन्दी नहुनु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच नहुनु र भएकामा पनि प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, साक्षरता शिक्षा, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरू उपलब्ध गराउन नसक्नु, महामारी तथा विपदको अवस्थामा वैकल्पिक सिकाइको प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, उपयुक्त बालमैत्री तथा अपाङ्गतामैत्री भौतिक पूर्वाधारको विकास गर्न नसक्नु आदि शिक्षा क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन्। साथै योजना लेखन् पूर्व गरिएको कार्यशाला तथा सुझाबको आधारमा भन्ने हो भने यस क्षेत्रको प्रमुख समस्या भनेको विद्यार्थीको नियमितता, टिकाउ, न्यून सिकाइ उपलब्धि स्तर तथा न्युनतम सिकाइ वातावरण नहुनु, कक्षाकोठामा पर्याप्त मात्रामा शिक्षण

सिकाइ सामग्रीको व्यवस्थापन, पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकासहितको कक्षा शिक्षण, अभिभावकको सक्रियता लगायतका समस्याहरु रहेका छन् ।

विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पूर्वाधारको विकास, गुणस्तरको सुनिश्चिततासहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिवृद्धि गर्नु, विद्यार्थी अनुपातमा शिक्षक दरबन्दीको व्यवस्थापन, मिलान तथा पुनर्वितरण गर्नु, शैक्षिक सुशासन, उत्तरदायित्व अभिवृद्धि गर्नु, गाउँपालिकाभित्र रहेका सम्पूर्ण विद्यालयमा भौतिक पूर्वाधारसहितको आकर्षक वातावरण विकास गर्नु, शिक्षणलाई बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु, विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गराउनु, कक्षा छाड्ने दर शून्यमा झारी पाठ्यक्रमले राखेअनुसार अपेक्षित सिकाइ सक्षमतासहितको उपलब्धि हासिल गर्नु, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि  गर्दै शिक्षकको पेशागत क्षमता अभिवृद्धिका लागि तालिम गोष्ठीको व्यवस्था गर्नु, सम्पूर्ण सामुदायिक विद्यालयहरुमा नियमित अनुगमन तथा पृष्ठपोषण प्रदान गर्नु, स्थानीय पाठ्यक्रम अध्यावधिक गर्नु, स्थानीय विषयका पाठ्यपुस्तकको निर्माण तथा वितरण, सूचना सञ्चार प्रविधिले ल्याएका विविध अवसरको सदुपयोग गर्नु यस क्षेत्रका प्रमुख चुनौतिहरु हुन् ।

मुख्य समस्याहरुलाई बुँदागत रुपमा निम्नअनुसार प्रस्तुत गरिन्छः

- अभिभावक शिक्षाको कमी, विद्यालयहरूमा अभिभावकको चासो कम हुनु अर्थात विद्यालयहरू सरकारी हुन् सबै सरकारले गर्छ भन्ने भावना झन झन बढ्दै जानु
- तहगत, कक्षागत तथा विषयगतरुपमा सम्पूर्ण विद्यालयहरूमा शिक्षक व्यवस्थापन गर्न नसक्नु, विद्यालयहरूमा भौतिक व्यवस्थापनमा कमी हुनु
- विज्ञान प्रयोगशाला, ICT ल्याब, पुस्तकालय तथा खेल मैदान नहुनु
- विषयगत तथा नवीनतम शैक्षिक प्रविधि सम्बन्धी शिक्षक तालिमको कमी हुनु
- आधुनिक प्रविधियुक्त शैक्षिक सामग्रीका साथै अन्य आवश्यक शैक्षिक सामग्रीको कमी हुनु
- मोबाइल लगायत आधुनिक प्रविधिलाई विद्यार्थीको पठन पाठनसँग जोड्न नसक्नु
- अनौपचारिक तथा निरन्तर सिकाइलाई प्रभावकारी बनाउन सामुदायिक सिकाइ केन्द्र, सार्वजनिक पुस्तकालय तथा वाचनालयको स्थापना तथा सञ्चालनमा कमी हुनु
- शिक्षा क्षेत्रमा पर्याप्त बजेटको कमी हुनु विद्यालय शिक्षाको सर्वसुलभता उपयुक्त पूर्वाधारको विकास गुणस्तरको सुनिश्चिततासहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिवृद्धि गर्न नसक्नु
- शिक्षण सिकाइ पद्धतिलाई व्यवहारिक बालमैत्री एवं प्रविधिमा आधारित बनाउन नसकिनु
- अनिवार्य तथा निःशुल्क र गुणस्तरीय सिकाइको सुनिश्चित नहुनु
- माध्यमिक तहको शिक्षामा बालबालिकाको पहुँच कमजोर हुनु
- आर्थिक रुपले विपन्न तथा पिछडिएका वर्गका बालबालिकाहरूको शिक्षामा पहुँच कम हुनु, विद्यालयमा भर्ना भएका बालबालिकालाई टिकाई राख्न नसक्नु
- सिकाइ उपलब्धिको स्तरमा अपेक्षित सुधार नहुनु

- प्राविधिक शिक्षामा विद्यार्थीको पहुँच कम हुनु तथा प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि उपयुक्त संरचना र कार्यक्रम विकास तथा विस्तार हुन नसक्नु
- पठन संस्कृति तथा जीवनपर्यन्त शिक्षाका लागि सार्वजनिक पुस्तकालय, सार्वजनिक वाचनालयको विस्तार गर्न नसक्नु
- सुशासन, जिम्मेवारी तथा जवाफदेहिताको आशातीत प्रत्याभूति दिन नसक्नु
- शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रियामा अपेक्षित परिवर्तन ल्याउन नसक्नु
- विद्यालय शिक्षामा सबैको पहुँच, समता, गुणस्तर, सुशासन, व्यवस्थापन तथा सिकाइका लागि न्यूनतम आवश्यक वातावरण सुनिश्चित गर्न नसक्नु
- निरन्तर सिकाइका लागि सामुदायिक सिकाइ केन्द्रको परिचालन ,अनुगमन तथा व्यवस्थापन गर्न नसक्नु
- शिक्षकलाई पेशागत सहयोग गर्ने प्रणालीको विकास गर्न नसक्नु
- सामुदायिक विद्यालयहरूमा नियमित अनुगमन तथा पृष्ठपोषण प्रदान गर्न नसकिएको अर्थात अनुगमन तथा निरीक्षण प्रणाली कमजोर हुनु

## १.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

यस गाउँपालिकाको शिक्षाको मुख्य चुनौतीहरुलाई को SWOT विश्लेषणलाई तल प्रस्तुत गरिन्छ।

| सवल पक्ष | अवसर |
|---|---|
| -बालबालिकाहरुको शिक्षामा पहुँचमा सुधार हुँदै जानु।<br>-विद्यालयको भौतिक सुविधा विस्तारको उपयुक्त व्यवस्था हुँदै जानु।<br>-विद्यालय शिक्षाप्रति अभिभावकहरुको चासो बढ्दै जानु।<br>-बालबालिकाहरुको सिकाइ उपलब्धीमा वृद्धि हुँदै जानु।<br>-सामुदायिक विद्यालयप्रति चासो र जनअपेक्षा बढ्दै जानु।<br>-केन्द्र प्रदेश र  स्थानीय तहबाट समेत क्षमता विकासका विभिन्न कार्यक्रमहरु  संचालन रहनु।<br>-शिक्षा क्षेत्रको सुधारको लागि सरोकारवालाहरुको साझा प्रतिवद्धता हुनु।<br>-ECED  मा ७० प्रतिशत बालबालिकाहरु तोकिएको उमेर समुहका रहनु। | -  स्थानीय तहले विद्यालय शिक्षा सुधारको लागि प्राथमिकता दिनु र लगानी बढाउनु।<br>- स्थानीय तहबाट विद्यालयको अनुगमन निरीक्षण लगायत विद्यालय सुशासनको क्षेत्रमा विभिन्न कार्यहरु गर्नु।<br>-विद्यालय शिक्षाको क्षेत्रमा काम गर्ने स्थानीय सङ्घ संस्थाहरु आकर्षित हुनु।<br>-विद्यालयहरुले नजिकको सरकारबाट सेवा सुविधा लिन सक्नु ।<br>-विद्यालयको समस्या पहिचान गरेर समाधान गर्न जनप्रतिनिधिको सक्रियता बढ्नु।<br>-ECED कार्यक्रममा तीनै तहका सरकारको आर्थिक र प्राविधिक सहयोग उपलब्ध हुनु। |
| **कमजोर पक्ष** | **चुनौती** |
| -शिक्षक विद्यार्थीको नियमितता सुनिश्चत गर्न नसक्नु।<br>-विद्यालय व्यवस्थापन तथा सुशासन कायम गर्न नसक्नु।<br>-विद्यार्थीको सिकाइ उपलब्धिमा उल्लेखनीय सुधार ल्याउन नसक्नु।<br>-सबै विद्यालयको सुधार योजना (SIP ) अध्यावधिक नहुनु । | -अनिवार्य तथा निशुल्क शिक्षा नीति कार्यन्वयन गर्नु।<br>-सबै बालबलिकाहरुलाई शिक्षाको अवसर प्रदान गर्नु।<br>-सबै बालबालिकालाई गुणस्तरीय शिक्षाको सुनिश्चितता  गर्नु ।<br>-विषयगत र कक्षागत शिक्षक दरबन्दी उपलब्ध गराउनु।<br>-विद्यालयमा सिकाई वातावरण सुनिश्चितता गर्नु। |

| | |
|---|---|
| -विद्यालयको सेवा क्षेत्र र विद्यालय बाहिर रहेको सङ्ख्या यकिन हुन नसक्नु ।<br>-ECED को व्यवस्थापन, अनुगमन, सिकाइ समग्री, खाजा व्यवस्थापनमा SMC सहभागिता नहुनु ।<br>-बढी उमेर समुहको बालबालिका ECED कक्षामा रहनु | - विद्यालय बाहिरको उमेर समूहलाई अनौपचारिक शिक्षा पद्धतिमा ल्याउनु ।<br>-सबै ECED लाई बालमैत्री बनाउन शौचालय, सुरक्षित खानेपानी, सिकाइ  सामग्री र खेल एवं आराम कक्षको राम्रो प्रबन्ध हुन नसक्नु ।<br>-Over aged बालबालिकाको भर्ना प्रवृत्तिलाई कम गर्न नसक्नु । |

## १.४ अवसरहरु

संविधानमै शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्दै आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिने व्यवस्थाले शिक्षामा सहभागिता र पहुँचमा वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना हुनु, साक्षरता दरमा भएको वृद्धि, विद्यालय तहको खुद भर्ना दर र लैङ्गिक समता सूचकाङ्कमा प्रगति देखिनु, समावेशी सहभागिता बढ्दै जानु, सामुदायिक विद्यालयप्रतिको चासो र जनअपेक्षा बढ्दै जानु, प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रारम्भ हुनु जस्ता विषयहरू शिक्षा क्षेत्रका अवसरहरू हुन् । यसका साथै अन्य थप अवसरहरुलाई निम्नानुसार बुँदागत गर्न सकिन्छ ।

- आधारभूत तहमा अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहमा निःशुल्क शिक्षाको लागि संवैधानिक, कानुनी र नीतिगत प्रबन्ध भएको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विद्यालय शिक्षा सम्बन्धी २३ वटा अधिकार प्रदान गरेको,
- सङ्घ र प्रदेशका शिक्षा नीति कार्यक्रमहरुसँग तालमेल हुने गरी कानेपोखरी गाउँपालिकाको शिक्षा ऐन २०८०, शिक्षक दरबन्दी मिलान कार्यविधि, बालविकास सहजकर्ता मिलान कार्यविधि  लगायत विभिन्न कानुनी र नीतिगत प्रबन्ध तयार भएको,
- विभिन्न गैर सरकारी सङ्घ संस्थाहरूको क्रियाशीलता रहेको तथा स्थानीय शिक्षा क्षेत्रमा लगानी अभिवृद्धि गर्न तथा कार्य साझेदारी गर्ने वातावरण तयार भएको,
- गुणस्तरीय शिक्षाप्रति आम अभिभावक एवम् सरोकारवालाहरूको चासो चिन्ता एवम् मोहमा बढोत्तरी भएको,
- स्थानीय तहबाट विद्यालय शिक्षा सुधार कार्यक्रमलाई प्राथमिकता दिने कार्य  भएको ।
- विद्यालय तहमा खुद भर्ना दरमा सुधार भएको, विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकालाई अनिवार्य विद्यालयमा भित्र्याउने कार्य भइरहेको,
- लैङ्गिक समता सूचकाङ्क सकरात्मक रहेको,
- शिक्षाको विकासमा विभिन्न साझेदार संस्थाको लगानी र सहभागिता बृद्धि भइ रहेको,
- शिक्षामा लगानीको लागि स्थानीय तहको प्रतिबद्धता एवम् तीनै तहको सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य भएको ।

पुनरावलोकन प्रति २०८३

### १.४.१ योजना निर्माण प्रक्रिया

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तहसम्म पुर्याउन  गरिने कार्यहरुको समिश्रण नै योजना हो । योजना आफैमा निर्मित हुने होइन र  यो एउटा जटिल र चुनौतिपूर्ण कार्य पनि हो । यस कार्यलाई व्यवस्थित रुपमा अगाडि बढाउनको लागि तपसिलका चरण र प्रकृयाहरूलाई  अनुसरण गरिएको छ ।

- गाउँ शिक्षा समितिको मिति २०८१। ०८।०५ गतेको बैठकले गाउँ शिक्षा योजना निर्माण गर्ने निर्णय भएको र उक्त बैठकले ९ सदस्य शिक्षा योजना निर्माण समिति गठन गरेको थियो ।
- योजनाको  मस्यौदा लेखन कार्यका लागि ८ सदस्य प्राविधिक उपसमिति मिति २०८१।०९।२९ गते गठन गरिएको थियो । उक्त  समितिले लेखन कार्यलाई आगाडि बढाएको थियो ।
- प्राविधिक उपसमितिले आवश्यक दस्तावेज तथा तथ्याङ्कहरुको सङ्कलन तथा विश्लेषण गर्ने काम गरेको थियो ।
- मिति २०८२।०१।२४ गते लेखनपूर्व सरोकारवालाहरुसँगको छलफल तथा मुख्य समस्या तथा चुनौतीहरुका बारेमा कार्यशाला सम्मपन्न भएको ।
- लेखनदलले शिक्षा योजनाको प्रारम्भिक मस्यौदा तयार गरेको र प्राविधिक विज्ञ समूहले लेखनदललाई प्राविधिक सहयोग गरेको थियो ।
- तयार भएको मस्यौदालाई कार्यदलले अन्तिम रुप दिई कार्यपालिकामा पेश गरेको ।

पृष्ठपोषण प्रति २०८३

# परिच्छेद २: दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

राज्यको बदलिँदो शासकीय स्वरूपसँगै स्थानीय, राष्ट्रिय र विश्वव्यापी परिवेश, सामाजिक माग, आवश्यकता तथा सन्दर्भलाई सम्बोधन गर्न राष्ट्रले तय गरेका नीतिगत उद्देश्य, आधार, मापदण्ड र स्तर निर्धारणले योजना निर्माणमा मार्गदर्शन प्रदान गर्दछ । यस्तै, प्रदेशस्तरमा परिभाषित क्षेत्रगत उद्देश्य, रणनीति र मापदण्डहरूभित्र रही स्थानीय स्तरमा तयार पारिने योजनाले आफ्नो विशेषता प्रस्तुत गर्दछ । तीनै तहका योजनाहरूबीचको अन्तरसम्बन्धले योजना अपेक्षित उपलब्धिमूलक, व्यवहारिक तथा कार्यान्वयन योग्य बन्ने सुनिश्चितता प्रदान गर्दछ । संविधानमा व्यवस्था गरिएका समन्वय, सहअस्तित्व, सहकार्य र सामञ्जस्यताका सिद्धान्तहरूले योजना निर्माण र कार्यान्वयन प्रक्रियामा मार्गदर्शन गर्ने गर्दछन् । यस्ता समन्वयात्मक प्रयासले स्रोत साधनको उपलब्धता तथा प्रभावकारी प्रयोगलाई सम्भव बनाउँछन् । नेपालको संविधानद्वारा प्रत्याभूत शिक्षा प्राप्त गर्ने मौलिक हकलाई व्यवहारमा उतार्न, सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गर्न समयानुकूल स्थानीय शिक्षा योजना निर्माण गर्नु अपरिहार्य बनेको छ । यस योजनाको आधार नेपाल सरकारको सोह्रौं योजना, अन्तर्राष्ट्रिय प्रतिबद्धता, प्रचलित शिक्षा नीति तथा ऐनहरू र स्थानीय सरकार सञ्चालन ऐन हुन् ।

## २.२ दूरदृष्टि

कानेपोखरी गाउँपालिकाको समृद्धिको इच्छा, सबैलाई प्रविधिमैत्री, समावेशी तथा गुणस्तरीय शिक्षा ।

## २.३ लक्ष्यः

विद्यालय जाने उमेर समूहका सबै बालबालिकाहरुको शिक्षाको पहुँचमा बुद्धि  गर्दै गुणस्तरीय सिकाइमा सुधार ल्याउने ।

## २.४ उद्देश्य

- प्रारम्भिक बालविकासदेखि माध्यमिक शिक्षाको पहुँचमा वृद्धि गर्नु ।
- विद्यालय शिक्षाको  सबै कक्षाको सिकाइ उपलब्धिमा वृद्धि गर्नु ।
- विद्यालयलाई आवश्यक पर्ने न्यूनतम भौतिक पूर्वाधारको सुधार गरी सिकाइ वातावरणमा सुधार ल्याउनु ।
- स्थानीय पाठ्यक्रमको कार्यान्वयन गर्नु ।
- विद्यालय व्यवस्थापनमा सुशासन कायम गर्न नेतृत्व व्यवस्थापन, जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु ।
- अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरूलाई विस्तार गर्नु ।
- विद्यालय शिक्षा र शिक्षणमा प्रविधिको प्रयोगमा विस्तार गर्नु ।
- विद्यालयहरूलाई वातावरणमैत्री, सुरक्षित तथा दिगो अभ्यास अपनाउने हरित विद्यालयका रूपमा विकास गर्नु ।

## २.५ रणनीतिहरु

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| प्रारम्भिक बालविकासदेखि माध्यमिक शिक्षाको पहुँचमा वृद्धि गर्नु । | • विद्यालय तहको भर्ना अभियानलाई थप प्रभावकारी बनाइ पुहँचमा सुधार गर्ने ।<br>• बालबालिकाहरुको शिक्षाको पुहँचमा सुधार ल्याउन अभिभावक शिक्षा र बालबालिका सहयोग कार्यक्रम लागु गर्ने । | • समुदायको आवश्यकताको आधारमा प्रारम्भिक बालविकास केन्द्र तथा विद्यालयहरूको नक्साङ्कन, समायोजन र पुनर्वितरण गरिने छ ।<br>• प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर मात्र कक्षा एकमा भर्ना हुने व्यवस्था मिलाइने छ ।<br>• आवश्यक सुविधा सामग्रीसहितको न्यूनतम सिकाइ वातावरण सुनिश्चित गरी वडा तथा टोलहरुमा नमूना बालविकास केन्द्र स्थापना तथा सञ्चालनको लागि विभिन्न सङ्घ संस्था तथा दाताहरुसँग सहजीकरण र सहकार्य गरिने छ ।<br>• बालविकास शिक्षकमा कक्षा १२ उत्तीर्ण र तालिम प्राप्त व्यक्तिले मात्र नियुक्ती हुने नीति कार्यान्वयनमा ल्याइने छ ।<br>• बालविकास शिक्षकलाई तोकिएको पाठ्यक्रमअनुसारको खेल्दै सिक्दै तथा प्रविधिमा आधारित सिकाइ सहजिकरण सम्बन्धी तालिमको व्यवस्था गरिने छ ।<br>• यथोचित पहिचानको आधारमा "बालबालिका शैक्षिक सहयोग कार्यक्रम" लागू गरिनेछ, जसले सिमान्तकृत तथा पछाडि परेका वर्गका बालबालिकाको शिक्षामा समावेशी सहभागिता सुनिश्चित गर्ने छ ।<br>• बार्षिक रुपमा विद्यार्थी सङ्ख्याको आधारमा विद्यालय समायोजन कक्षा कटौती गर्न प्रबन्ध गरिने छ ।<br>• हरेक शैक्षिक सत्रको पहिलो महिनाभित्र विद्यालय व्यवस्थापन समिति (वि.व्य.स.) र शिक्षक अभिभावक सङ्घ (शि.अ.स.) को नेतृत्वमा कार्यदल गठन गरी भर्ना अभियानलाई प्रभावकारी बनाइने छ ।<br>• विद्यालय जान नसक्ने वा भर्ना हुन नसकेका बालबालिकाको तथ्याङ्कको आधारमा पालिकास्तरमा सघन भर्ना सहयोग कार्यक्रम सञ्चालन गरिने छ ।<br>• अनिवार्य आधाभूत शिक्षा कार्यक्रम कार्यान्वयन गर्न सकारात्मक विभेदको नीति लागु गरिनेछ ।<br>• बालबालिका विद्यालयमा भर्ना नगराउने, नियमित विद्यालय नपठाउने अभिभावकहरुको पहिचान गरी वडा तथा पालिका स्तरबाट प्रवाह हुने सेवा सुविधाबाट बञ्चित गर्ने गरी नीति क्रमशः लागु गरिने छ ।<br>• वडा तथा पालिका तहमा शतप्रतिशत विद्यालय पहुँच सुनिश्चित गर्न |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | | लक्षित घोषणा कार्यक्रम सञ्चालन गरिने छ।<br>● शैक्षिक सत्रको प्रारम्भमै भर्ना अभियानसँगै विद्यालय वा समुदायमा निश्चित तालिम प्याकेजअनुसार अभिभावक शिक्षाका कार्यक्रमहरू सञ्चालन गरिने छ। |
| विद्यालयलाई आवश्यक पर्ने न्यूनतम भौतिक पूर्वाधारको विकास र सिकाइ वातावरणमा सुधार ल्याउनु। | ● सिकाइ वातावरण सुनिश्चित गरी विद्यालय सुधार योजना कार्यान्वयन गर्ने।<br>● न्यूनतम सिकाइ मापदण्डलाई चरणबद्ध कार्यान्वयन गर्ने।<br>● सिकाइ वातावरण सुधारको लागि बहुपक्षीय साझेदारीमा आधारित शैक्षिक सुधार कार्यक्रम लागु गर्ने। | ● आवश्यकताको मूल्याङ्कन तथा विद्यालय सुधार योजनाको प्रस्तावनामा आधारित "गाउँपालिका शैक्षिक गुणस्तर सुधार कार्यक्रम" सञ्चालन गरिने छ।<br>● विद्यालय शिक्षण सिकाइ क्रियाकलापलाई सशक्त बनाउनका लागि बालमैत्री, सुरक्षित, समावेशी र सृजनात्मक सिकाइका लागि उपयुक्त कक्षा कोठा निर्माणमा सरकारी एवं अन्य निकायको सहयोग नीति लिइने छ।<br>● हरेक विद्यालयले वर्षको सुरुमा आफ्नो भौतिक, शैक्षिक, व्यवस्थापन पक्षको आन्तरिक मूल्याङ्कन गरी सुधारका प्राथमिकता तय गरी विद्यालय शिक्षा क्षेत्र योजना (SESP) ले तोकेका न्यूनतम मापदण्डहरू क्रमशः ५ वर्षभित्र पुरा गर्ने लक्ष्यसहित विद्यालय सुधार योजना तयार गरिने छ।<br>● कक्षा १-३ का बालबालिकाहरुको लागि भाषा र गणित सिकाइ सिपको दक्षता प्राप्तिको सुनिश्चितताका लागि मापदण्ड निर्माण गरी लागु गरिने छ।<br>● हरेक शैक्षिक वर्षको प्रारम्भमा विद्यालयहरूको न्युनतम मापदण्ड (शिक्षक सङ्ख्या, कक्षा कोठा, पिउने पानी, शौचालय, शैक्षिक सामग्री आदि) को अवस्थाको पहिचान गरी विद्यालयको अवस्थाअनुसार प्राथमिकतामा आधारित वार्षिक सुधार कार्यक्रम सञ्चालन गरिने छ।<br>● सिकाइ वातावरणको गुणस्तर सुधारका लागि अभिभावक, समुदाय, स्थानीय सरकार, NGO/INGO लगायत सरोकारवालासँग समन्वय एवं साझेदारी गरिने छ।<br>● विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र समुदायबीचको सहकार्यमा स्थानीय स्रोतको परिचालन गरी सिकाइ सुधार कार्यक्रम सञ्चालन गरिने छ।<br>● सामुदायिक विद्यालय सुधारमा निजी क्षेत्रको सहभागिता अभिवृद्धि गर्ने उद्देश्यले साझेदारीका मोडेलहरू तयार गरिने छ। |
| विद्यालय शिक्षाको सबै कक्षाको सिकाइ | ● शिक्षकको पेशागत | ● प्रारम्भिक बालविकास केन्द्रमा पाठ्यक्रम २०७७ को पूर्ण कार्यान्वयन |

पृष्ठपोषण प्रति २०८२

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| उपलब्धिमा वृद्धि गर्नु । | विकासमार्फत विद्यार्थीको सिकाइमा उत्तरदायी सिकाइ सहजीकरणमा सुधार ल्याउने । | गरिने छ ।<br>• कक्षा १-३ मा "पढ्नको लागि सिक्नेअवधारणामा आधारित क्रमिक ” सिकाइ सहजीकरण रणनीतिलागु गरिने छ ।<br>• क्रियाकलापमा आधारित सिकाइ (ABL) र प्रविधिमैत्री शिक्षण विधिहरूलाई क्रमशः समावेश गरिने छ ।<br>• शिक्षण सुधार योजना (TIP) पूर्ण कार्यान्वयनमा ल्याइने छ ।<br>• Low cost–no cost शिक्षण सामग्रीको प्रयोग गरी प्रविधिमैत्री शिक्षणलाई अनिवार्य गरिने छ ।<br>• प्रत्येक शिक्षकले आफ्ना विषयका पाठ्यपुस्तक, पाठ्यक्रम र निर्देशिका प्रयोग गरेर नवीनतम विधि र प्रविधिमा आधारित शिक्षण गर्ने व्यवस्था गरिने छ ।<br>• विद्यार्थीको सिकाइ उपलब्धि सुधारको लागि अनिवार्य रुपमा विद्यालयले विद्यालयमा शिक्षण नभएको समयमा विद्यालयमा वा समुदाय स्तरमा नै मूख्य विषयहरुको वा सुधारको क्षेत्रहरुका आधारमा उपचारात्मक वा सुधारात्मक कक्षा सञ्चालन गरिनेछ । उक्त कार्यको लागि सम्बन्धित विद्यालयमा विद्यार्थीका अभिभावकहरु तथा पालिकाबाट आर्थिक स्रोत ब्यवस्थापन हुने व्यवस्था मिलाइने छ ।<br>• पालिकाले हरेक वर्ष शिक्षकलाई पाठ्यक्रमअनुसार छोटो तालिम उपलब्ध गराइनेछ । तालिम प्राप्त शिक्षकले विद्यालयमा पुनः तालिम (cascade training) दिने व्यवस्था अनिवार्य गरिने छ ।<br>• महिनामा कम्तिमा एक दिन विद्यालयमा नै शिक्षकको आवश्यकतामा आधारित क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ ।<br>• विद्यालय सुपरीवेक्षण तथा शिक्षक पेशागत सहायताको लागि विषयगत समिति तथा शिक्षक सहयोगको लागि विज्ञ सेवा परिचालन गरिने छ ।<br>• कक्षा १–३ मा थिमगत मूल्याङ्कन र कक्षा ४–१२ मा पाठ्यक्रमले तोकेअनुसारको परियोजना तथा प्रयोगात्मक मूल्याङ्कनलाई पूर्ण रुपमा लागू गरिने छ ।<br>• कक्षा ८ को पालिका स्तरीय परीक्षा थप व्यवस्थित गरिने छ ।<br>• विद्यालय र पालिका स्तरमा सिकाइ उपलब्धि विश्लेषण र वार्षिक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छ ।<br>• आफूले पठनपाठन गरेको विषयको सिकाइ उपलब्धिको जिम्मेवारी सम्बन्धित शिक्षकलाई बनाइने छ । विद्यार्थीले प्राप्त सिकाइ |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | | उपलब्धिको आधारमा शिक्षकलाई प्रोत्साहन, पुरस्कार र अन्य वृत्ति विकासको अवसर उपलब्ध गराइने छ ।<br>● हरेक शुक्रबार बुक फ्री दिवस वा परियोजना/प्रयोगात्मक कार्य गरिने छ ।<br>● विद्यालय स्तरमा कक्षागत तथा चौमासिक अभिभावक अन्तरक्रिया गरिने छ ।<br>● महिनाको अन्तिम शुक्रबार सिकाइ केन्द्रित शिक्षक/स्टाफ बैठक सञ्चालन गरिने छ ।<br>● हरेक दुई महिनामा क्लस्टर स्तरीय घुम्ती शिक्षक बैठक आयोजना गरिने छ ।<br>● शिक्षक तथा विद्यार्थीका लागि शैक्षिक भ्रमण कार्यक्रम सञ्चालन गरिने छ । |
| स्थानीय पाठ्यक्रमको कार्यान्वयन गर्नु । | ● स्थानीय पाठ्यक्रमको आवश्यक परिमार्जन तथा विकास गरी पूर्ण रुपमा कार्यान्वयन गर्ने । | ● स्थानीय आवश्यकता, विषयवस्तु, भाषा, सीप र संस्कृति समेटिने गरी स्थानीय पाठ्यक्रमलाई आवश्यक परिमार्जन गरिने छ ।<br>● विकास गरिएको पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक वा सहायक शिक्षण सामग्री उत्पादन गरिने छ ।<br>● शिक्षकहरूलाई स्थानीय पाठ्यक्रम कार्यान्वयन सम्बन्धी विशेष तालिम प्रदान गरिने छ ।<br>● विद्यालय तहमा पाठ योजनाको विकास, कक्षा सञ्चालन र समुचित अभिलेख राख्ने कार्य प्रणाली अपनाइने छ ।<br>● स्थानीय पाठ्यक्रम लागू गरिएका कक्षाहरूको सुपरीवेक्षण र सहजीकरण पालिका शिक्षा शाखाको समन्वयमा गरिने छ ।<br>● हरेक शैक्षिक वर्षको अन्त्यमा स्थानीय पाठ्यक्रमको कार्यान्वयनको प्रभाव मूल्याङ्कन गरिने छ ।<br>● प्राप्त नतिजा र सुझावका आधारमा पाठ्यक्रममा आवश्यक परिमार्जन/सुधार गरिने छ । |
| विद्यालय व्यवस्थापनमा सुशासन कायम गर्न नेतृत्व व्यवस्थापन, जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु । | ● विद्यालय व्यवस्थापन समिति  नेतृत्व संरचनाको संस्थागत सुधार गर्ने ।<br>● विद्यालयहरूको अनुगमन, मूल्याङ्कन र जवाफदेहिता प्रणाली सुदृढ पार्ने । | ● वि.व्य.स. गठन प्रक्रिया सुधार गर्न गाउँपालिकाको शिक्षा ऐन २०८० संशोधन गरिनेछ र विद्यालय सुधारप्रति जवाफदेही बनाइने छ ।<br>● ऐन बनाई सामुदायिक विद्यालयमा पालिका स्तरमा प्र.अ. को खुला प्रतिस्पर्धाबाट नियुक्ति प्रणाली कार्यान्वयन गरिने छ ।<br>● प्र.अ. नियुक्तिसँगै ५ वर्षे कार्यसम्पादन मूल्याङ्कन र करार सम्झौता व्यवस्था गरिने छ । |

पृष्ठपोषण प्रति २०८३

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | • विद्यालय नेतृत्व र शिक्षक क्षमताको विकास गर्ने ।<br>• स्रोत व्यवस्थापन र प्रोत्साहन प्रणाली सुधार गर्ने । | • हरेक शैक्षिक वर्ष प्रारम्भमा प्र.अ.सँग कार्यसम्पादन करार गरिनेछ र मूल्याङ्कनको आधारमा प्रोत्साहन भत्ता दिइने छ ।<br>• वडास्तरीय अनुगमन समितिले विद्यालयको बजेट, कार्यान्वयन र प्रगति स्थलगत रूपमा मूल्याङ्कन गरिने छ ।<br>• विद्यालयले कार्यसम्पादन मूल्याङ्कन, सामाजिक परीक्षण, लेखा परीक्षण समयमै पूर्णरूपमा कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ र यी मूल्याङ्कनहरूलाई विद्यालयमा जाने निकासासँग जोडिने गरी कार्यान्वयन गरिने छ ।<br>• तथ्याङ्क समयमा अद्यावधिक नगर्ने र अभिलेख नराख्ने विद्यालयहरुलाई विद्यालयमा जाने निकासा वा प्रोत्साहनका कार्यमा कटौती गरिने छ ।<br>• विद्यालयको नेतृत्व क्षमताको अभिवृद्धि गर्न विशेष प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• विद्यालयमा आचारसंहिता निर्माण र कार्यान्वयन अनिवार्य गरिने छ ।<br>• वार्षिक रूपमा प्रअसँग, शिक्षकसँग कार्यसम्पादन मूल्याङ्कन गरिनेछ र सुधारका योजना बनाइने छ ।<br>• विद्यालयले “एक विद्यालय एक अक्षयकोष” नीतिअनुसार कोष स्थापना गरिने छ ।<br>• पूर्व विद्यार्थी सञ्जाल निर्माण गरी शैक्षिक सुधारका लागि स्रोत परिचालन गरिने छ ।<br>• गाउँ शिक्षा समितिले मापदण्डअनुसार उत्कृष्ट विद्यालय, शिक्षक, प्र.अ., वि.व्य.स, शि.अ.सं. तथा विद्यार्थीलाई वार्षिकरुपमा छनोट गरी पुरस्कार कार्यक्रम सञ्चालन गरिने छ ।<br>• वार्षिक रुपमा पालिकाभित्र दरबन्दी मिलान र शिक्षक सरुवाको व्यवस्था गरिने छ ।<br>• शिक्षक अभाव भएका विद्यालयमा स्वयंसेवक शिक्षकको व्यवस्था गरिने छ ।<br>• बार्षिक रुपमा विद्यालयगत भम्रण गरी असोज महिनामा विद्यार्थी भेर्रिफिकेशन प्रणाली लागु गरिने छ ।<br>• शिक्षकले कक्षाकोठामा बिताएको समय कार्यविधि,२०७४ लाई पूर्ण रुपमा कार्यान्वयन गरी शिक्षक उपस्थिति बढाइने छ ।<br>• विद्यालयको नियमति अनुगमनलाई व्यवस्थित गर्न वडा स्तरीय शिक्षा |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | | समितिलाई परिचालन गरिने छ ।<br>• संस्थागत विद्यालयहरुको नियमन गरी तोकिएको मापदण्डअनुसारको सिकाइ सहजीकरण गर्ने व्यवस्था मिलाइने छ । |
| अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरुलाई विस्तार गर्नु । | • सामुदायिक सिकाइ केन्द्रहरूलाई जीवनपर्यन्त सिकाइको थलोको रूपमा संस्थागत र सुदृढ बनाउने ।<br>• औपचारिक र अनौपचारिक शिक्षाबीचको सहकार्य बढाउने ।<br>• सीप र रोजगारीमुखी शिक्षामा जोड दिने।<br>• जीवनपर्यन्त सिकाइको मूल्याङ्कन, अभिलेख र प्रवर्द्धन प्रणाली विकास गर्ने । | • सामुदायिक सिकाइ केन्द्रहरूलाई स्थायी संरचना, मानव संसाधन र कार्यक्रमसहित स्थानीय सरकारमार्फत पुनः सशक्तिकरण गरिने छ ।<br>• सामुदायिक सिकाइ केन्द्रमा साक्षरता, वित्तीय साक्षरता, प्राविधिक सीप, स्वास्थ्य, लैङ्गिक समानता, कृषि, वातावरण जस्ता विषयमा छोटो तालिमहरू सञ्चालन गरिने छ ।<br>• विद्यमान स्रोत र समुदायको विशेषज्ञता प्रयोग गर्दै विविध उमेर र पृष्ठभूमिका व्यक्तिका लागि उपयुक्त सिकाइ कार्यक्रमहरू तयार गरिने छ ।<br>• सिकाइ केन्द्रहरूमार्फत ICT (सूचना प्रविधि) आधारित सिकाइ कार्यक्रम सुरु गरिने छ ।<br>• माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई एक विषयको प्रयोगात्मक सिकाइका लागि सामुदायिक सिकाइ केन्द्रहरूमा सहभागिता अनिवार्य गरिने छ ।<br>• विद्यालय र सामुदायिक सिकाइ केन्द्रहरूबीच शिक्षक, प्रशिक्षक र स्रोतको साझेदारी गर्न सहकार्य गरिने छ ।<br>• सीप आधारित तालिमहरूलाई औपचारिक शिक्षासँग समन्वय गरेर मान्यता प्राप्त सर्टिफिकेट प्रणाली लागू गरिने छ ।<br>• विशेष गरी युवा, महिला, सिमान्तकृत समुदायका लागि उद्यमशीलता, प्राविधिक शिक्षा र व्यावसायिक तालिमहरू सञ्चालन गरिने छ ।<br>• जीवन उपयोगी सीप (life skills), स्वरोजगार र व्यवसाय सञ्चालन विषयमा तालिम दिने व्यवस्था मिलाइनेछ । तालिमपछिको सहजीकरण र अनुगमन प्रणाली तयार गरिने छ ।<br>• सामुदायिक सिकाइ केन्द्रमा सहभागीको सहभागिता र उपलब्धिको अभिलेख राख्ने व्यवस्था मिलाइने छ ।<br>• वार्षिक रूपमा सिकाइ मेला वा प्रदर्शनी आयोजना गरी अनौपचारिक सिकाइको उपलब्धि सार्वजनिक गरिने छ ।<br>• माथिल्लो वा उच्च शिक्षा अध्ययनको लागि विज्ञान प्रविधि क्षेत्रमा विशेष छात्रवृतिको व्यवस्था गरी प्राविधिक धारमा अध्ययन गर्ने सङ्ख्यामा वृद्धि गरिने छ । |
| विद्यालय शिक्षा र शिक्षणमा प्रविधिको | • डिजिट स्मार्ट शिक्षालाई | • विद्यालयहरूमा स्मार्ट कक्षा (Smart Classroom) स्थापना र |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| प्रयोगमा विस्तार गर्नु। | उच्च प्राथमिकता दिइने। | विस्तार गर्न एक कार्यविधि बनाइ कार्यान्वयन गरिने छ।<br>● शिक्षण–सिकाइ प्रक्रियामा डिजिटल उपकरण, ई–सामग्री र अनलाइन प्लेटफर्मको प्रयोगलाई प्रवर्द्धन गरिने छ।<br>● शिक्षकहरूलाई स्मार्ट शिक्षण विधि तथा ICT प्रयोग सम्बन्धी नियमित तालिम प्रदान गरिने छ।<br>● विद्यालयहरूमा भरपर्दो इन्टरनेट सेवा र आवश्यक प्रविधि पूर्वाधारको व्यवस्था गरिने छ।<br>● विद्यार्थीहरूमा डिजिटल साक्षरता र प्रविधि प्रयोग गर्ने सीप विकास कार्यक्रम सञ्चालन गरिने छ।<br>● स्मार्ट शिक्षा कार्यान्वयनका लागि स्थानीय तह, निजी क्षेत्र र विकास साझेदारसँग सहकार्य बनाइने छ।<br>● विद्यालय व्यवस्थापन तथा शैक्षिक सूचना प्रणालीलाई डिजिटल प्रणालीमा आधारित बनाइने छ।<br>● STEAM शिक्षालाई संशोधित पाठ्यक्रम (२०७ ६) को पाठ्यपुस्तकहरू, शिक्षण सामग्री र शिक्षण विधिहरूमा एकीकृत गरी सहकार्य (Collaboration), रचनात्मकता (Creativity), आलोचनात्मक सोच (Critical Thinking) र सञ्चार (Communication) जस्ता 4Cs सिकाइ कौशलहरूको प्रयोग मार्फत समग्र एकीकृत सिकाइ उपलब्धि बढाइने छ।<br>● सबै विद्यालयका वेभसाइटहरु बनाइ शैक्षिक गतिविधिहरुलाई व्यवस्थित बनाइने छ।<br>● एक विद्यालय न्यूनत्तम सामग्री सहितको एक आइसीटी प्याकेजको विकास गरी क्रमश: सबै विद्यालयहरुमा आइसीटी ल्याबको व्यवस्था गरिने छ।<br>● सुचना प्रविधिको विस्तारका लागि हरेक विद्यालयमा एक आइसीटी फोकल शिक्षकको विकास गर्ने र आवश्यकता भएको आधारमा नयाँ शिक्षकको व्यवस्था गर्ने नीति लिइने छ। |
| विद्यालयहरूलाई वातावरणमैत्री, सुरक्षित तथा दिगो अभ्यास अपनाउने हरित विद्यालयका | ● विद्यालय शिक्षामा जलवायु परिवर्तन तथा वातावरण संरक्षणसम्बन्धी ज्ञान, सीप र | ● विद्यालयको पाठ्यसामग्री, सह पाठ्यक्रम गतिविधि तथा–परियोजनामूलक सिकाइमा जलवायु परिवर्तन र वातावरण संरक्षणसम्बन्धी विषयवस्तु समावेश गरिने छ।<br>● विद्यार्थी, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण तथा हरित अभ्याससम्बन्धी |

पृष्ठपोषण प्रति २०८२

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| रूपमा विकास गर्ने। | व्यवहारको समावेश र सुदृढीकरण गर्ने।<br>● विद्यालयलाई वातावरणमैत्री र दिगो अभ्यास अपनाउने हरित विद्यालयको रूपमा विकास गर्ने। | तालिम र अभिमुखीकरण सञ्चालन गरिने छ।<br>● विद्यालय परिसरमा वृक्षरोपण, विद्यालय बगैँचा, जैविक खेती, पानी संरक्षण तथा सरसफाई, प्लाष्टिकमुक्त विद्यालय अभियान कार्यक्रम सञ्चालन गरिने छ।<br>● विद्यालयस्तरमा फोहोर व्यवस्थापन )Reduce, Reuse, Recycle) प्रणाली विकास गर्दै ऊर्जा दक्षता र नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रवर्द्धन गरिने छ। |

पृष्ठपोषण प्रति २०८२

## २.६ मुख्य कार्यसम्पादन सूचकहरु

| मुख्य कार्यसम्पादन सुचक | | | | | |
|---|---|---|---|---|---|
| **क्रस** | **तह** | **सूचकाङ्क** | **२०८२** | **२०८७** | **२०९२** |
| १.१ | **प्रारम्भिक बालविकास** | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर (%) | ९५.५ | १०० | १०० |
| १.२ | | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर (%) | ६४.७ | १०० | १०० |
| १.३ | | न्यूनतम योग्यता पूरा भएका शिक्षकको प्रतिशत | ९८ | १०० | १०० |
| १.४ | | आधारभूत तालिम प्राप्त शिक्षकको प्रतिशत | ४० | १०० | १०० |
| १.५ | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (%) | ८९.० | ९८ | १०० |
| २.१ | **आधारभूत तह** | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ९६.१ | ९८ | १०० |
| २.२ | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | १०२ | १०० | १०० |
| २.३ | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर (%) | ९५.७ | १०० | १०० |
| २.४ | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर (%) | ९९.४ | १०० | १०० |
| २.५ | | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर (%) | ९५.१ | १०० | १०० |
| २.६ | | आधारभूत तह (कक्षा ६-८) मा कूल भर्ना दर (%) | ११४.१ | १०७ | १०० |
| २.७ | | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | ९५.५ | १०० | १०० |
| २.८ | | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | १०४.३ | १०२ | १०० |
| २.९ | | आधारभूत तह (कक्षा १-८) खुद भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९९ | १ | १ |
| २.१० | | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर (%) | ८८.० | ९४ | ९८ |
| २.११ | | विद्यालय बाहिर रहेका बालबालिका (%) कक्षा १-८ | ४.५ | ० | ० |
| ३.१ | **माध्यमिक तह** | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर (%) | ७५.३ | ८६ | ९० |
| ३.२ | | माध्यमिक तह (कक्षा ९-१०) मा कूल भर्ना दर (%) | ८८.६ | ९२ | ९८ |
| ३.३ | | माध्यमिक तह (कक्षा ११-१२) मा खुद भर्ना दर (%) | १९.६ | ३० | ४० |
| ३.४ | | माध्यमिक तह (कक्षा ११-१२) मा कूल भर्ना दर (%) | ४७.२ | ५७ | ६७ |
| ३.५ | | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | २३.१ | ४३ | ५४ |
| ३.६ | | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर (%) | ५०.६ | ६० | ७० |
| ३.७ | | कक्षा १-१२ को खुद भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९९ | १ | १ |
| ४ | **साक्षरता** | ५ वर्षमाथिको साक्षरता दर | ७७.८ | ८७ | ९३ |
| ५.१ | **महिला शिक्षक प्रतिशत** | आधारभूत तह (कक्षा १-८) | ३५ | ४५ | ५० |
| ५.२ | | माध्यमिक तह (कक्षा ९-१२) | ५ | १५ | २५ |
| ६.१ | **BLC पूरा गरेका** | बालविकास | २० | ६० | १०० |

**मुख्य कार्यसम्पादन सुचक**

| क्रस | तह | सूचकाङ्क | २०८२ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| ६.२ | **विद्यालयको प्रतिशत** | आधारभुत | ४५ | ६० | ९० |
| ६.३ | | माध्यमिक | ५० | ६५ | ९० |
| ७. | **बजेट प्रतिशत** | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट (%) | ३ | ६ | ९ |
| ८ | **सिकाइ उपलब्धि दर** | कक्षा ८ मा समग्र सामुदायिक विद्यालयको जीपीए | २.७२ | ३.२ | ३.६ |

**Source: Census 2078, Flash Report 2081, CEHRD and IEMIS 2081**

पृष्ठपोषण प्रति २०८२

# परिच्छेद-३: विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु

## ३.१. प्रारम्भिक बालविकास तथा शिक्षा

### ३.१.१. परिचय

प्रारम्भिक बालविकास तथा शिक्षा (ईसीडीई) विद्यालय शिक्षाको आधारभूत तहको महत्वपूर्ण उपक्षेत्र हो, जुन चार वर्ष उमेर पुगेका बालबालिकालाई लक्षित गरिएको हुन्छ। यसको उद्देश्य बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक तथा भाषिक सिपको समग्र विकास गर्दै कक्षा १ मा प्रवेशका लागि तयारी गराउनु हो। हाल नेपालमा विद्यालयमा आधारित र समुदायमा आधारित गरी दुई प्रकारका बालविकास केन्द्र सञ्चालनमा छन्।

पाठ्यक्रम प्रारुप, २०७६ अनुसार चार वर्ष पुगेका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर दिइन्छ। संविधानको धारा ३९(३) र शिक्षा ऐन, २०२८ को संशोधनले बालविकासलाई बालबालिकाको हक र विद्यालय शिक्षाको भागका रूपमा सुनिश्चित गरेको छ। शिक्षा नीति २०७६, १६औं योजना र विद्यालय क्षेत्र विकास कार्यक्रमले गुणस्तरीय र पहुँचयुक्त प्रारम्भिक शिक्षाको विस्तारमा जोड दिएका छन्। प्रारम्भिक बालविकास शिक्षाले बालबालिकामा संलग्नता, पोषणयुक्त खाना, स्वास्थ्य बानी, व्यक्तिगत सुरक्षा, सरसफाइ, सिर्जनात्मक सोच र भाषिक-सञ्चार सिपको विकासमा ध्यान दिन्छ। सरकारका तीनै तह, विद्यालय र अभिभावकबीचको सहकार्यमा बालमैत्री पूर्वाधारसहितको वातावरण सिर्जना गर्दै सबै बालबालिकालाई कम्तीमा एक वर्षको प्रारम्भिक शिक्षा सुनिश्चित गर्नु आजको आवश्यकता हो।

### ३.१.२ वर्तमान अवस्था

कानेपोखरी गाउँपालिकामा हाल ३५ वटा प्रारम्भिक बालविकास केन्द्र (ईसीडी) सञ्चालनमा छन्। ती मध्ये केन्द्रहरु मर्जगरी २६ स्थानमा मात्र बाल विकास केन्द्रहरु विद्यालयमा सञ्चालित रहेका छन्। सबै केन्द्रहरूमा १७६९ जना बालबालिकाहरु रहेका छन्। त्यसमा पनि ६८४ जना सामुदायिक विद्यालयमा अध्ययनरत छन्। यद्यपि, धेरैजसो केन्द्रहरू सरकारले तोकेको न्यूनतम मापदण्ड पूरा गर्न नसकेको र सबै बालबालिकाको पहुँच सुनिश्चित नभएको पाइएको छ।

कानेपोखरी गाउँपालिकामा प्रारम्भिक बालविकासको क्षेत्रमा सुधारका केही सकारात्मक संकेतहरू देखिएका छन्। प्रत्येक वर्ष प्रति विद्यार्थी रु ५०० का दरले विद्यालयले अनुदान प्राप्त गर्नु, खाजा कार्यक्रमको सञ्चालन, अभिभावकहरूमा बालबालिकालाई चार वर्ष पुगेपछि बालविकास केन्द्रमा भर्ना गरिनुपर्छ भन्ने चेतना बढ्नु, स्थानीय सरकारद्वारा स्थानीय शिक्षा ऐन जारी गरी व्यवस्थापन प्रक्रिया सुरु गर्नु, र सङ्घ संस्था तथा स्थानीय तहको सहकार्यमा केन्द्रहरूको व्यवस्थापनमा सहयोग हुँदै जानु जस्ता गतिविधिले बालविकास क्षेत्रमा सुधारको अवसर विस्तार भएको देखिन्छ।

यद्यपि, यस क्षेत्रमा केही प्रमुख चुनौतीहरू पनि विद्यमान छन्। जस्तै: विद्यालयमा शिक्षकको अभावका कारण सहजकर्ताले अन्य कक्षाहरू पनि सहजीकरण गर्नुपर्ने बाध्यता, न्यून पारिश्रमिक, केन्द्रहरूको वर्गीकरणको अभाव, र अधिकांश केन्द्रहरूले सरकारद्वारा तोकिएका न्यूनतम मापदण्डहरू पूरा नगर्नु जस्ता समस्या उल्लेखनीय छन्। यी समस्याहरूको समाधान नगरेसम्म बालविकास कार्यक्रमको गुणस्तरमा सुधार ल्याउन कठिन हुने देखिन्छ।

केन्द्रहरू बालबालिकाको घरदेखि १०–१५ मिनेटको दूरीमा हुनुपर्ने प्रावधान भए पनि केही स्थानहरूमा केन्द्रहरू आधा घण्टा वा त्योभन्दा टाढा छन्, र कतिपय ठाउँमा अझै पनि कुनै केन्द्र छैन। भूगोल, जनघनत्व र बसोबासको अवस्थालाई आधार बनाई बालविकास केन्द्रहरूको स्थान, समायोजन तथा नयाँ स्थापना आवश्यक छ। त्यस्तै, हालका केन्द्रहरूको संस्थागत विकास, व्यवस्थापन सुधार र नयाँ केन्द्र स्थापनाको क्रममा क्षमता अभिवृद्धि तथा न्यूनतम मापदण्ड पालना अनिवार्य बनाइनु आवश्यक देखिन्छ।

### ३.१.३ उद्देश्यहरु

यस गाउँपालिकाको प्रारम्भिक बालविकास तथा शिक्षाको क्षेत्रमा देहाय बमोजिमको उद्देश्य हुनेछ :-

- ४-५ वर्षका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास शिक्षाको पहुँचमा सुनिश्चित गर्नु।
- बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड आधारमा गुणस्तरीय बनाउनु।
- सबै बालबालिकाहरुलाई प्रारम्भिक बाल शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गराउनु।

### ३.१.४ रणनीति

यस गाउँपालिकाले सबै बालविकास केन्द्र तथा शिक्षालाई गुणस्तरीय बनाउदै सबैको पहुँचलाई विस्तार गर्ने रणनीति लिने छ। जसको लागि तलका कार्यनीतिहरु कार्यान्वयनमा ल्याइने छ।

- भर्ना अभियान सशक्त बनाउने,
- बालबालिकाहरुलाई सहयोग कार्यक्रम सञ्चालन गर्ने,
- अभिभावक शिक्षाको प्रवर्द्धन गर्ने,
- सीमान्तकृत बालबालिकाका लागि लक्षित कार्यक्रम,
- वडा र पालिकास्तरमा १००% बालविकास तथा शिक्षामा पहुँच सुनिश्चित गर्ने घोषणा कार्यक्रम सञ्चालन गर्ने,
- पाठ्यक्रम अनुरूप सिकाइ सहजीकरण हुने व्यवस्था गर्ने,
- बालमैत्री र पूर्ण सिकाइ वातावरण निर्माण गर्ने,
- न्यूनतम मापदण्ड सुनिश्चितता गर्ने तथा सिकाइ वातावरण सुदृढीकरण गर्ने,
- शिक्षक क्षमता अभिवृद्धि गर्ने,
- सहजकर्ताको पारिश्रमिक वृद्धि गर्ने,
- नमुना केन्द्रको विकास गर्ने।

### ३.१.५ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

#### उपलब्धि

सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसरमा सुधार भएको हुने।

छलफलका लागि प्रति २०८३

**प्रमुख नतिजाहरु**

मुलतः यस क्षेत्रका मुख्य उपलब्धि तथा प्रमुख नतिजाहरु यस प्रकार रहेका छन्ः-

- ५ वर्षमूनिका सबै बालबालिकाहरु बालविकास केन्द्र हुने, भर्नामा वृद्धिकासाथै सही उमेरमा हुने ।
- प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसरमा वृद्धि हुने ।
- सरकारले तोकेको न्युनत्तम मापदण्ड सबै प्रारम्भिक बाल कक्षा केन्द्रहरुमा पुरा भएको हुने ।
- बालविकासका सहजकर्ताहरुले तालिम प्राप्त भएको हुने ।
- कम्तिमा एक वडा एक नमुना बालविकास केन्द्रको स्थापना हुने ।
- बालविकास केन्द्रको सहजकर्ता पुरस्कृत भएको हुने ।
- बालबालिकाहरुको अपाङ्गता तथा कार्य सीमितता पहिचानको लागि तालिम प्रदान गरी प्रारम्भिक पहिचान गरिएको हुने ।

पृष्ठपोषण प्रति २०८२

## प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | समुदाय भ्रमण र विद्यार्थी विवरण सङ्कलनमा आधारित सघन भर्ना अभियान सञ्चालन | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | २३० | |
| २ | विद्यालयमार्फत अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | २३० | |
| ३ | अति विपन्न तथा पछाडिएका वर्गका बालबालिकाहरुको लागि शैक्षिक सहयोग कार्यक्रम सञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | प्रस्तावनाको आधारमा न्यूनतम मापदण्ड सहितको बालविकासको सुनिश्चतको लागि सहयोग कार्यक्रम सञ्चालन | विद्यालय | ४ | ५ | ५ | ५ | ४ | २३ | ४६ | |
| ५ | बालविकासको सहजकर्ताको पारिश्रमीकमा थप प्रोत्साहन भत्ताको ब्यवस्था | जना | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ३५० | |
| ६ | योग्यता नपुगेका सहजकर्ताहरुको ९० घण्टा बराबरको सहजकर्ता तालिम सञ्चालन | जना | ३५ | ० | ० | ० | ० | ३५ | ७० | |
| ७ | बालविकास सहजकर्ताको क्षमता विकासको लागि बार्षिक रुपमा क्षमताविकास तालिम कार्यक्रम सञ्चालन | जना | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ३५० | |
| ८ | वर्षको कम्तिमा १ पटक सहजकर्ताहरुसँग पालिका स्तरीय समीक्षा बैठक सञ्चालन | जना | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ३५० | |
| ९ | सिकाइका ६ कुनाको स्थापना र सहयोग | विद्यालय | ४ | ५ | ५ | ५ | ४ | २३ | ४६ | |
| १० | बाल विकास तथा शिक्षाको पाठ्यक्रमको पूर्ण कार्यान्वयन | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | २३० | |
| ११ | वडागत नमुना बालविकास केन्द्रको स्थापना कार्यक्रम | वडा | १ | १ | १ | १ | १ | ५ | ७ | |
| १२ | ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकको तलब भत्ता वृद्दि | जना | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ३५० | |
| १३ | ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकका लागि पोशाक भत्ता | जना | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ३५० | |
| १४ | प्रति विद्यार्थी अनुदान सहयोग | जना | ६८४ | ६८४ | ६८४ | ६८४ | ६८४ | ३४२० | ६८४० | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

विद्यालय क्षेत्र सुधार योजना २०६६–२०७२ ले कक्षा १ देखि ८ सम्मलाई आधारभूत शिक्षा भनेर पुनः संरचना गरेको छ, जसले पहिलेको प्राथमिक र निम्न माध्यमिक तहलाई समेट्छ। आधारभूत शिक्षा व्यक्ति, समाज र राष्ट्रको विकासमा महत्त्वपूर्ण योगदान दिने भएकाले नेपालको संविधानको धारा ३१(१) मा यसलाई नागरिकको मौलिक हकको रूपमा उल्लेख गरिएको छ। विभिन्न अध्ययनहरूले देखाएको छ कि गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन, जीवनस्तर उकास्न र समग्र समाज तथा राष्ट्रको विकासमा सहयोग पुऱ्याउँछ।

यही महत्वलाई मध्यनजर गर्दै कानेपोखरी गाउँपालिकाले आधारभूत शिक्षा सुदृढीकरणका कार्यक्रमहरू यस योजनामा समावेश गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ अनुसार सङ्घीय, प्रदेश र स्थानीय सरकार सबैले आधारभूत शिक्षा प्रदान गर्ने दायित्व राख्छन् भने प्रत्येक नागरिकले बालबालिकालाई विद्यालय पठाउने कर्तव्य पुरा गर्नु पर्ने हुन्छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(ज) अनुसार आधारभूत तथा माध्यमिक तहका २३ वटा अधिकार स्थानीय सरकारको क्षेत्राधिकारमा पर्ने भएकाले आधारभूत शिक्षाको पहुँच र गुणस्तर सुनिश्चित गर्नु स्थानीय सरकारको प्रमुख जिम्मेवारी हो।

### ३.२.२ वर्तमान अवस्था

कानेपोखरी गाउँपालिकामा विगतका प्रयासहरूका कारण आधारभूत शिक्षामा बालबालिकाको भर्ना दरमा उल्लेखनीय वृद्धि भएको छ। तर, आर्थिक, सामाजिक र भौगोलिक असमानताका कारण दलित, जनजाति, सीमान्तकृत र कठिन परिस्थितिमा रहेका बालबालिकाको पहुँच अझै पनि कमजोर छ । जनसांख्यिक तथा बसोबासको स्वरूपमा आएको परिवर्तनअनुसार विद्यालयको पुनः वितरण र समायोजन आवश्यक देखिएको छ। कतिपय क्षेत्रमा वैकल्पिक प्रबन्ध गरिनु जरुरी छ ।

आधारभूत शिक्षामा निःशुल्क तथा अनिवार्य शिक्षाको पूर्ण कार्यान्वयन, स्थानीय शिक्षा ऐनसहित आवश्यक कानुनी संरचना निर्माण, विद्यालयको बालमैत्री र समावेशी वातावरण सृजना, पोषण, स्वास्थ्य, सरसफाइ र दिवा खाजाजस्ता सेवाको विस्तार अपरिहार्य छन्। यस्तै, योग्य शिक्षकको अभाव, कमजोर शैक्षिक नेतृत्व, शिक्षकहरूको तयारी र तालिमको प्रभावहीनता, तथा विद्यालय छोड्ने र कक्षा दोहोर्याउने दर उच्च हुँदा शिक्षाको आन्तरिक सक्षमता प्रभावित भएको छ।

कोभिड-१९ महामारीले सिकाइलाई थप अवरुद्ध बनाएको छ, र आपतकालीन अवस्थामा निरन्तर सिकाइको व्यवस्था अझै विकास हुन सकेको छैन। पाठ्यक्रमको सान्दर्भिकता, शिक्षक विकास, अनुगमन र जवाफदेही प्रणालीको सुधार आवश्यक छ। विद्यालयहरूको व्यवस्थापनमा प्रधानाध्यापकको नेतृत्व क्षमता अभाव र कानुनी स्पष्टताका कमीहरू पनि चुनौती बनेका छन्।

कानेपोखरी गाउँपालिकामा हाल १३ वटा आधारभूत विद्यालय रहेका छन् । त्यसमा ६४७९ बालबालिका अध्ययनरत छन्। त्यसमा पनि २७४१ जना सामुदायिक विद्यालयमा अध्ययनरत रहेका छन् । शिक्षालाई मौलिक हकका रूपमा स्थापित गर्दै स्थानीय तहलाई जिम्मेवार बनाउने संवैधानिक व्यवस्था तथा नीतिगत अभियानले पहुँच र गुणस्तर सुधारको अवसर सिर्जना गरेको छ। मुख्य समस्याहरू र चुनौतीहरू:

- विषयगत योग्य शिक्षकको कमी।
- विद्यार्थी र शिक्षकको नियमितता सुनिश्चित गर्न कठिनाई।
- उमेरअनुसार भर्ना र समतामूलक पहुँच सुनिश्चित गर्न चुनौती।
- सिकाइका लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधारको अभाव।
- पाठ्यक्रम र मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयनमा कमजोरी।
- पठन तथा गणितीय सीपको विकास अपर्याप्त।
- प्रविधिमैत्री सामग्रीको कमी।
- अभिभावकको संलग्नता न्यून।
- विद्यालय घटाउने आवश्यकता र प्रोत्साहन प्रणालीको अभाव।

### ३.२.३ उद्देश्यहरु

- ९-१२ वर्ष उमेर समूहका सबै बालबालिकाहरुलाई आधारभूत शिक्षमा समतामूलक पहुँच र सहभागीतामा वृद्दि गर्नु ।
- आधारभूत तहका बालबालिकाहरुमा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्नु ।
- न्युनतम भौतिक संरचना सहित सरकारले तोकेको न्यूनतम सिकाइ वातावरणको सुनिश्चतता गर्नु ।
- विद्यार्थी सिकाइप्रति उत्तरदायी विद्यालयको व्यवस्थापन तथा प्रबन्धमा उल्लेखनीय सुधार ल्याउनु ।

### ३.२.४ रणनीतिहरु

- पहुँच विस्तार र समावेशीकरणमा जोड दिने । मुलत; विद्यालय नक्साङ्कन, पुनर्वितरण, बहुकक्षा शिक्षण र विद्यालय बाहिरका बालबालिकाका लागि प्रोत्साहन कार्यक्रममा जोड दिने ।
- सिकाइ सुधार र शिक्षण विधिमा रूपान्तरण गर्दै एकीकृत पाठ्यक्रम, बालमैत्री शिक्षण, न्यूनतम सिकाइ उपलब्धि, नियमित मूल्याङ्कन, भाषिक र सांस्कृतिक विविधतालाई समेट्ने शिक्षण विधिमा जोड दिने ।
- शिक्षक व्यवस्थापन र क्षमता विकास गर्न तालिम, तयारी, प्रोत्साहन, आवश्यक शिक्षक दरबन्दी व्यवस्थापन र सिकाइ सुधारका लागि सहजीकरण क्षमता अभिवृद्धिमा जोड दिने ।
- विद्यालय वातावरण र स्वास्थ्य पोषणमा जोड दिन खानेपानी, शौचालय, सरसफाइ, पोषण, स्वास्थ्य, बालमैत्री पूर्वाधार, बालउद्यान र हरियाली कार्यक्रम कार्यान्वयन गर्ने ।
- विपद् प्रतिकार्य र शिक्षा निरन्तरताको लागि सूचना प्रविधिको प्रयोग, जलवायु सङ्कट तथा महामारीप्रति संवेदनशील योजना, जीवन उपयोगी सिपको एकीकरण, समग्र शिक्षालाई व्यवहारिक बनाउने।
- शैक्षिक शासन तथा उत्तरदायित्वमा सुधार ल्याउने ।

## ३.२.५ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

**उपलब्धि**

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको पहुँच, सहभागिता र गुणस्तरमा सुधार हुने।

**प्रमुख नतिजाहरु**

- आधारभूत उमेर समूहका बालबालिकाहरुको शिक्षामा तथा सही उमेरमा हुने भर्नामा वृद्दि हुने ।
- सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दी पुनर्वितरण भएको हुने।
- सिकाइका लागि न्यूनतम भौतिक संरचनामा सुधार भएको हुने।
- बालबालिकाहरुमा न्युनत्तम सिकाइ उपलब्धिमा सुधार भएको हुने।
- तोकिएको पाठ्यक्रम तथा मूल्याङ्कन प्रणाली पूर्ण रुपमा कार्यान्वयन भएको हुने।
- स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयन भएको हुने।

पृष्ठपोषण प्रति २०८३

## प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

| क्र.स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | **जम्मा** | | |
| १ | समुदाय भ्रमण र विद्यार्थी विवरण सङ्कलनमा आधारित सघन भर्ना अभियान सञ्चालन | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | ६५ | १३० | |
| २ | विद्यालय मार्फत अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | ६५ | १३० | |
| ३ | अति विपन्न तथा पिछडिएका वर्गका बालबालिकाहरुको लागि शैक्षिक सहयोग कार्यक्रम सञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | शिक्षक दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | स्वयम्सेवक शिक्षकको व्यवस्था | जना | १० | १० | १० | १० | १० | ५० | १०० | |
| ७ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकासका लागि मर्मत तथा पुनर्स्थापना (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजाघर) | विद्यालय | २ | २ | २ | ३ | ४ | १३ | २६ | |
| ८ | सिकाइका लागि न्यूनतम वातावरणमा आधारित विद्यालय सुधार योजनामा रही प्रस्तावना केन्द्रित विद्यालय सहयोग कार्यक्रम | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १३ | २६ | |
| ९ | शैक्षिक सामग्रीको विकास वितरण तथा व्यवस्थापन | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १३ | २६ | |
| १० | छापामय कक्षाकोठा व्यवस्थापन | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १३ | २६ | |
| ११ | शिक्षण सिकाइ सुधारका लागि शिक्षकको पेशागत विकास सम्बन्धी शिक्षक क्षमता कार्यक्रम | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | ६५ | १३० | |
| १२ | नयाँ पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी प्रबोधीकरण कार्यक्रम र कार्यान्वयन | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | ६५ | १३० | |
| १३ | अभिभावकको साझेदारीमा सिकाइका लागि उपचारात्मक तथा सुधारात्मक कक्षा सञ्चालन | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | ६५ | १३० | |
| १४ | विद्यालय स्तरीय तथा पालिका स्तरीय पढाइ प्रतियोगिता, पढाइ उत्सवसहित शैक्षिक | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | ६५ | १३० | |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | **जम्मा** | | |
| | प्रदर्शनी मेला सञ्चालन | | | | | | | | | |
| १५ | एक वडा एक नमुना आधारभूत विद्यालय निर्माण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ७ | |
| १६ | शैक्षिक सुशासन तथा सिकाइ उपलब्धि वृद्धिका लागि छलफल तथा अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १७ | सामुदायिक आधारभूत विद्यालयमा (कक्षा १-५) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गम भत्तासहित) | जना | १११ | १११ | १११ | १११ | १११ | ५५५ | १११० | |
| १८ | सामुदायिक आधारभूत विद्यालयमा (कक्षा ६-८) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गम भत्तासहित) | जना | ४६ | ४६ | ४६ | ४६ | ४६ | २३० | ४६० | |
| १९ | सामुदायिक आधारभूत तह (कक्षा १-८) विद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक र दुर्गम भत्तासहित) | जना | १३ | १३ | १३ | १३ | १३ | ६५ | १३० | |
| २० | सामुदायिक आधारभूत तह (कक्षा १-८) विद्यालयहरुका लागि व्यवस्थापन/सञ्चालन खर्च (शिक्षण सिकाइ सामग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | जना | २७४१ | २७४१ | २७४१ | २७४१ | २७४१ | १३७०५ | २७४१० | |
| २१ | आधारभूत तह (कक्षा १-८) का लागि प्र.अ.भत्ता | जना | १३ | १३ | १३ | १३ | १३ | ६५ | १३० | |
| २२ | आधारभूत विद्यालय (कक्षा १-८) का लागि सञ्चालन र व्यवस्थापन वापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | ६५ | १३० | |
| २३ | Early Grade Learning (EGL) program को न्यूनतम package कार्यक्रम व्यवस्थापन र सञ्चालनका लागि विद्यालयहरुलाई बजेट अनुदान | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | ६५ | १३० | |
| २४ | आधारभूत तह (कक्षा १-८) का लागि पाठ्यपुस्तक खरिद र वितरण अनुदान | विद्यार्थी | २७४१ | २७४१ | २७४१ | २७४१ | २७४१ | १३७०५ | २७४१० | |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | **जम्मा** | | |
| २५ | आधारभूत तह (कक्षा १-५) का बालबालिकाका लागि दिवा खाजा व्यवस्थापन र सञ्चालन अनुदान | विद्यार्थी | १८१४ | १८१४ | १८१४ | १८१४ | १८१४ | ९०७० | १८१४० | |
| २६ | आधारभूत तहमा अध्ययनरत विद्यार्थीमध्ये करिब २०% विद्यार्थीलाई मागमा आधारित साधारण छात्रवृत्ति बापतको बजेट अनुदान | विद्यार्थी | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | ७००० | |
| २७ | आवासीय सुविधा प्राप्त गर्ने वाहेकका विभिन्न अपाङ्गता भएका विद्यार्थीहरुलाई थप सुविधा वापतको बजेट अनुदान | विद्यार्थी | १७ | १७ | १७ | १७ | १७ | ८५ | १७० | |
| २८ | कक्षा ६-८ का छात्राहरूलाई Sanitary Pad बितरण वापतको बजेट अनुदान | विदयार्थी | ७३२ | ७३२ | ७३२ | ७३२ | ७३२ | ३६६० | ७३२० | |
| २९ | विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | ६५ | १३० | |
| ३० | आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) व्यवस्थापन र सञ्चालन | विद्यार्थी | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ८००० | |

पृष्ठपोषण प्रति २०८

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको संविधान, २०७२ ले प्रत्येक नागरिकलाई माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्ने हक सुनिश्चित गरेको छ। यसलाई कार्यान्वयन गर्न बनेको अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले समेत राज्यलाई सबै नागरिकलाई माध्यमिक तहको शिक्षा उपलब्ध गराउने दायित्व दिएको छ। संविधानले विद्यालय तहको शिक्षा स्थानीय सरकारको अधिकारक्षेत्रभित्र राख्नकासाथै सङ्घ, प्रदेश र स्थानीय तीनवटै तहको साझा जिम्मेवारी पनि निर्धारण गरेको छ।

यी संवैधानिक र कानुनी प्रावधानहरूले शिक्षा सेवामा नागरिकका लागि गुणस्तरीय, पहुँचयुक्त र उत्तरदायी व्यवस्था विकास गर्न तीन तहका सरकारहरूलाई स्पष्ट रूपमा उत्तरदायी बनाएका छन्। हाल विद्यमान् शिक्षा ऐन, २०२८ अनुसार कक्षा ९ देखि १२ सम्मको शिक्षा माध्यमिक तह अन्तर्गत पर्छ। आधारभूत तह (कक्षा १–८) सकिएपछि सबै बालबालिकालाई रुचि र क्षमताअनुसार माध्यमिक तहमा साधारण, प्राविधिक वा व्यावसायिक धारको शिक्षा छनोट गर्ने अवसर दिनुपर्ने आवश्यकता छ। यस तहको शिक्षा जीवनोपयोगी, सीपमूलक, प्रविधियुक्त, उत्पादनमूलक तथा व्यावहारिक हुनुपर्छ।

कक्षा ११ र १२ मा हाल वैकल्पिक धारको एकलपथीय पाठ्यक्रम लागू गरिएको छ, जसले विद्यार्थीलाई उच्च शिक्षामा जान वा श्रम बजारमा प्रवेश गर्ने बाटो खोल्दछ। यसैगरी, श्रम बजारको मागअनुसार आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने व्यवस्था पनि माध्यमिक तहमा समावेश गरिएको छ। शिक्षा नीति, २०७६ ले माध्यमिक तहमा प्राविधिक धारको विस्तार र प्रवर्द्धनलाई प्राथमिकता दिँदै आएको छ, जसले रोजगारमुखी शिक्षालाई प्रवर्द्धन गर्ने स्पष्ट मार्गनिर्देशन दिएको छ।

### ३.३.२ वर्तमान अवस्था

नेपालको संविधान, २०७२ र अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले माध्यमिक तहको शिक्षा सबैका लागि निःशुल्क हुने प्रावधान गरेको भए तापनि, व्यवहारमा यसलाई पूर्ण रूपमा निःशुल्क बनाउने कार्य अझै अधुरो रहेको छ। अझै पनि विपन्न, सीमान्तकृत र विशेष आवश्यकताका बालबालिकाहरू माध्यमिक शिक्षाबाट बञ्चित हुने अवस्था विद्यमान छ।

कानेपोखरी गाउँपालिकामा हाल कक्षा १–१० सञ्चालन भएका ५ र कक्षा १–१२ सञ्चालन भएका ३ गरी कुल ८ वटा सामुदायिक माध्यमिक विद्यालयहरू छन्, जसमा कक्षा ९–१२ सम्मका २०६९ जना विद्यार्थी अध्ययनरत छन् (शैक्षिक सत्र २०८२)। सामुदायिक विद्यालयमा १६७२ जना र सस्थागत तर्फ ३९७ जना रहेका छन्। यद्यपि, माध्यमिक तहसम्म सही उमेरमा भर्ना, नियमित उपस्थिति, सिकाइ टिकाउपन र विद्यालय छाड्ने दर चुनौतीका रूपमा देखिएको छ।

एसईई तथा कक्षा ११–१२ को परीक्षामा न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीको सङ्ख्या उल्लेखनीय रहेको पाइएको छ, जसका कारण उनीहरू उच्च शिक्षाबाट पनि बञ्चित हुने सम्भावना उच्च छ। यसले माध्यमिक तहको शिक्षाको गुणस्तरप्रति गम्भीर चिन्ता उत्पन्न गराएको छ। शिक्षा उपयोगी र जीवनोपयोगी हुनुपर्नेमा जोड दिइए तापनि, सीपमूलक, व्यावहारिक तथा प्रविधियुक्त शिक्षणमा सुधारको खाँचो छ। यद्यपि गाउँपालिकाले शिक्षक अभाव हटाउन सङ्घीय सरकारबाट अनुदान शिक्षक (अंग्रेजी, गणित, विज्ञान) व्यवस्थापन गर्ने, ICT ल्याब, विज्ञान प्रयोगशाला र पुस्तकालय स्थापना गर्ने कार्यमा पहल गरे पनि ती स्रोतहरूको प्रभावकारी प्रयोग र व्यवस्थापन कमजोर देखिएको छ।

साथै, शिक्षकहरूलाई समयसापेक्ष तालिम तथा पेसागत सहयोगको अभाव, विद्यार्थीहरूको नियमित उपस्थिति सुनिश्चित नगर्नु, शिक्षण–सहजीकरणमा पाठ्यक्रमको सही कार्यान्वयन नहुनु, र न्यूनतम भौतिक तथा सिकाइ पूर्वाधारको असमान उपलब्धता जस्ता समस्या विद्यमान छन् । यसैगरी, विद्यालयमा अभिभावक सहभागिता कमजोर रहेको, प्रोत्साहन प्रणाली संस्थागत नभएको, र शिक्षा क्षेत्रका सेवा प्रदायकहरूबीच समन्वय कमजोर रहेको पाइएको छ ।

### ३.३.३ उद्देश्यहरु

- माध्यमिक शिक्षालाई निःशुल्क बनाई समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु,
- माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु ।

### ३.३.४ रणनीतिहरु

- माध्यमिक तहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकताअनुसार विद्यालय पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने ।
- विद्यालयबाहिर रहेका बालबालिकाका लागि वैकल्पिक माध्यमका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- विद्यार्थीलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने ।
- माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने ।
- शिक्षकहरूको पेसागत विकास र सहयोगका लागि तालिम, प्रशिक्षणको व्यवस्था गर्ने ।
- शिक्षकहरूको अभिप्रेरणाका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने ।
- शिक्षणबाहेकको समयमा मुख्य विषयमा उपचारात्मक कक्षा सञ्चालन गर्ने ।
- प्राविधिक धारका विद्यार्थीहरूलाई छात्रवृत्ति तथा रोजगारीमा प्राथमिकता दिने ।
- प्रयोगात्मक सिकाइ, परियोजना कार्यलाई अनिवार्य बनाई व्यावहारिक बनाउने ।
- बाल क्लवको नेतृत्व विकास गरी अभिभावक सचेतना प्रवर्द्धन गर्ने ।
- सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने ।
- शिक्षण सिकाइ पद्धतिमा सुधार ल्याउने, बालमैत्री र प्रविधिमैत्री शिक्षण विधिबाट शिक्षण हुने व्यवस्था मिलाउने ।
- हरेक विद्यालयमा सूचना र सञ्चार प्रविधिको विस्तार र प्रयोगको सुनिश्चित गर्ने ।

### ३.३.५ उपलब्धि तथा प्रमुख नतिजाहरु

**उपलब्धि**

- माध्यमिक शिक्षाको पहुँच, सहभागिता र गुणस्तरमा सुधार हुने ।

मस्यौदा प्रति २०८३

**नतिजा**

- माध्यमिक तहको शिक्षामा पहुँचमा वृद्धि भई खुद भर्ना, टिकाउ दर तथा सिकाइ उपलब्धीदरमा वृद्धि हुने तथा कक्षा छोड्ने र दोहोर्याउने दरमा कमी आउने।
- सबै माध्यमिक विद्यालयहरुमा न्यूनतम आधारभूत मापदण्ड पूरा भएको हुने।
- प्राविधिक धारतर्फको शिक्षामा पहुँचमा वृद्धि भएको हुने।
- सबै माध्यमिक विद्यालयहरुलाई नमुना विद्यालयका रुपमा विकास गरी अन्य फिडर विद्यालयहरुलाई सहयोग गर्ने अभ्यास लागू हुने।

पृष्ठपोषण प्रति २०८३

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | **जम्मा** | | |
| १ | समुदाय भम्रण र विद्यार्थी विवरण सङ्कलनमा आधारित सघन भर्ना अभियान सञ्चालन | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | |
| २ | विद्यालयमार्फत अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | |
| ३ | अति विपन्न तथा पछाडिएका वर्गका बालबालिकाहरुको लागि शैक्षिक सहयोग कार्यक्रम सञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | शिक्षक दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | स्यवम्सेवक शिक्षकको व्यवस्था | जना | २ | २ | २ | २ | २ | १० | २० | |
| ७ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजा घर) | विद्यालय | २ | २ | १ | २ | १ | ८ | १६ | |
| ८ | सिकाइका लागि न्यूनतम वातावरणको लागि विद्यालय सुधार योजनामा आधारित विद्यालय सहयोग कार्यक्रम | विद्यालय | २ | २ | २ | १ | १ | ८ | १६ | |
| ९ | शैक्षिक सामग्रीको विकास, वितरण तथा व्यवस्थापन | विद्यालय | २ | २ | २ | १ | १ | ८ | १६ | |
| १० | पुस्तकालय, विज्ञान प्रयोगशाला तथा आइसीटी ल्याबको थप व्यवस्थापन तथा सहयोग | विद्यालय | २ | २ | २ | १ | १ | ८ | १६ | |
| ११ | शिक्षण सिकाइ सुधारका लागि शिक्षकको पेशागत विकास सम्बन्धी शिक्षक क्षमता कार्यक्रम | विद्यालय | २५ | २५ | २५ | २५ | २५ | १२५ | २५० | |
| १२ | नयाँ पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी प्रवोधीकरण कार्यक्रम र कार्यान्वयन | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | |
| १३ | अभिभावकको साझेदारीमा सिकाइका लागि उपचारात्मक तथा सुधारात्मक कक्षा सञ्चालन | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | |
| १४ | पालिका स्तरीय प्रविधिमा आधारित शिक्षा मेला तथा प्रतियोगिता सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १५ | नमुना आधारभूत विद्यालय निर्माण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ७ | |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | **जम्मा** | | |
| १६ | शैक्षिक सुशासन तथा सिकाइ उपलब्धि वृद्धिका लागि छलफल तथा अन्तरक्रिया | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | |
| १७ | घुम्ती शिक्षक बैठक | पटक | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | |
| १८ | पढ्दै कमाउदै कार्यक्रम | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | |
| १९ | सामुदायिक आधारभूत विद्यालयमा (कक्षा ९-१0) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गम भत्तासहित) | जना | ४३ | ४३ | ४३ | ४३ | ४३ | २१५ | ४३० | |
| २० | सामुदायिक आधारभूत विद्यालयमा (कक्षा ११-१२) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गम भत्तासहित) | जना | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| २१ | सामुदायिक आधारभूत तह (कक्षा ९-१२) विद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक र दुर्गम भत्तासहित) | जना | १६ | १६ | १६ | १६ | १८ | ८२ | १६४ | |
| २२ | सामुदायिक आधारभूत तह (कक्षा ९-१२) विद्यालयहरुका लागि व्यवस्थापन/सञ्चालन खर्च (शिक्षण सिकाइ सामग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | जना | १६७२ | १६७२ | १६७२ | १६७२ | १६७२ | ११७४ | २३४८ | |
| २३ | आधारभूत तह (कक्षा १-१२) का लागि प्र.अ.भत्ता | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | |
| २४ | आधारभूत विद्यालय (कक्षा १-१२) का लागि सञ्चालन र व्यवस्थापन वापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | |
| २५ | माध्यमिक तह (कक्षा ९-१२) का लागि पाठ्यपुस्तक खरिद र बितरण अनुदान | विद्यार्थी | १६७२ | १६७२ | १६७२ | १६७२ | १६७२ | ८३६० | १६७२० | |
| २६ | माध्यमिक तहमा अध्ययनरत विद्यार्थीमध्ये करिब २०% विद्यार्थीलाई मागमा आधारित साधारण छात्रवृत्ति (सबै कर्णाली क्षेत्रका विद्यार्थीलाई समेत) वापतको बजेट अनुदान | विद्यार्थी | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ३००० | |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | **जम्मा** | | |
| २७ | निशुल्क शिक्षा पालिकाको इच्छा कार्यक्रम | विद्यार्थी | ६१२ | ६१२ | ६१२ | ६१२ | ६१२ | ३०६० | ६१२० | |
| २८ | विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | |
| २९ | कक्षा ९-१२ का छात्राहरूलाई Sanitary Pad वितरण वापतको बजेट अनुदान | विद्यार्थी | ७५० | ७५० | ७५० | ७५० | ७५० | ३७५० | ७५०० | |

## ३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा

### ३.४.१ परिचय

नेपालको सन्दर्भमा प्राविधिक तथा व्यावसायिक शिक्षा अपरिहार्य विषयको रुपमा रहेको छ। यसलाई वर्तमान मागको रुपमा नलिई आवश्यकताको रुपमा लिइएको छ। आमजनमानसमा प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिनुपर्छ भन्ने अवधारणाको विकास भइसकेको छ। प्राविधिक तथा व्यावसायिक शिक्षा सरकारले नै सञ्चालन गर्नुपर्ने र उत्पादित जनशक्तिलाई सरकारले नै रोजगारी दिनुपर्ने मान्यता पनि अघि सारिएको छ। विद्यालय शिक्षा कक्षा १ देखि १० सम्म प्राविधिक शिक्षा र व्यावसायिक शिक्षामा जोड दिनु बढी उपयुक्त र सान्दर्भिक देखिन्छ। नेपाल सरकारको निर्णय र स्विकृती ऐन, नियम तथा निर्देशिकाबमोजिम प्राविधिक तथा व्यावसायिक शिक्षा सामुदायिक विद्यालयाहरुमा पनि सञ्चालन गर्ने अवधारणा अगाडि सारियो।
शिक्षा मन्त्रालय तथा शिक्षा विभागमार्फत सामुदायिक विद्यालयमा कक्षा ९ बाट प्राविधिक शिक्षा सञ्चलन गर्ने निर्णय वि.सं.२०६८ सालमा गरेको थियो सोही निर्णयानुसार २०७० सालदेखि कक्षा ९ मा प्राविधिक शिक्षाको ९९ वटा विद्यालयहरुमा पठनपाठन प्रारम्भ भयो तत्पश्चात २०७२ सालदेखि ९३ वटा सामुदायिक विद्यालयहरुमा कक्षा ११ मा प्राविधिक शिक्षाको पठनपाठन शुरु भयो। यस अन्तर्गत इन्जिनियरिङ्गतर्फ सिभिल, इलेक्ट्रिकल कम्प्युटर र कृषि तथा पशु विज्ञानतर्फ बालीविज्ञान र पशुविज्ञान कार्यक्रम सञ्चालनमा छन्। विद्यालय शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षाको व्यवस्थाबाट कार्यमूलक, व्यावहारिक, प्राविधिक तथा व्यावसायिक सिपयुक्त दक्ष जनशक्ति उत्पादन गरी विश्व श्रम बजारमा सहज प्रवेशको सम्भावना बढाउन तथा रोजगारीको सुनिश्चितता प्रदान गर्न शैक्षिक उत्पादनको गुणात्मकता वृद्धिका लागि सामुदायिक विद्यालयहरुमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्नु नितान्त जरुरी रहेको छ।

### ३.४.२ वर्तमान अवस्था

दक्ष जनशक्तिको आवश्यकता हरेक मुलुकको विकासको आधारशिला हो। राष्ट्रको भौतिक, शैक्षिक, सामाजिक, आर्थिक, सांस्कृतिक तथा औद्योगिक विकासका लागि दक्ष र योग्य जनशक्ति अपरिहार्य मानिन्छ। यही आवश्यकता बोध गर्दै, यस पालिकाभित्र प्राविधिक तथा व्यावसायिक शिक्षाका प्रयासहरू सुरु गरिएका छन्। यस गाउँपालिकामा १ वटा प्राविधिक धार सञ्चालित विद्यालय रहेको छ। जसमा बाली विज्ञानको शिक्षण सिकाइ हुने गरेको छ। हालसम्म यस गाउँपालिकाभित्र अन्य विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक धार सञ्चालन गर्न सकिएको छैन। दक्ष प्राविधिक जनशक्तिको अभाव, तथा पर्याप्त भौतिक संरचना तथा सुविधा व्यवस्थापनको चुनौती रहेको देखिन्छ। प्राविधिक शिक्षाको सन्दर्भमा व्यवहारिक र प्रयोगात्मक रुपमा सिकाइ सहजीकरण गर्न कठीन हुनु प्रमुख समस्याका रुपमा रहेको छ।

विद्यालयहरूको विद्यार्थीहरूमा व्यवसाय, पेसा तथा प्रविधिप्रतिको रुचि विकास गर्ने र व्यवहारिक सिप प्रदान गर्नेतर्फ अपेक्षित ध्यान नपुगेको देखिन्छ। फलस्वरूप, कक्षा १२ सम्म प्राविधिक शिक्षा हासिल गरेका विद्यार्थीहरू मध्ये केही आर्थिक वा बौद्धिक कारणले उच्च शिक्षा हासिल गर्न नसक्दा अलमलमा पर्ने अवस्था देखिएको छ। यस्तो अवस्थामा, स्थानीय तहले रोजगारमुखी सिप विकास गर्ने तालिम र अवसरहरू प्रदान गर्नु अत्यन्त आवश्यक भएको छ। अन्ततः, विश्व बजारको प्रतिस्पर्धात्मक प्रकृति हेर्दा प्रत्येक माध्यमिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउनु अपरिहार्य भइसकेको छ। यसले मात्र स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न, दक्ष जनशक्ति उत्पादन गर्न र समग्र विकासको गति तिव्र बनाउन सकिने छ।

### ३.४.३ उद्देश्यः

- सबै नागरिकका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसर सुनिश्चित गर्ने
- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको क्षेत्रमा उत्पादन हुने जनशक्तिका लागि स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारीका उपलब्ध अवसर गराउने

### ३.४.४ रणनीतिहरु

- यस पालिकाभित्र माध्यमिक तहसम्मको गुणस्तरीय प्राविधिक तथा व्यावसायिक धारको अध्ययनको व्यवस्था मिलाउन सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय र पहल गर्ने।
- प्राविधिक धार सञ्चालन गर्न इच्छुक अन्य माध्यमिक विद्यालयहरूलाई सम्बन्धन प्राप्त गराउनका लागि सम्बन्धित निकायमा आवश्यक प्रक्रिया अघि बढाइने।
- स्थानीय तहको समन्वयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनका लागि सुझाव सङ्कलन गरी आवश्यक आर्थिक स्रोतको व्यवस्थापनका लागि पहल गर्ने।
- प्राविधिक धारतर्फ विद्यार्थीहरूलाई अभिप्रेरित गर्न "पढ्दै कमाउँदै" कार्यक्रमलाई थप सुदृढ बनाउँदै प्रभावकारी रूपमा सञ्चालन गर्ने।
- स्थानीय जनशक्ति विकास गर्ने उद्देश्यले पालिकाले आवश्यकतामा आधारित, रोजगारमुखी छोटो अवधिका सीपमूलक तालिमहरू सञ्चालन गर्ने।
- प्राविधिक धार सञ्चालित विद्यालयहरूमा प्रयोगात्मक कार्यका लागि आवश्यक प्रयोगशाला र फिल्डको दीर्घकालीन एवम् दिगो व्यवस्थापन सुनिश्चित गर्ने।

### ३.४.५ प्रमुख उपलब्धि तथा नतिजा

- प्राविधिक धारमा अध्ययनरत विद्यार्थीको सङ्ख्यामा वृद्धि भएको हुने।
- प्राविधिक धारको सिकाइ वातावरणमा सुधार भएको हुने।

### ३.४.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्रस | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तर्जुमा | पटक | १ | ० | ० | ० | ० | १ | १ | |
| २ | प्राविधिक धारका थप माध्यमिक विद्यालयहरू स्थापना र सञ्चालन | वडागत | ० | ० | १ | ० | ० | १ | १ | |
| ३ | विविध कारणले पछाडि परेका समूह र वर्गलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा सहज पहुँका लागि छात्रवृत्ति लगायतका प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन (गणित र विज्ञान विषयसमेत) | जना | २० | २० | २० | २० | २० | १०० | २०० | |
| ४ | सीप र आय आर्जनमा आधारित  एक विद्यालय एक उद्यम कार्यक्रम कार्यान्वयन | विद्यालय | १ | २ | २ | २ | २ | ९ | १८ | |
| ५ | पढ्दै कमाउँदै कार्यक्रम कार्यान्वयन | विद्यालय | १ | २ | २ | २ | २ | ९ | १८ | |
| ६ | कक्षा ९-१२ मा प्राविधिक धार सञ्चालन भएका विद्यालयमा कार्यरत शिक्षक, प्रशिक्षक र सहायक प्रशिक्षकका लागि तलब र भत्ता वापतको बजेट अनुदान | जना | ४ | ४ | ४ | ४ | ४ | २० | ४० | |
| ७ | कक्षा ९-१२ मा प्राविधिक धार सञ्चालन भएका विद्यालयमा प्रयोगशाला स्थापना, औजार/सामग्री खरिद र व्यवस्थापन वापतको बजेट अनुदान | जना | १ | १ | १ | १ | १ | ५ | १० | |

पृ

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१ परिचय

मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र व्यवहारको विकास केवल औपचारिक शिक्षा प्रणालीमार्फत सीमित हुँदैन। औपचारिक शिक्षा प्रणालीबाहिर प्राप्त हुने अनुभव, ज्ञान र सीपलाई समेट्ने शिक्षा प्रणाली नै आजीवन तथा निरन्तर सिकाइ हो, जसलाई अनौपचारिक शिक्षाको रूपमा चिनिन्छ। अनौपचारिक र आजीवन शिक्षाले समाजमा रहेका विभिन्न वर्ग, उमेर, सीपस्तर तथा आवश्यकता भएका व्यक्तिहरूलाई लक्षित गरी शिक्षा, सिप र जीवनोपयोगी ज्ञान उपलब्ध गराउने कार्य गर्छ। यस प्रणालीले निरक्षरलाई साक्षर बनाउने, साक्षरलाई साक्षरोत्तर शिक्षामा लैजाने, शिक्षालाई सिप र आम्दानीसँग जोड्ने, र समग्र रूपमा शिक्षित, आत्मनिर्भर र समावेशी समाजको निर्माणमा योगदान पुऱ्याउने उद्देश्य राख्दछ। स्थानीय सरकारहरूसँग सहकार्यमा साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रमहरू समन्वयात्मक रूपमा योजना, विकास र सञ्चालन गर्ने नीति लिइएको छ। यसका साथै, अनौपचारिक र औपचारिक शिक्षाबीचको दोहोरो प्रवेशको अवसर सुनिश्चित गरी व्यक्तिले प्राप्त गरेको ज्ञान, सीप र अनुभवको समकक्षता निर्धारण तथा प्रमाणीकरण गर्ने व्यवस्था पनि विकास हुदैछ।

सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरता कार्यक्रमलाई प्रवर्द्धन गर्दै, साक्षरता स्वयंसेवकहरूको परिचालनमार्फत निरक्षर तथा नवसाक्षर वर्गलाई शिक्षामा समावेश गराउने प्रयास भइरहेको छ। यद्यपि, यस्ता केन्द्रहरूको व्यवस्थापन अझै प्रभावकारी हुन नसकेको, तथा साक्षर भइसकेका व्यक्तिहरू निरन्तर सिकाइको अवसरबाट वञ्चित हुँदा पुनः निरक्षर बन्ने जोखिम देखिएको छ। राज्यले शिक्षा मात्र होइन, शिक्षासँग जोडिएको रोजगारी र सीप विकासमा पनि ध्यान दिनुपर्ने आवश्यकता छ। तर राज्यले उपयुक्त रोजगारीको अवसर दिन नसक्दा, र सामुदायिक सिकाइ केन्द्रहरूले पनि दक्षता विकासका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न नसक्दा केही सिकाइ केन्द्रहरू बन्द हुने अवस्थामा पुगेका छन्। नेपालले दक्षिण कोरियाको इन्चोनमा सम्पन्न विश्व शिक्षा मञ्चमा जीवनपर्यन्त सिकाइ प्रवर्द्धन गर्ने प्रतिबद्धता जनाइसकेको सन्दर्भमा, साक्षर, नवसाक्षर तथा कक्षा ५ सम्म नपढेका नागरिकहरूका लागि निरन्तर सिकाइ र जीवनोपयोगी सिप विकासका अवसरहरू सुनिश्चित गर्नु राज्यको प्रमुख दायित्व हो। यसबाट मात्र समावेशी, सक्षम र आत्मनिर्भर नागरिक निर्माण सम्भव हुनेछ, जसले समाजको समग्र रूपान्तरणमा टेवा पुऱ्याउने छ।

### ३.५.२ वर्तमान अवस्था

अनौपचारिक शिक्षा तथा आजीवन सिकाइले शैक्षिक क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। औपचारिक शिक्षा प्रणालीले नछोएका समुदाय, उमेर समूह र व्यक्तिहरूलाई लक्षित गर्दै अनौपचारिक शिक्षा प्रणालीले निरन्तर सिकाइको अवसर प्रदान गर्दै आएको छ। नेपालमा विशेषतः विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) को कार्यान्वयन सन्दर्भमा साक्षरता तथा आजीवन सिकाइका कार्यक्रमहरूमार्फत पहुँचको वृद्धि भएको र गुणस्तरीय सुधारको अपेक्षा गरिएको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट नेपाललाई पूर्ण साक्षर मुलुक बनाउने र जीवनपर्यन्त सिकाइ संस्कृतिको विकास गर्ने लक्ष्य राखेको छ। उक्त नीतिले अपाङ्गता भएका व्यक्तिहरूलाई पनि गुणस्तरीय शिक्षामा पहुँच पुर्‍याई जीवनयापनका लागि सक्षम र प्रतिस्पर्धी नागरिक बनाउने उद्देश्य राखेको छ।

कानेपोखरी गाउँपालिकाको सन्दर्भमा हेर्दा जनगणाना २०७८ अनुसार यस गाउँपलिकाको साक्षरताको अवस्था ७७.८ प्रतिशत रहेको छ। त्यसमा पुरुषको ८५.१ प्रतिशत रहेको छ भने महिलाको प्रतिशत ७१.३ रहेको छ। १० जोड २ वा सोसरह वा उच्च तह उत्तीर्ण गरेकाको अध्ययनको क्षेत्रअनुसारको जनसङ्ख्याको अवस्था हेर्दा सबैभन्दा बढी अध्ययन शिक्षा विषय पढ्ने रहेका छन्।

गाउँपालिकामा १ वटा सामुदायिक सिकाइ केन्द्र रहेको छ। हाल चालु आ.व. २०८२।८३ मा साक्षरताका कक्षाहरू सञ्चालन गरेको पाइएको छ। यसले शिक्षा नपाएका वा विद्यालय छाडेका बालबालिका, किशोर–किशोरी र वयस्कहरूका लागि पुनः सिकाइमा फर्किने अवसर भएको देखिन्छ। साक्षरता तथा निरन्तर सिकाइमा लागेका विभिन्न परियोजनाहरूको सहयोग, सङ्घीय सरकारको साक्षर पालिका घोषणा अभियान, र स्थानीय स्तरमा रहेका सिकाइ केन्द्रहरू यस क्षेत्रका अवसर हुन्।

यद्यपि, अझै पनि विभिन्न समस्या तथा चुनौतीहरू विद्यमान छन्। सामुदायिक सिकाइ केन्द्रहरूको सङ्ख्या सीमित हुनु, रहेका केन्द्रहरूको संस्थागत क्षमता विकास नहुनु, साक्षरता अभावमा पुनः निरक्षर हुने जोखिम, सबै निरक्षरहरूको तथ्याङ्क अभाव, वैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालनमा नहुनु, र जीवनपर्यन्त सिकाइको अवसरको प्रबन्ध गर्न नसकिनु प्रमुख चुनौतीहरू हुन्। यस सन्दर्भमा निम्न कार्यहरू प्राथमिकताका साथ अगाडि बढाउनु आवश्यक देखिन्छः

- सामुदायिक सिकाइ केन्द्रहरूको प्रभावकारी व्यवस्थापन र परिचालन सुनिश्चित गर्ने।
- ती केन्द्रहरूलाई साक्षरता तथा निरन्तर सिकाइमा सशक्त रूपमा प्रयोग गर्ने।
- गाउँपालिकामा रहेका सबै निरक्षरहरूको पहिचान गरी लक्षित कार्यक्रममार्फत साक्षर बनाई "पूर्ण साक्षर पालिका" घोषणा गर्ने।

यसरी अनौपचारिक तथा आजीवन सिकाइ प्रणालीलाई मजबुत बनाइ शिक्षामा समावेशिता, पहुँच र गुणस्तर वृद्धि गर्न सकिने छ, जसले दीर्घकालीन सामाजिक रूपान्तरणमा योगदान दिने छ।

### ३.५.३ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ सम्बन्धी निम्न लिखित उद्देश्यहरु राखेको छः

- गाउँपलिकालाई पूर्ण साक्षर गाउँपलिका घोषणा गर्नु।
- सामुदायिक सिकाइ केन्द्रलाई थप व्यवस्थित गरी निरन्तर सिकाइ तथा आय आर्जनमा परिचालन गर्नु।
- निरन्तर सिकाइका अवसरहरुको विस्तार गर्नु।

### ३.५.४ रणनीतिहरु

यस योजनाका उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिने छः

- साक्षर पालिका घोषणाका लागि समन्वित अभियान सञ्चालन गर्ने। जस्तै पालिका स्तरमा साक्षरता कार्यदल गठन गरिने छ जसले साक्षरता वृद्धिका लागि दीर्घकालीन कार्ययोजना तयार गर्ने। विद्यालय, नागरिक समाज, सञ्चार माध्यम, राजनीतिक दल, टोल विकास संस्था, अभिभावक, तथा विकास साझेदारहरूलाई अभियानमा समावेश गर्ने। सामुदायिक सिकाइ केन्द्रहरू स्थापना गरी प्रत्येक वडामा पूर्ण साक्षरता कार्यक्रम गर्ने।

- शैक्षिक संस्था र युवा शक्तिको परिचालन गर्ने । जस्तै माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई साक्षरता तथा निरन्तर सिकाइसँग सम्बन्धित प्रयोगात्मक कार्यमा संलग्न गर्ने ।
- सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण र विस्तार गर्ने । प्रत्येक वडामा कम्तीमा एक सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने । सामुदायिक सिकाइ केन्द्रहरूलाई सरकारी मापदण्डअनुसार व्यवस्थित गर्न अनुगमन तथा प्राविधिक निर्देशन प्रदान गर्ने । केन्द्रहरूलाई निरन्तर साक्षरता, सिप विकास तथा आयआर्जन कार्यक्रम गर्न व्यवस्था मिलाउने ।
- सूचना प्रविधिको प्रयोग र अध्ययन केन्द्रको विकास गर्ने । सूचना प्रविधिसहितको अध्ययन केन्द्र स्थापना गर्ने । जसले डिजिटल माध्यमबाट निरन्तर सिकाइमा पहुँच पुर्‍याउनेछ । केन्द्रहरूलाई साक्षरता, वैकल्पिक शिक्षा, तथा जीवनोपयोगी सीप प्रशिक्षण दिने स्थलका रूपमा विकास गर्ने ।
- सामुदायिक सिकाइ केन्द्रहरूलाई सरकारी तथा गैरसरकारी निकायसँग समन्वय गरेर थप क्रियाशील बनाउने ।
- विकास साझेदारसँग सहकार्य गरी आर्थिक, प्राविधिक, र मानव स्रोत जुटाउने ।
- कार्यक्रम विकास र पहुँच विस्तार गर्ने । जस्तै साक्षरता कक्षा, वैकल्पिक शिक्षाका कार्यक्रम, तथा आजीवन सिकाइका अवसरहरू विस्तार गर्ने । निरक्षरको विवरण सङ्कलन गरी लक्षित कक्षा सञ्चालन गर्ने ।
- संस्थागत सुदृढीकरण र दीर्घकालीन योजना गर्ने । सामुदायिक पुस्तकालय र सूचना केन्द्रको व्यवस्थापन सिकाइ केन्द्रमार्फत गरिने छ ।
- सीप प्रमाणीकरण र रोजगारमुखी कार्यक्रम सञ्चालन गर्ने । अनौपचारिक रूपमा सिकिएका सीपहरूको प्रमाणीकरण प्रक्रिया सञ्चालन गर्ने । (जस्तै: वैदेशिक रोजगार र पारिवारिक व्यवसायबाट सिकिएका सीप) । आयआर्जन समूह गठन गरी सीपमूलक तालिम र स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने ।

### ३.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**

- सिकाइ केन्द्रहरु थप व्यवस्थित भएको हुनुका साथै पूर्ण साक्षर पालिका घोषणा भएको हुने
- सिकाइ केन्द्रहरु थप व्यवस्थित भई साक्षरता, निरन्तर सिकाइ तथा आयआर्जनका गतिविधिहरुमा क्रियाशिल भएको हुने ।

## प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्रस | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पूर्ण साक्षरता घोषणाको लागि कार्यदल गठन तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | सामुदायिक सिकाइ केन्द्रमार्फत पूर्ण साक्षरता कार्यक्रमहरु सञ्चालन | वडागत | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | पूर्ण साक्षरता घोषणा कार्यक्रम तथा अनिवार्य तथा निःशुल्क कार्यक्रम | पटक | ० | ० | ० | ० | १ | १ | २ | |
| ४ | सामुदायिक सिकाइ केन्द्रको वार्षिक परीक्षण र समीक्षा कार्यक्रम | केन्द्र | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सहयोग | जना | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | सामुदायिक सिकाइ केन्द्र परिचालकको क्षमता विकास तालिम | जना | १० | १० | १० | १० | १० | ५० | १०० | |
| ७ | मा.वि. तहका विद्यार्थी तथा युवालाई निरन्तर सिकाइका लागि परिचालन गर्ने | विद्यार्थी | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| ८ | प्रस्तावनाको आधारमा सामुदायिक सिकाइ केन्द्रलाई साक्षरता र आय आर्जन कार्यक्रम | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | एक निरन्तर सिकाइका लागि सूचना प्रविधिसहितको अध्ययन केन्द्रको स्थापना | वडागत | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | हाल सञ्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रहरुमा कम्तिमा १२ कक्षा उत्तीर्ण पूर्णकालिन परिचालकको व्यवस्था गर्न सोको तलब भत्ता वापतको बजेट अनुदान | जना | १ | १ | १ | १ | १ | ५ | १० | |

# परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा पद्दतिको योजना २०२८ मा सर्वप्रथम विद्यालय तहमा पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत रूपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो । पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरतासगैं विद्यालय तहको पाठ्यक्रम विकास, सुधार, तथा अद्यावधिक गर्ने क्रममै वि. सं.२०७६ मा नयाँ पाठ्यक्रम प्रारुप तयार भई कार्यान्वयन गर्ने क्रममा २०७७ देखि हालसम्म सबै कक्षाको पाठ्यक्रम परिमार्जन भई कार्यान्वयनमा रहेको छ। यसका साथै पाठ्यक्रमले निर्दिष्ट गरे बमोजिम यस गाउँपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन पनि गरेको छ। हाम्रो कानेपोखरी गाउँपालिकामा वि. सं. २०८० देखि कक्षा १ देखि ८ सम्मको लागि स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ। पाठ्यक्रम तथा पाठ्पुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हालसम्म कक्षा १ देखि १० सम्म सबै विषय र कक्षा ११ र १२ का अनिवार्य विषयका पाठ्यपुस्तक नेपाल सरकारले निःशुल्क व्यवस्था गरेको छ। पाठ्यक्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १-३ मा अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरिएको छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरुपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य , परियोजना कार्य वा सामुहिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ। परिवर्तित पाठ्यक्रमअनुसार शिक्षकलाई निश्चित अवधिमा शिक्षकको पेसागत विकास तालिम लिनुपर्ने व्यवस्था गरिएको छ। परीक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गरी आधारभूत तहसम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्दति अपनाइएको छ । सबै कक्षामा अक्षराङ्कन पद्दतिअनुसार नतिजा निकाल्ने परिपाटी अपनाइएको छ ।

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्रीहरुको महत्व धेरै हुन्छ । सिकाइ सहजीकरणका समयमा शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्री जति प्रयोग गर्न सकियो त्यति सिकाइ प्रभावकारी हुने भएतापनि हाल गाउँपालिकामा सिकाइ शिक्षण र सन्दर्भ सामग्रीको उपलब्धता र प्रयोग न्यून रहेको छ । यसका साथै पाठ्यक्रमले निर्दिष्ट गरेको मूल्याङ्कन पद्धति अवलम्बन गरिएको छ भने कक्षा ५ र ८ को पालिका तहबाट स्तरिकृत परीक्षा सञ्चालन भएको देखिन्छ साथै अन्य कक्षाहरुमा पनि परीक्षा प्रणाली थप व्यवस्थित र प्रभावकारी गर्न आवश्यक देखिन्छ। यस पालिकामा समग्र रूपमा हेर्दा विद्यार्थी मूल्याङ्कन अझै पनि प्रभावकारी रूपमा गर्न सकिएको छैन। विद्यार्थी मूल्याङ्कनका लागि शिक्षकलाई परिवर्तित मूल्याङ्कन प्रणालीको ज्ञान सही रूपमा नहुनु तथा गाउँपालिका तहबाट पनि विभिन्न कक्षाको परीक्षाका लागि स्पष्ट रूपमा अनुगमन तथा सहायता नहुनु पनि समस्याको रूपमा रहेको छ। परीक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गरी आधारभूत तहसम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्दति अपनाइएको छ । सबै कक्षामा अक्षराङ्कन पद्धतिअनुसार नतिजा निकाल्ने परिपाटि अपनाइएको छ। पाठ्यक्रमलाई सही रूपमा कार्यान्वयन गर्नका निमित्त शैक्षिक सामग्रीको रूपमा पाठ्यपुस्तकलाई लिइन्छ र यसका लागि सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १० सम्मका सम्पूर्ण विद्यार्थीलाई नि:शुल्क पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ साथै कक्षा ११ र १२ का अनिवार्य विषयहरु नेपाल सरकारले नि:शुल्क व्यवस्था गरेको छ ।

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि विषयगत शिक्षकको व्यवस्था गर्नु, स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास गर्नु, सबै शिक्षकलाई नयाँ पाठ्यक्रमको अभिमुखीकरण गर्नु, समयअनुसार अद्यावधिक गर्नु, सबै विद्यालयमा प्रयाप्त सन्दर्भ सामग्रीको व्यवस्थापन र प्रयोग तथा शिक्षकका लागि सहायता सामग्रीहरुको व्यवस्थापन गर्नु,

अपाङ्गता भएका बालबालिकाको लागि अनुकूलको पाठ्सामग्रीको व्यवस्था गर्ने आदि पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयनका चुनौतिहरु रहेका छन् भने माध्यमिक तहसम्म निःशुल्क पाठ्यपुस्तकको व्यवस्था, शिक्षक निर्देशिकाको व्यवस्था, परीक्षा र मूल्याङ्कन प्रणालीमा सुधार, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन जस्ता अवसरहरु रहेका छन् ।

### ४.१.२ उद्देश्य

यस योजनाले पाठयक्रम तथा मूल्याङ्कन सम्बन्धी निम्न लिखित उद्देश्यहरू राखेको छ :

- विद्यालय तहमा तोकिएको पाठ्यक्रमलाई पूर्ण रुपमा कार्यान्वयन गर्नु।
- स्थानीय परिवेश बमोजिम तोकिएका तहमा स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा कार्यान्वयन गर्नु।
- सिकाइका लागि मूल्याङ्कन प्रणालीका रुपमा रहेको तोकेको विद्यालय तहको मूल्याङ्कन प्रणाली लागू गर्नु।
- सिकाइ उपलब्धिको विश्लेषण तथा छलफल गरी शिक्षण सुधार योजना बनाउने अभ्यास लागू गर्नु।
- विद्यालय तहको परीक्षा प्रक्रिया तथा अभिलेखीकरणलाई थप प्रभावकारी बनाउनु।
- पाठ्यक्रम तथा शैक्षिक सामग्रीहरूको शिक्षक तथा विद्यार्थीको पहुँचमा वृद्धि गर्नु।

### ४.१.३ रणनीति

यस योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छः

- विद्यालय तहमा तोकिएको पाठ्यक्रम पूर्ण रूपमा कार्यान्वयन गर्ने र नवनिर्देशित राष्ट्रिय पाठ्यक्रम प्रारूप लागू गर्ने।
- शिक्षकहरूलाई पाठ्यक्रमका उद्देश्य, संरचना र सामग्रीअनुसार प्रबोधन तालिम प्रदान गरी पेशागत क्षमता वृद्धि गर्ने।
- स्थानीय परिवेशअनुसार स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री विकास गरी कार्यान्वयन गर्ने।
- मातृभाषा, स्थानीय भाषा र बहुभाषिक प्रयोगलाई आवश्यकतानुसार पाठ्यक्रममा समावेश गर्ने।
- विद्यालय मूल्याङ्कन प्रणाली लागू गरी निरन्तर मूल्याङ्कन, परियोजना कार्य, कक्षा सहभागिता र मूल्याङ्कन नतिजामा आधारित शिक्षण–सिकाइ सुधार सुनिश्चित गर्ने।
- परीक्षा सञ्चालन, अभिलेखीकरण र अङ्क व्यवस्थापनलाई प्रभावकारी बनाउने।
- शिक्षक र विद्यार्थी दुवैलाई आवश्यक पाठ्यपुस्तक, पाठ्यसामग्री, स्व-अध्ययन सामग्री र डिजिटल स्रोत उपलब्ध गराउने।
- सामुदायिक पुस्तकालय, ई–पुस्तकालय र सिकाइ केन्द्रमार्फत सामग्रीको पहुँच सुनिश्चित गर्ने।
- वातावरणीय चेतना, जलवायु परिवर्तन, स्वास्थ्य, पोषण र अन्य प्रासङ्गिक विषयलाई स्थानीय पाठ्यक्रम र सामग्रीमा समायोजन गर्ने।
- विपद्, महामारी वा अन्य संकटको अवस्थामा वैकल्पिक माध्यममार्फत सिकाइ निरन्तरता सुनिश्चित गर्ने।
- विद्यार्थीको सिकाइ उपलब्धि विश्लेषण गरी सुधार योजना तयार पार्ने, पाठ्यक्रम कार्यान्वयनको गुणस्तर अनुगमन गर्ने र आवश्यक प्रशासनिक सहायता उपलब्ध गराउने।

### ४.१.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | स्थानीय पाठ्यक्रमको पुनरालोकन विकास र कार्यान्वयन | पटक | ० | ० | ० | ० | १ | १ | २ | |
| २ | स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक विकास र वितरण | कक्षा | २ | २ | २ | १ | १ | ८ | १६ | |
| ३ | पाठ्यक्रमसम्बन्धी प्रबोधीकरणमा आधारित क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | विद्यालय तहको मूल्याङ्कन सम्बन्धी क्षमता विकास तथा सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको वितरण | विद्यालय | २१ | ० | ० | ० | ० | २१ | ४२ | |
| ६ | वार्षिक रुपमा सिकाइ उपलब्धी विश्लेषणको प्रतिवेदन तयार र छलफल अन्तरक्रिया कार्यक्रम (विद्यालय तथा पालिका स्तरीय) | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | शिक्षण सुधार योजना तयार र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | पाठ्यक्रम कार्यान्वयन सम्बन्धी समीक्षाको लागि घुम्ती शिक्षक बैठक सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | पालिका स्तरीय कक्षा ५ र ८ को परीक्षा सञ्चालन | जना | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ४००० | |
| १० | कक्षाकोठामा आधारित कक्षा पढाइ तथा गणितीय सीप परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | विद्यालय तह कक्षा १ बाट १२ सम्मको मूल्याङ्कन सहयोगी पुस्तिका तयार र वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | विद्यालय तहको मूल्याङ्कन प्रक्रियाको अनुगमन तथा सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ वर्तमान अवस्था

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रूपमा दक्ष पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षक व्यवस्थापनको यही महत्त्व र उपादेयतालाई मध्यनजर राखी प्रारम्भिक बालविकास केन्द्रका सहयोगी कार्यकर्तालाई समेत शिक्षकको रूपमा स्वीकार गर्दै प्रस्तुत एकाइमा बालविकासदेखि माध्यमिक तहसम्मको शिक्षकको सम्बन्धमा विश्लेषण एवम् योजना निर्माण कार्यलाई समेटिएको छ । नेपालमा शिक्षा मन्त्रालयले शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्दछ । प्रदेश तहमा रहेका शिक्षा तालिम केन्द्रहरु मार्फत तालिम र क्षमता विकासका गतिविधिहरु अगाडि बढेका छन् । शिक्षक अध्यापन अनुमति पत्रसम्बन्धी काम र रिक्त शिक्षक दरबन्दीमा स्थायी पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्ने गरेको छ भने आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति गर्ने कार्य शिक्षा विकास तथा समन्वय एकाइ र पदस्थापन स्थानीय तहहरूबाट हुने गरेको छ । यसैगरी अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य पनि स्थानीय तहबाट हुने गरेको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने प्रशिक्षक तयार गर्ने कार्य गर्दछ भने प्रदेश अन्तर्गतका शिक्षा तालिम केन्द्रहरूले शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम गर्दै आएका छन् । तत्कालीन शिक्षा विभागले बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुका लागि १६ दिने तालिम तत्कालीन जिल्ला शिक्षा कार्यालयहरुले सञ्चालन गरेको थियो भने हाल उक्त तालिम अघि बढेको देखिदैन । शिक्षक व्यवस्थापनसँगै शिक्षकको क्षमता विकास र परिचालन उत्तिकै महत्व हुन्छ । शिक्षकको पेसागत दक्षता र पेसागत विकासका आधारमा नै शिक्षक परिचालित हुने र सिकाइ क्रियाकलापहरु प्रभावकारी हुने हुन्छन ।

कानेपोखरी गाउँपालिकाको शिक्षक अवस्था दृष्टिगत गर्दा बालविकासमा ३५ जना महिला शिक्षकहरू रहेको देखिन्छ । आधारभूत तह (कक्षा १-५) मा स्थायी शिक्षकहरू १०० र राहत ११ समेत १११ जना रहेका छन् । आधारभूत तह (कक्षा ६-८) मा स्थायी शिक्षकहरू ३९, राहत ५ र शिक्षण सहयोग अनुदान २ समेत ४६ जना रहेका छन् । त्यसैगरी माध्यमिक तह (कक्षा ९-१०) मा स्थायी शिक्षकहरू २२, राहत १२ र शिक्षण अनुदान ९ समेत गरी ४३ जना मात्र रहेका छन् । कक्षा ११ र १२ मा मात्र ९ जना शिक्षकहरु रहेका छन् । स्थानीय तहबाट नियुक्ति गरेका आधारभूत तहका ७ जना र माध्यमिक तह कक्षा ११ -१२ को लागि १ जना गरी ८ जना थप शिक्षकहरुको व्यवस्था गरिएको छ ।

शिक्षकको क्षमता विकास र पेसागत सहयोगको हकमा पालिकामा पेसागत सहयोगका गतिविधिहरु पर्याप्त भएका छैनन् । शिक्षक पेसागत विकास र प्रोत्साहनका कार्यक्रमहरु नियमित रूपमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ । शिक्षकको नियमित सिकाइ आदान प्रदान र उत्प्रेरणाकासाथै नियन्त्रण प्रभावकारी बनाउन सकेमा शिक्षक व्यवस्थापन नमुना योग्य हुने र सेही बमोजिमका उपलब्धिहरु हासिल गर्न सकिने देखिन्छ । यस गाउँपालिकामा प्रारम्भिक बालविकास र शिक्षामा पालिकाबाट बालविकास शिक्षकका लागि थप प्रोत्साहन भत्ताको व्यवस्था भएको छ भने अन्य शिक्षक प्रोत्साहनका कार्यक्रमहरु हुन सकेका छैनन् । शिक्षक तालिमलाई वास्तविक आवश्यकतामा आधारित बनाउन र तालिममा सिकेका ज्ञान तथा सिपलाई कक्षाकोठामा प्रयोग गराउन आवश्यक देखिन्छ भने दरबन्दी मिलान र वितरणका कार्यलाई प्रभावकारी रूपमा लैजान आवश्यक देखिन्छ । गाउँपालिकामा शिक्षक पेसागत सहयोग पद्धति विकासका लागि सिकाइ समुह गठन, रोष्टर शिक्षक व्यवस्थापन, शिक्षकबिच सिकाइ आदान प्रदान जस्ता कार्य गराउन आवश्यक देखिन्छ । यस कानेपोखरी गाउँपालिकामा अध्यापन गर्ने सबै शिक्षकहरुलाई टीपीडी तालिमको मूलधारमा ल्याउनु, शिक्षक तालिमलाई वास्तविक आवश्याकतामा आधारित बनाउन र

तालिममा सिकेका ज्ञान तथा सिपको कक्षाकोठामा प्रयोग, शिक्षण पेसालाई रोजाइको पेसाको रूपमा विकास गर्नु तथा विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु यस गाउँपालिकाका शिक्षक व्यवस्थापनका प्रमुख चुनौती रहेकाले यस क्षेत्रमा ध्यान पुर्याउन आवश्यक देखिन्छ ।

### ४.२.२ उद्देश्य

१. तहगत रूपमा शिक्षकको प्रभावकारी वितरण र व्यवस्थापन गर्नु (सङ्घ तथा प्रदेश सरकारसँग समन्वय) र यसका लागि शिक्षक पुनः वितरण र व्यवस्थापन कार्य प्रभावकारी र नियमित गर्नु,
२. निरन्तर पेसागत सहायतता प्रणाली स्थापनासंगै शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,
३. शिक्षक तथा विद्यालय कर्मचारी प्रोत्साहन, निरन्तर पेसागत विकास र सिकाइ आदान प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु,
४. खेल, कम्प्यूटर लगायत अतिरिक्त क्रियाकलापका लागि शिक्षक व्यवस्थापन र परिचालन गर्नु ।

### ४.२.३ रणनीति

१. शिक्षक सक्षमता प्रारुपलाई अद्यावधिक गरी यसलाई शिक्षक तयारी र छनौट प्रक्रियामा आबद्ध गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने,
२. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान एवम् दरबन्दी पुनर्वितरण तथा थप गर्ने कार्यलाई सहजीकरण गर्ने र प्राविधिक शिक्षाका लागि पनि शिक्षक व्यवस्थापन र क्षमता विकास गर्ने,
३. तहगत रूपमा शिक्षकको योग्यता र दक्षताका लागि कार्यहरु गर्ने,
४. शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी छोटो अवधि र लामो अवधिका सेवाकालीन तालिम प्रदान गर्ने कार्यलाई अनिवार्य र प्रभावकारी बनाइने,
५. गाउँपालिका स्तरीय शिक्षक पेसागत सहयोगमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने छ । यसका लागि गाउँपालिकामा विषयगत शिक्षक सञ्जाल तथा आवश्यकताअनुसार अनुभवी शिक्षकहरुबाट सहयोग तथा अनुगमनको पद्धति विकास गर्ने,
६. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरी नतिजा प्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी सो को कार्यान्वयन गर्ने ।
७. प्रत्येक तहमा पुरस्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले प्रभावकारी बनाइने र विद्यालय कर्मचारीलाई प्रोत्साहनको व्यवस्था गर्ने,
८. अर्को स्थानीय तह वा जिल्लाबाट यस गाउँपालिकामा सरुवा भएर आउन चाहने शिक्षकहरुका निम्ति सूचना तथा सञ्चार प्रविधिमा शिक्षकको दक्षता सहितको मापदण्डको निर्माण र कार्यान्वयनलाई प्रमुख प्राथमिकतामा राख्ने ।
९. भौगोलिक क्षेत्रका आधारमा गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई अतिरिक्त प्रोत्साहन भत्ताको व्यवस्थापन गर्ने,
१०. गाउँपालिकाका सबै शिक्षकहरुको स्वास्थ्य बीमा अनिवार्य गर्ने,

११. अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिलाई शिक्षण पेसामा सहभागी हुन पाउने अवसर एवम् क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गर्ने,

१२. सबै शिक्षकहरुले सिकाइमा सुधार गर्नका लागि अनिवार्य रूपमा कार्यमूलक अनुसन्धान गर्न लगाउँने र उत्कृष्ट अनुसन्धानलाई गाउँपालिकाबाट प्रकाशन र सम्प्रेषण गर्ने साथै शिक्षक क्षमता विकासमा प्रविधिलाई जोड दिने,

१३. गाउँपालिकास्तरमा सेवा निवृत्त शिक्षक र शिक्षा प्रशासनका अधिकृतहरु सम्मिलित विज्ञ टोलीको गठन गरी शिक्षकहरुको पेसागत सहयोगको कार्यमा परिचालन गरिने छ।

१४. खेल नृत्य तथा मनोपरामर्श सहजकर्ताको व्यवस्था गर्ने तथा शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने,

१५. प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकास सेवाकालिन तालिम अनिवार्य बनाइने छ।

पृष्ठपोषण प्रति २०८२

### ४.२.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक रुपमा आवश्यकताको आधारमा दरबन्दी मिलान तथा शिक्षक सरुवा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | स्वयम्सेवक शिक्षकको नियुक्ति | जना | १० | १० | १० | १० | १० | ५० | १०० | |
| ३ | पालिका स्तरीय शिक्षक पेशागत विकास तालिम | जना | ३० | ३० | ३० | ३० | ३० | १५० | ३०० | |
| | पालिका स्तरीय शिक्षकको मागमा आधारित छोटो अवधिका तालिम | इभेन्ट | २ | २ | २ | २ | २ | १० | २० | |
| ५ | मासिक सिकाइ केन्द्रित स्टाफ बैठक | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| ६ | चौमासिक घुम्ति शिक्षक बैठक | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ७ | शिक्षकले कक्षाकोठामा बिताउने समयको लागि लकबुक सञ्चालन | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| ८ | शिक्षकको पेशागत सहयोग प्रणालीको कार्यान्वयनको लागि शिक्षक सहयोग अधिकृत नियुक्ति र परिचालन | जना | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | शिक्षण सुधार योजनाको निर्माण तथा कार्यान्वयन | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| १० | शैक्षिक सामग्रीको निर्माण (एक शिक्षकले एक माहिनामा १५ वटा) | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| ११ | दैनिक पाठयोजना वा पाठनोट को निर्माण | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| १३ | पालिका स्तरीय कार्यमूलक अनुसन्धानको नतिजा प्रस्तुत गर्न शिक्षक सम्मेलन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४ | निश्चत सूचकको आधारमा शिक्षक सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| **१५** | राम्रा अभ्यासहरुको लागि शिक्षक अध्ययन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

### ४.३ शिक्षामा समता र समावेशीकरण

#### ४.३.१ वर्तमान अवस्था

हाम्रो समाजमा विविध किसिमका नागरिकहरु रहेका छन् । नेपालको संविधान २०७२ ले अपाङ्गता, भूगोल, आर्थिक तथा सामाजिक रूपमा पछाडि पारिएका व्यक्ति समूहको समान, समतापूर्ण सहभागिता सुनिश्चित गर्ने कुरा परिकल्पना गरेको छ । शिक्षामा सबैको समान र समतामूलक पहुँचले नै शैक्षिक गुणस्तर कायम गर्न सकिन्छ । कुनै पनि कारणले बालबालिकाहरु शिक्षाको पहुँचभन्दा बाहिर रहनु हुँदैन । विभिन्न कारणहरु जस्तै दलित , अल्पसङ्ख्यक, विपन्न जनजाति तथा अपाङ्गता भएका, सामाजिक तथा सांस्कृतिक कारणले एवम् दुर्गम भौगोलिक दुर्गमताका कारणले बालबालिकाहरुका लागि शैक्षिक पहुँच समान अवसरको रूपमा पुगेको देखिँदैन । यसर्थ शिक्षामा समता र समावेशीकरणमार्फत सबैको सहभागिता सुनिश्चित गर्नु पर्ने देखिन्छ । शिक्षा आफैमा एक सामाजिक कार्य भएकोले शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्न अति आवश्यक छ ।

कानेपोखरी गाउँपालिकामा रहेका जम्मा २१ वटा सामुदायिक विद्यालयहरुमा हेर्दा अपाङ्गता भएका बालबालिकाहरु जम्मा १६ जना विद्यालयमा अध्ययनरत रहेका छन् । गाउँपालिका विभिन्न वर्ग र उमेर समूहका अपाङ्गता भएका नागरिक जम्मा ५५० जना रहेका छन् । जम्मा अध्ययनरत बालबालिका मध्ये जनजाति बालबालिका ९५० र दलित बालबालिका २०५ रहेका छन् । यस गाउँपालिकामा अपाङ्गता भएका बालबालिकाको लागि विशेष कक्षाहरु सञ्चालन हुन सकेको छैन । यस पालिकामा जम्मा ५ जना अपाङ्गता भएका शिक्षकहरु रहेका छन् र उनीहरुलाई गाउँपालिकाले अपाङ्गता सहायता सामग्री उपलब्ध गराएको छ । अपाङ्गता भएका बालबालिकाको लागि पनि अपाङ्गता सहायता सामग्री उपलब्ध गरिएको छ भने अपाङ्गता, दलित र छात्रा छात्रवृत्ति उपलब्ध गराउदै आएको छ । विद्यालयमा विभेद तथा दुर्व्यवहार जस्ता विषयहरुलाई न्यूनीकरण गर्न हरसम्भव प्रयास गरिएको छ । विद्यालयमा लैङ्गिक फोकल व्यक्तिहरु रहने गरी लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी रणनीतिक योजना २०८० निर्माण गरी कार्यन्वयन गरिएको छ । यसैगरी लैङ्गिक हिंसा निवारण कोष, बालकोष स्थापना तथा बाल अधिकार संरक्षण र प्रवर्द्धनसम्बन्धी कार्यविधि, २०८० तथा महिला विकास कार्यक्रम कार्यविधि, २०८० तयार गरी कार्यन्वयन गरिएको र यसले समता र समावेशी सम्बन्धी कार्य गरेको छ । यसैगरी लैङ्गिक समता सूचकको हिसाबमा प्रारम्भिक बालविकासमा ०.९७, आधारभूत तहमा ०.९९ र माध्यमिक तहमा ०.९८ रहेको छ । समग्रममा सामुदायिका विद्यालयमा लैङ्गिक समाता सूचक भने राम्रो रहेको छ ।

अनाथ, घरेलु हिंसा पीडित, द्वन्द पीडित, सहिद परिवार, बेपत्ता घाइते, अपाङ्ग सबै किसिमका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउनका लागि पालिकाले विभिन्न कामहरू गरिरहेको छ । छात्रवृत्ति, अपाङ्गमैत्री विद्यालय, बालमैत्री विद्यालय, दिवाखाजा लगायतका कामहरू गाउँपालिकाले गरीरहेको छ, तर पनि समावेशी शिक्षाको हकमा धेरै काम गर्न बाँकी छ । यस गाउँपालिकामा अपाङ्ग भएका बालबालिकाहरू स्रोत विद्यालयको व्यवस्थापन हुन नसक्दा अहिले पनि शिक्षाको मूलधारमा पुग्न सकेको देखिँदैन । विद्यालयमा शिक्षामा कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्न, विशेष सुविधाको आवश्यकता पर्ने बालबालिकाहरुलाई सिकाइका लागि आवश्यक पर्ने सहयोग गर्ने प्रणाली प्रभावकारी व्यवस्थापन गर्नु, सबै प्रकारका अपाङ्गता भएका बालबालिकाहरुका लागि विशेष शिक्षाको सुनिश्चितता गर्नु, विद्यालयका पूर्वाधारहरुलाई छात्रामैत्री र अपाङ्गमैत्री बनाँउनु र स्रोत कक्षाको सञ्चालन तथा व्यवस्थापनमा प्रभावकारिता अभिवृद्धि गर्नु यस क्षेत्रमा देखिएका मुख्य चुनौतीका विषयहरु हुन् । शिक्षक नियुक्तिमा स्थानीय, महिला, अपाङ्गता भएका तथा विपन्न वर्गलाई प्राथमिकतामा राखेर प्रक्रिया बढाईएको छ ।

नेपालको संविधानमा कमजोर वर्गका बालबालिकाहरुलाई आधारभूत र माध्यमिक शिक्षामा निःशुल्क तथा अपाङ्ग बालबालिकाहरुलाई उच्च शिक्षासम्म निः शुल्क दिइने व्यवस्था, छात्रा र दलित एवम् सीमान्तकृत बालबालिकाहरुका लागि

छात्रवृत्ति प्रदान गर्नु, विद्यालय एवम् कक्षाकोठामा विविधता व्यवस्थापनको पाटो सशक्त बन्दै जानु, पालिकाले कमजोर वर्गको शिक्षामा पहुँच पुर्याउनका लागि खेल्दै गरेको भूमिका, शिक्षकलगायत हरेक पेसामा आरक्षणको व्यवस्था लागू गरीनु आदि यस क्षेत्रका सम्बन्धमा अवसरहरु रहेका छन् ।

**४.३.२ उद्देश्य**

यस पालिकाको शिक्षा योजनामा शिक्षामा समता र समावेशीकरणका लागि देहायबमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन्ः

- महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुर्‍याउनु।
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु।
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुनिश्चित गर्नु।
- शैक्षिक सुशासनका लागि विद्यमान संरचनालाई जवाफदेही बनाउनु।
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विवधता, समता तथा समावेशिता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउनु।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता गर्नु।

**४.३.३ रणनीतिहरू**

माथि उल्लिखित उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छः

- विद्यालयबाहिर रहेका बालबालिकाको स्थिति, कारण र आवश्यकता पहिचान गर्ने र प्राप्त विवरणका आधारमा बालबालिकालाई विद्यालयमा समावेश गरी विशेष कार्यक्रम सञ्चालन गर्ने।
- लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक पूर्वाधार (जस्तैः र्‍याम्प, छुट्टै शौचालय, सुरक्षित कक्षा, पिउने पानी, पर्खाल) निर्माण गर्ने।
- विपन्न, दलित, अपाङ्गता भएका, तथा सीमान्तकृत बालबालिकालाई पोसाक, स्टेशनरी, सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराउने।
- सबै विद्यालयहरूमा भेदभावरहित, समावेशी र बालमैत्री वातावरण सिर्जना गर्ने।
- बालमैत्री शिक्षण विधिहरूमा शिक्षकलाई अभिमुखीकरण गर्ने।
- किशोरी शिक्षा तथा मनोसामाजिक सशक्तिकरण कार्यक्रम सञ्चालन गर्ने।
- प्रत्येक विद्यालय तथा पालिकामा लैङ्गिक सम्पर्क व्यक्ति तोक्ने, जसले लैङ्गिक मुद्दा सम्बोधन र समन्वय गर्ने।
- विद्यालयको सबै गतिविधिमा वर्ग, जात, लिङ्ग, समुदाय, क्षमता आदिमा आधारित समावेशी सहभागिता सुनिश्चित गर्ने।

### ४.३.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | बालमैत्री प्रारुप सम्बन्धी विद्यालयको प्रतिनिधिलाई तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | साझेदारीमा आधारित प्रस्तावनाको आधारमा बालमैत्री प्रारुप कार्यान्वयन सहयोग कार्यक्रम | पटक | ५ | ५ | ५ | ३ | ३ | २१ | ४२ | |
| ३ | लैङ्गिक सम्पर्क व्यक्तिको छनोट र क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | छात्रा समावेशी सञ्चालनको निर्माण र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | मनोपरामर्श, करियर तथा उत्प्रेरणा सम्बन्धी तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | पहुँचयुक्तता लेखाजोखा | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| ७ | पहुँचयुक्तता लेखाजोखाको आधारमा भौतिक संरचनालाई पहुँचयुक्त बनाउन सहयोग कार्यक्रम | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| ८ | प्रारम्भिक पहिचान र आवश्यक सहयोग कार्यक्रम | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| ९ | समावेशी शिक्षक शिक्षा तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | विद्यालय जान नसक्ने बालबालिकाहरुको लागि घरमै विद्यालय कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | पिछडिएका वर्गका बालबालिकाहरुका लागि सिकाइ प्रोत्साहन तथा छात्रवृति कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | श्रवण/बहिरा र बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि साथै अन्य प्रकारका अपाङ्गता भएका बालबालिकाका लागि शिक्षण सिकाइ सामग्री, ब्रेल किताब, श्रवण सामग्री र थप सामग्रीहरु वितरणका लागि बजेट अनुदान वा समावेशी सिकाइ सामग्री | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| १३ | अपाङ्गता भएका बालबालिकाहरुको लागि प्रारम्भिक सिकाइ केन्द्र (स्रोत कक्षा सञ्चालन तथा व्यवस्थापन) | विद्यालय | ० | १ | १ | १ | १ | ४ | ८ | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

बालबालिकाको विकास तथा सिकाइसँग उनीहरुको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकाको बौद्धिक, मानसिक, सामाजिक र शारिरिक विकास भई सिकाइ उपलब्धिमा सुधार गर्न प्रोत्साहित गर्दछ । अझैपनि  कुपोषणका कारणले नेपालसहित दक्षिण एसियामा रहेका बालबालिकाको मृत्युको प्रमुख कारण रहेको देखिन्छ । सरसफाइको कमी, सन्तुलित आहार नहुनु ,पोषणयुक्त खानाको कमीका कारणले बालबालिकामा विभिन्न किसिमका रोगहरू उत्पन्न हुँदा बालबालिकाहरु विद्यालयमा नियमित नहुँदा उनीहरुको शैक्षिक वातावरणमा नकरात्मक प्रभाव परेको छ साथसाथै मानसिक समस्याहरु देखिन्छन् । पोषणका साथसाथै सरसफाइ तथा स्वच्छता अति आवश्यक हुन्छ । व्यक्तिगत सरसफाइ, घरयासी सरसफाइ, विद्यालयको सरसफाइ, वातावरणीय सरसफाइले बालबालिकाको स्वस्थ जीवनमा सहयोग पुर्याउँदछ । विद्यालयमा हुने दिवाखाजा, स्वच्छ खानेपानी, महिनावारी स्वच्छता व्यवस्थापन तथा बालबालिकाको स्वास्थ्य जाँच, खोप लगायतका कार्यक्रमहरु यस अन्तर्गत पर्दछन् । कक्षा ६ देखि १२ सम्म अध्यनरत छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका तथा निःशुल्क सरसफाइ प्याड वितरण कार्यक्रमलाई तथा केही विद्यालयहरुमा इन्सिनिरेटरको व्यवस्थापन र प्रयोगले सरसफाइमा सहायता गर्दै आएको छ ।

सरसफाइ तथा स्वच्छता गुरुयोजना २०११, विद्यालय स्वास्थ्य र पोषण रणनीति २००६, विद्यालय क्षेत्र विकास कार्यक्रम सन् २०१६ देखि २०२३, बालमैत्री विद्यालय फ्रेमवर्क लगायतका नीति, पूर्ण सरसफाइ निर्देशिका लगायतले स्पष्ट रूपमा विद्यालयको खानेपानी तथा सरसफाइ तथा पोषणको बारेमा दिशा निर्देशन गरेका छन् । विद्यालयमा छात्र र छात्राका लागि युरिनल सहितका फरक फरक शौचालय, शौचालयमा नियमित पानी, नियमित सरसफाइ, सहज हात धुने व्यवस्था, स्वच्छ खानेपानी र सरसफाइका न्यूनतम रूपमा हुनुपर्ने र सोही बमोजिम विद्यालयमा कार्यान्वयन हुनै पर्ने व्यवस्थाको उल्लेख गरेको छ । विद्यालयमा पानी, शौचालय, वातावरणीय सरसफाइ, सफा र हरियाली वातावरण, स्वच्छता सुविधा, स्वच्छता शिक्षा, महिनावारी स्वच्छता व्यवस्थापन सुविधा, लगायतको व्यवस्थापनले विद्यालयको पोषण तथा सरसफाइमा मद्दत पुर्‍याएको छ । बालबालिकाहरुको नियमित रूपमा स्वास्थ्य शिक्षा, स्वास्थ्य परीक्षण, नियमित खोप, भिटामिन, आइरन चक्की तथा शुक्ष्म पोषक तत्वहरुको वितरण जस्ता कार्यहरु समुदाय तथा विद्यालयमा नियमित हुनुपर्दछ ।

कानेपोखरी गाउँपालिकामा रहेका २१ वटा सामुदायिक विद्यालयहरुमा कक्षा प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्म रहेका सबै बालबालिकाका लागि दिवाखाजा कार्यक्रम सञ्चालन गरिएको छ । दिवाखाजा अन्तर्गत विद्यालयले मेनु निर्माण गरी पत्रु (जङ्ग फुड) खाजा निरुत्साहित गर्नका लागि स्थानीय स्तरमा उत्पादन भएका अर्गानिक खाजा खुवाउने व्यवस्था गरेको छ । अझै केही विद्यालयहरुले पत्रु (जङ्ग फुड) खाजा खुवाउने गरेकाले पालिकाले स्थानीय परिवेशअनुसारको खाजा मेनु तयार गरी कार्यान्वयन गर्न आवश्यक छ । यसैगरी पालिकाले माध्यमिक तहका सबै विद्यालयहरुमा स्वास्थ्य तथा पोषण सप्ताह (जेठ १ देखि ७ गते सम्म) मनाँउदै आएको छ । यसैगरी महिनावारी स्वच्छता अन्तर्गत कक्षा ६ देखि १२ कक्षासम्मका विद्यालयहरुमा सेनिटरी प्याड वितरण गर्ने कार्य पनि गरिरहेको छ । हाल ८ वटा विद्यालयहरुमा स्यानीटरी प्याड डिस्पोजलको व्यवस्था रहेको छ । साथै शुद्ध खानेपानीको प्रयोग गर्ने विद्यालय १६ रहेका छन् । बालबालिकाको लागि प्राथमिक उपचार किटको व्यवस्थापन भएको विद्यालय १४ वटा रहेका छन् । प्राय: सबै विद्यालयमा छात्र र छात्रा शौचालय भएको र १८ वटा विद्यालयका शौचालयमा पानीसमेत व्यवस्था भएको छ । हाल १३ वटा बालविकास शिक्षा केन्द्रहरुमा मैत्रीपूर्ण शौचालयको व्यवस्थापन भएको छ । विद्यालय सरसफाइ अन्तर्गत कक्षाकोठाको सरसफाइ, विद्यालयको वातावरणीय सरसफाइ, स्वच्छ खानेपानीका

लागि फिल्टको व्यवस्था, क्लेरिनेशन लगायतका कार्य गरेको छ । यसका साथै विद्यालय स्वास्थ्यअन्तर्गत सबै विद्यालयमा प्राथमिक उपचार किट वितरण, नियमत स्वास्थ्य चेकजाँच, विद्यालयम पोषण कर्नर साथै माध्यमिक तहका सबै विद्यालयमा पोषणको महत्व तथा व्यवहार परिवर्तन, मानसिक स्वास्थ्य, लाग औषध दुर्वयसनी सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु सञ्चालन भएका छन् ।

**४.४.२ उद्देश्य**

यस योजनाले दिवा खाजासहित स्वास्थ्य तथा पोषण सम्बन्धी निम्न लिखित उद्देश्यहरू राखेको छः

- विद्यालयका बालबालिकाहरूलाई स्वस्थ्य तथा पोषणयुक्त आहारको सुनिश्चित गर्नु ।
- विद्यालयमा कार्यान्वियन रहेको खाजा कार्यक्रमको कार्यान्वयनमा सुधार ल्याउनु ।
- विद्यालयका बालबालिकाहरूको स्वास्थ्य पोषण तथा सरसफाई सम्बन्धी सकारात्मक व्यवहारको विकासमा सुधार ल्याउनु ।

**४.४.३ रणनीति**

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छ ।

- दिवा खाजा कार्यक्रमलाई विस्तार गर्दै आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने।
- अभिभावकको सहभागितामा माध्यमिक तहका विद्यार्थीका लागि पनि खाजाको व्यवस्था गर्ने।
- दिवा खाजा सञ्चालनका लागि विद्यालयमा आवश्यक भौतिक तथा व्यवस्थापकीय सुविधा विस्तार गर्ने।
- विद्यार्थी सङ्ख्याअनुसार पर्याप्त पानी, साबुन र सरसफाइ सामग्रीको व्यवस्था गर्ने।
- छात्र र छात्राका लागि अलग–अलग शौचालय र युरिनल निर्माण गर्ने तथा हात धुने ठाउँको व्यवस्था गर्ने।
- किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन तथा महिनावारी स्वच्छता व्यवस्थापनको सुविधा उपलब्ध गराउने।
- विद्यालयमा स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसरको सरसफाइ र घेराबारको व्यवस्था गर्ने।
- प्राथमिक उपचार किट, आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि, भिटामिन ए र आइरन फोलिक एसिड वितरण गर्ने।
- छात्राहरूका लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रसँग सहकार्य गरी नियमित र प्रभावकारी बनाउने।
- स्वास्थ्य, पोषण, सरसफाइ र दिवा खाजा कार्यक्रमको दिगोपनका लागि तीनै तहका सरकार, निजी क्षेत्र, अभिभावक र विकास साझेदारसँग सहकार्य गर्दै अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने।

### ४.४.४ प्रमुख क्रियाकलापहरु र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | दिवा खाजा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखीकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | दिवा खाजा कार्यक्रम संचालन तथा व्यवस्थापन | जना | ७५० | ७५० | ७५० | ७५० | ७५० | ३७५० | ७५०० | |
| ३ | साप्ताहिक खाजा कार्यक्रमको अनुगमन तथा निरीक्षण | विद्यालय | २१ | २१ | २१ | २२१ | २१ | ३०५ | ६१० | |
| ४ | एक विद्यालय एक फूलबारी वा हरित विद्यालय कार्यक्रम | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| ५ | साप्ताहिक सरसफाइ कार्यक्रम | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| ६ | स्वास्थ्य पोषण तथा सरसफाइ सम्बन्धित सचेतनामूलक कार्यक्रम | विद्यालय | २१ | २१ | २१ | २२१ | २१ | ३०५ | ६१० | |
| ७ | चौमासिक रुपमा स्वास्थ्य परीक्षण तथा परामर्श कार्यक्रम | विद्यालय | २१ | २१ | २१ | २२१ | २१ | ३०५ | ६१० | |
| ८ | एक विद्यालय एक स्वास्थ्य किट वा प्राथमिक उपचार बक्स व्यवस्थापन | विद्यालय | २१ | २१ | २१ | २२१ | २१ | ३०५ | ६१० | |
| ९ | छात्राको लागि सेनिटरी प्याड व्यवस्थापन, वितरण तथा अनुगमन | जना | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | १००० | |

## ४.५ विद्यालय सुरक्षा, विपद् तथा उत्थानशीलता

### ४.५.१. वर्तमान अवस्था

युद्ध, द्वन्द्व महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायसहितका शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको रूपमा लिने गरिन्छ । विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिका लगायत सम्बद्ध व्यक्तिहरुको जीवनरक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुकासाथै समग्र शिक्षा क्षेत्रलाई निर्वाद रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरुको व्यवस्थापन गर्नु नै विद्यालय  सुरक्षा, विपत् र उत्थानशिलता अन्तर्गत पर्दछ । विद्यालयलाई विभिन्न किसिमले सुरक्षित राख्ने र विपतको समयमा समेत विपत्बाट उठ्ने विभिन्न प्रयासको शुरुवात गरी बालबालिकाको सिकाइ निरन्तरताका लागि कार्य गर्नु आवश्यक हुन्छ । विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत राजनीतिक हस्तक्षेपबाट मुक्त राख्ने, भेदभाव दुर्व्यवहार र शोषणबाट मुक्त राख्ने कुरा उल्लेख गरिएको छ । विद्यालयमा विभिन्न किसिमका विपतका कारणले सिकाइ गतिविधिहरु निरन्तर हुन नसकेको अवस्था हुन्छ र उक्त अवस्था आउन नदिनका लागि उत्थानशिलताका प्रयासहरु अवलम्बन गर्नु पर्दछ । विशेष गरी कोभिड १९ पश्चात भोगेको समस्या र शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ गर्न विभिन्न नीतिगत कार्यक्रमहरु हुदै आएका छन् । जसमध्ये सिकाइ सहजीकरण निर्देशिका, २०७७, विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना, २०७७, विद्यालय सञ्चालन कार्यढाँचा, पाठ्यवस्तु समायोजन ढाँचा, २०७७, ले विपतको समयमा शैक्षिक गतिविधिहरु कसरी बढाउन सकिन्छ भन्ने विषयहरु उल्लेख गरेका छन् र तत्पश्चात विद्यालयले पनि वैकल्पिक उपायहरु अवलम्बन गर्ने तौरतरिका सिकेर कार्यान्वयन गरिरहेका छन् ।

विपद्को समयमा शैक्षिक गतिविधिहरु कसरी निरन्तर बनाउन सकिन्छ भन्ने विषयमा कानेपोखरी गाउँपालिकाले पनि विशेष महत्वको रूपमा लिएको छ ।कानेपोखरी गाउँपालिकामा विशेष गरी हावाहुरी, बाढी र विभिन्न समयमा अन्य भाइरल लगायतका रोगहरुले बालबालिकाको पठनपाठनमा समस्या निम्ताएको हुन्छ । यस गाउँपालिकामा रहेका सबै सामुदायिक र संस्थागत विद्यालयहरु भूकम्प प्रतिरोधी भने छैनन् । गाउँपालिकाले विपद् जोखिम न्यूनीकरणका लागि कार्यविधि तयार गरेको र कार्यान्वयन गरेको भएता पनि सबै शिक्षकहरुलाई विपद्मा कसरी बच्ने भन्ने बारेमा शिक्षा दिइएको छैन । विपद्का बेला सूचना प्रवाह गर्न तथा अलर्टका लागि पनि ध्यान दिन आवश्यक देखिन्छ । यसका साथै विपद्को समयमा विद्यालयमा तथा समुदायमा भर्चुअल कक्षाहरु सञ्चालन तथा टोल सिकाइका अनुभव हासिल गरेकाले अबका दिनमा यस्ता विपद्का घटना भएमा भर्चुअल माध्यमबाट निरन्तर सिकाइका अभ्यासहरु कार्यान्वयन सकिन्छ ।

### ४.५.२ उद्देश्य

यस योजनाले यस क्षेत्रसँग सम्बन्धी निम्न लिखित उद्देश्यहरू राखेको छः

- विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु
- सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।
- आपत्कालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।
- विपद् व्यवस्थापन प्रतिकार्यको योजना विकास गर्नु ।

**४.५.३ रणनीति**

गाउँ शिक्षा योजनाको विद्यालय सुरक्षा, विपत् तथा उत्थानशीलता सम्बन्धमा मुख्य रणनीतिहरू निम्नानुसार हुनेछन्।

- विद्यालय र पालिका स्तरमा शिक्षा क्षेत्रमा प्रभाव पार्ने विपद् वा संकटको पूर्वानुमान, मूल्याङ्कन र विश्लेषण गरी प्रतिकार्य योजना तयार गर्ने।
- नयाँ विद्यालय भवन भूकम्प प्रतिरोधी निर्माण गरिने र २०८० मापदण्डअनुसार अनुगमन, लैङ्गिक समता र समावेशीकरण सुनिश्चित गर्ने।
- विद्यार्थी र शिक्षकलाई सम्भावित प्रकोप र विपद् प्रतिरोधक उपायबारे जानकारी दिने र जनचेतना कार्यक्रम सञ्चालन गर्ने।
- विपद् वा महामारीका बेला शिक्षण–सिकाइ निरन्तरता सुनिश्चित गर्न E-learning, अनलाइन प्लेटफर्म र अन्य वैकल्पिक सिकाइ विधि अपनाउने।
- प्रत्येक वडामा आपतकालीन व्यवस्थापन संयन्त्र निर्माण गर्ने र प्रत्येक विद्यालयमा आपतकालीन कोष तथा प्राथमिक उपचार सामग्रीको व्यवस्था सुनिश्चित गर्ने।
- रेडक्रस र सम्बन्धित निकायसँग समन्वय गरी उद्धार, राहत र प्राथमिक उपचार सम्बन्धी तालिम सञ्चालन गर्ने।
- स्थानीय तह र विद्यालयको क्षमता विकास गरी पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना र जोखिम न्यूनीकरणका उपाय कार्यान्वयन गर्ने।
- विपद्का समयमा आवश्यक यन्त्र–सामग्री, खाद्यान्न, पोसाक र अन्य राहत सामग्रीको व्यवस्था गरी शिक्षण–सिकाइ निरन्तरता सुनिश्चित गर्ने।
- Education Cluster निर्माण गरी स्थानीय तह, विद्यालय र सरोकारवालाबीच समन्वय र जिम्मेवारीको प्रणाली तयार गर्ने।
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा र दिगो विकास कार्यक्रम कार्यान्वयन गर्दै सुरक्षित, दिगो र समावेशी विद्यालय वातावरण सुनिश्चित गर्ने।
- शिक्षक र विद्यार्थीलाई प्रकोप, महामारी वा अन्य संकटको सामना गर्न पूर्व सावधानी, रोकथाम र सुरक्षित अभ्यासमा तालिम दिने र बालमैत्री, सुरक्षित विद्यालय वातावरण निर्माण गर्ने।

### ४.५.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र .स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विपद् सम्वन्धी विद्यालय तथा पालिका स्तरीय विपद् प्रतिकार्य योजना निर्माण | पटक | ० | ० | १ | ० | ० | १ | १ | |
| २ | पालिका स्तरिय विद्यालय शिक्षा सहयोग विपद् कोष कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | वडा स्तरीय प्रतिकार्य कार्यदलको गठन र परिचालन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | संकटका बेलामा शिक्षा सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | विपद् सम्बन्धी सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

पृष्ठपोषण प्राप्त

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ वर्तमान अवस्था

शैक्षिक वातावरण निर्माणमा भौतिक वातावरणको भूमिका महत्वपूर्ण हुने भएकाले भौतिक वातावरणमा सबैको समतामूलक पहुँच सुनिश्चित हुने गरी सुरक्षित र मैत्रीपूर्ण भौतिक पूर्वाधारहरु निर्माण गर्नु पर्दछ। बालबालिकालाई विद्यालयमा पहुँच अभिवृद्धि गर्नका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्। विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १ वर्ग मिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली, २०५९ को नियममा तोकिएको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक–कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था गरिएको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात् गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवम् विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजनामा कार्यक्रम प्रस्ताव गरिएको छ।

विद्यालयका प्राथमिकता प्राप्त सक्षमताभित्र रहेको कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालयसमेत हालसम्म पूर्ण रूपमा कार्यान्वयन गर्न सकेको छैन। विद्यालयका भौतिक संरचना निर्माणका लागि हालसम्म अवलम्बन गरिएका पद्धतिमा लागत अनुमानमा एकरुपता कायम हुन सकेको छैन। चार कोठाको भवन बनाउँदा सङ्घीय सरकारबाट प्राप्त हुने बजेटले गाउँपालिकाको सबै विद्यालयमा समान नाप र गुणस्तरको भवन निर्माण गर्ने कार्य सोचनीय छ। प्रदेश सरकारबाट प्राप्त भौतिक पूर्वाधारसम्बन्धी कार्यक्रमहरु मागमा आधारित नहुँदा झनै समस्या भएको छ। विद्यालयमा भवन निर्माण गर्ने सिलसिलामा भवन आचारसंहिताको पूर्ण रूपमा पालना नभएका कारण धेरैजसो विद्यालयहरू अपाङ्गतामैत्री र विपद् प्रतिरोधी बन्न सकेका छैनन्। समग्रमा विद्यालयको पूर्वाधार विकासमा तीन तहका सरकार र विकास साझेदार निकायहरुबीचको समन्वय र सहकार्य अपेक्षित रूपमा प्रभावकारी र नतिजामूलक बन्न सकिरहेको छैन। कानेपोखरी गाउँपालिकामा सञ्चालित २१ वटा सामुदायिक विद्यालयहरुको समग्र भौतिक संरचनाहरु निम्नानुसारको रहेको छ।

| क्र.सं. | भौतिक विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | पक्की भवन | ४३८ | |
| २ | कच्ची भवन | ४३ | |
| ३ | शौचालय | २१ | |
| ४ | पुस्तकालय | १४ | |
| ५ | विज्ञान प्रयोगशाला | ८ | |
| ६ | कम्प्युटर ल्याब | ८ | |
| ७ | खानेपानीको अवस्था | १८ | |
| ८ | घेरबारा | ११७ | |
| ९ | खेलमैदान | २१ | |
| १० | चमेना गृह | ८ | |

| क्र.सं. | भौतिक विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| ११ | विद्युत | २१ | |
| १२ | इन्टरनेट पुगेको | २१ | |

माथि उल्लेखित् भौतिक संरचनाहरु निर्माण गर्दा कानेपोखरी गाउँपालिकाको एकल प्रयासले मात्र सम्भव नभएकोले प्रदेश सरकार, सङ्घीय सरकार, समुदाय विभिन्न सङ्घ संस्थाहरुको समेत सहयोग लिन सकेमा शिक्षण सिकाइमा प्रभावकारी भूमिका निर्वाह गर्न सकिन्छ । सबै विद्यालयहरुमा भौतिक पूर्वाधारहरु अपाङ्गतामैत्री, लैङ्गिकमैत्री तथा सुरक्षित बनाउन भौतिक पूर्वाधार निर्माणको निर्देशिकाअनुसार कार्य गर्न र स्थानीय तहले पनि कार्यविधि बनाउन आवश्यक छ ।

**४.६.२ उद्देश्य**

यस योजनाले भौतिक निर्माणसम्बन्धी निम्न लिखित उद्देश्यहरू राखेको छः

- विद्यालयमा न्यूनतम भौतिक संरचनाको सुनिश्चित गर्नु ।
- मापदण्डअनुसारको भौतिक निर्माण गर्नु ।
- भौतिक निर्माण कार्यलाई गुणस्तरीय तथा पारदर्शी बनाउनु ।
- सबैलाई पहुँच हुने भौतिक संरचनाहरू तयारमा सुधार ल्याउनु ।

**४.६.३ रणनीति**

यस योजनाले भौतिक निर्माणसम्बन्धी निम्न लिखित रणनीतिहरू राखेको छः

- विद्यालयको तह, विद्यार्थी सङ्ख्या र भौगोलिक क्षेत्रको आधारमा भौतिक पूर्वाधार विकासका लागि मापदण्ड तयार गर्ने ।
- प्रत्येक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक सम्पन्न गर्दै पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने ।
- सङ्घीय, प्रदेश र स्थानीय तहको लागत साझेदारी तथा सरोकारवालाको सहभागितामा स्रोत व्यवस्थापन गरी पूर्वाधार विकास कार्यान्वयन गर्ने ।
- आवश्यकतानुसार विद्यालयलाई सुरक्षित बनाउन सुदृढीकरण, पुनर्निर्माण र मर्मत–सम्भार गर्ने ।
- पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय र वातावरणीय पक्षलाई समेटेर एकीकृत प्रणाली विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- विद्यालयको जग्गा व्यवस्थापनका लागि जग्गादातालाई प्रोत्साहित गर्ने र ऐलानी जग्गासमेत सदुपयोग गर्ने ।
- पूर्वाधार विकासका लागि आवश्यक स्रोत जुटाउन सङ्घीय, प्रदेश सरकार, चन्दादाता र सम्बन्धित सङ्घ संस्थासँग समन्वय गर्ने ।
- मास्टर प्लानअनुसार विद्यालय पूर्वाधार विकासको योजना तयार पार्ने र कार्यान्वयन गर्ने ।
- योजना अवधिभित्र सबै विद्यालयमा जस्ताको छानो नभएका भवन निर्माण गरी राष्ट्रिय मापदण्ड र डिजाइन ड्रोइङहरूको पालन गर्ने ।

मस्यौदा प्रति २०८२

### ३.४.४ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयको भौतिक अवस्थाको विश्लेषण तथा प्रतिवेदन तयार | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | १० | |
| २ | नयाँ भौतिक संरचना निर्माण (भवन, शैचालय,घेराबारा,खानेपानी छात्रवास) | पटक | ५ | ५ | ३ | ४ | ४ | २१ | १६ | |
| ३ | नछोडौं विद्यालय परिसर खाली, बनाऔं बगैचा हरियाली कार्यक्रम | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | ३६ | |

पृष्ठपोषण प्रति २०८

## ४.७ विद्यालय सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ वर्तमान अवस्था

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरिएको छ। उक्त नीतिहरुमा सबै शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्‍याउने, तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरु योजना, २०१३ देखि २०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इनटरनेट कनेक्टिभिटीसहित सूचना प्रविधिका संरचनाका विकास तथा प्रयोग  गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल सामग्री आदानप्रदान गर्नका लागि प्लेटफर्म बनाउने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाईज्ड गर्ने, स्रोत केन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए।

सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान, गणित र अङ्ग्रेजी विषयमा विद्युतीय सामग्री निर्माण गर्ने, पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने, नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकीकृत लेखा सफ्टवेयर कार्यान्वयन गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली विकास गर्ने जस्ता कार्यक्रमहरू समेत विद्यालय शिक्षा क्षेत्र विकास योजनामा समावेश गरिएको छ। यसरी नै स्थानीय तहले पनि सूचना  तथा सञ्चार प्रविधिको व्यवस्थापन र प्रयोगमा जोड दिनु आवश्यक हुन्छ। विशेषगरी अहिलेको सन्दर्भमा सूचना  तथा सञ्चार प्रविधिमा बालबालिकाको सिकाइ सहजता गराउनका लागि शिक्षक क्षमता विकास तथा परिचालन र विद्यालयमा समेत सूचना प्रविधिको व्यवस्थापन प्रभावकारी बनाउन आवश्यक हुन्छ।

कानेपोखरी गाउँपालिकामा सूचना  तथा सञ्चारको अवस्था निम्नानुसारको रहेको छ ।

| क्र.सं. | सूचक | हालको अवस्था |
|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | २१ |
| २ | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्यूटर लगायतको प्रविधिको उपयोग भएका विद्यालयको सङ्ख्या | ८ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ८ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | ५ |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सङ्ख्या | २१ |
| ५ | विद्यालयले आफ्नो सूचना, जानकारीको लागि डिजिटल माध्यम प्रयोग (फेसबुक पेज, वेब पेज) सङ्ख्या | ५ |
| ६ | इमिस प्रयोगमा दक्षता भएका विद्यालय सङ्ख्या | १७ |
| ७ | पुस्तकालय भएका विद्यालय सङ्ख्या | ८ |
| ८ | स्मार्ट बोर्ड भएका विद्यालय  सङ्ख्या | ४ |
| ९ | प्रोजेक्टर भएका विद्यालय  सङ्ख्या | ८ |

| | | |
|---|---|---|
| १० | कम्प्यूटर ल्याब भएको विद्यालय | ८ |
| ११ | विज्ञान प्रयोगशाला | ८ |

विद्यालयका लागि विपद्को समयमा रेडियो कार्यक्रम, अनलाईन कक्षा (Zoom, Google meet, Microsoft team) तथा सामाजिक सञ्जाल मार्फत प्रविधिको प्रयोग गरी सिकाइलाई निरन्तरता दिनको लागि केही हदसम्म अभिमुखीकरण पनि गरिएको छ । कानेपोखरी गाउँपालिका र विद्यालयहरूले विभिन्न प्रयास गरे तापनि विभिन्न वडाहरुमा भौगोलिक विकटता तथा अन्य पूर्वाधारगत समस्या हुँदा  टेलिभिजन र इन्टरनेट जस्ता सुविधाबाट यहाँका धेरै विद्यालय  तथा बालबालिकाहरू वञ्चित भइरहेका छन् । विद्यालयको सम्पूर्ण तथ्याङ्कलाई एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्ट गर्ने कार्यलाई समेत प्रभावकारी बनाइएको छ यद्यपी इमिस अधावधिमा अझैपनि सबै विद्यालय पूर्ण रूपमा आफै गर्न नसकेको अवस्था देखिन्छ । सूचना तथा सञ्चार प्रविधिमा शिक्षकको क्षमता विकास तथा परिचालन लक्ष्य अनुरुप हुन सकेको छैन । शिक्षकहरुलाई सूचना प्रविधिमा दक्ष बनाउनका निमित्त क्षमता विकास गर्न प्रशिक्षकको व्यवस्था गरी परिचालन गर्न आवश्यक देखिन्छ । सूचना व्यवस्थापनमा समेत प्रभावकारी कार्य गरेमा सूचना व्यवस्थापन प्रणाली चुस्त दुरुस्त हुने देखिन्छ । सबै विद्यालयमा अनलाईन तथा अफलाईन माध्यमबाट चलाउन सकिने इ - पुस्तकालयहरुको व्यवस्थापन गर्न सकिन्छ । विशेषगरी सूचना प्रविधिमा शिक्षकको दक्षता र पहुँच अभिवृद्धि गर्नु नितान्त आवश्यक देखिन्छ ।

### ४.७.२ उद्देश्य

यस योजनाले सूचना प्रविधिसँग सम्बन्धी निम्न लिखित उद्देश्यहरू राखेको छः

- विद्यालयमा सूचना प्रविधिको व्यवस्थापन र प्रयोगमा सुधार ल्याउनु ।
- सूचना तथा प्रविधिको पहुँचलाई विस्तार गर्नु ।

### ४.७.३ रणनीति

यस योजनाले विद्यालयमा सूचना तथा सञ्चार प्रविधि  सम्बन्धी निम्न लिखित रणनीतिहरू राखेको छः

- सबै विद्यालयमा आधारभूत ICT पूर्वाधार र सुरक्षित भौतिक तथा प्राविधिक व्यवस्था सुनिश्चित गरिने ।
- विभिन्न कक्षा र विषयका लागि उपयुक्त डिजिटल शिक्षण सामग्री विकास गरिने ।
- गाउँपालिकाका विद्यालयहरूले शिक्षा तथा मानव स्रोत विकास केन्द्रको E-Learning Portal (सिकाइ चौतारी) प्रयोग गर्ने वातावरण सिर्जना गरिने ।
- इन्टरनेट पहुँच विस्तार गरेर विश्वव्यापी शैक्षिक स्रोत सामग्रीमा विद्यालय र विद्यार्थीहरूको पहुँच बढाइने ।
- IEMIS प्रणालीलाई व्यवस्थित गरी विभिन्न अनुदानका साथै शिक्षक तलब प्रतिवेदन र अन्य शैक्षिक सेवा ICT मार्फत एकीकृत गरिने ।
- सामुदायिक अध्ययन केन्द्रलाई ICT सेवामा परिचालन गरी सहयोग प्रदान गरिने ।
- शिक्षक र कर्मचारीलाई ICT सम्बन्धी आधारभूत क्षमता विकास तालिम प्रदान गरिने ।
- विद्यालय सुपरिवेक्षण, बैठक, कार्यशाला, तालिम र शिक्षक सहायता प्रणालीमा ICT को प्रयोग प्रवर्द्धन गरिने ।

### ३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | एक विद्यालय सूचना प्रविधिको न्यूनत्तम प्याकेज (एक ल्यापटप, एक प्रिन्टर, एक प्रोजेक्टर र इन्टरनेट) कार्यक्रम | सङ्ख्या | ४ | ५ | ४ | ४ | ४ | २१ | ४२ | |
| ३ | ICT Lab को स्थापना | सङ्ख्या | २ | १ | २ | २ | २ | ९ | १८ | |
| ४ | शिक्षण सिकाइमा आइसीटी सम्बन्धी शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | विद्यालय सञ्चालनमा आइसीटीको प्रयोग सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकासको क्लस्टर स्तरीय जनशक्तिको पहिचान, क्षमता विकास तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | साझेदारीमा एक शिक्षक एक ल्यापटप सहयोग कार्यक्रम | विद्यालय | ४ | ५ | ४ | ४ | ४ | २१ | ४२ | |
| ८ | आइसीटी सम्बन्धी शिक्षक तथा विद्यार्थीको नवप्रवर्तनात्मक क्षमता सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

# परिच्छेद ५: सुशासन तथा व्यवस्थापन

## ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ५.१.१ परिचय

शिक्षा क्षेत्रलाई शिक्षा पद्धतिमा निर्णय लिने र कार्यान्वयन गर्ने सम्पूर्ण प्रक्रिया नै शासकीय प्रबन्ध (Governance) हो, जसमा आवश्यक संरचना र प्रक्रिया दुवै समावेश हुन्छ। विद्यालय क्षेत्रमा योजना प्रभावकारी र कुशलतापूर्वक लागू गरी बालबालिका र विद्यार्थीको आवश्यकताअनुसार सिकाइ सुधार गर्ने प्रणालीलाई सुशासन भनिन्छ । सुशासनले संरचना, भूमिका र कार्यप्रणाली समेट्दै सहभागिता, सहमति, जवाफदेहिता र पारदर्शिता सुनिश्चित गर्छ, साथै विधिको सर्वोच्चता र समानताको सम्मान कायम राख्छ। सङ्घीय संरचनाअनुसार शिक्षा क्षेत्रमा सङ्घ, प्रदेश, स्थानीय सरकार, विद्यालय, समुदाय, गैरसरकारी संस्था र विकास साझेदारहरूको भूमिका महत्वपूर्ण हुन्छ । सुशासन कायम गर्न सबै सरोकारवालाको सक्रिय सहभागिता आवश्यक छ। त्यसका लागि उपयुक्त संस्थागत संरचना, क्षमता विकास योजना, जिम्मेवार कार्यान्वयन, प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणाली स्थापना गर्नुपर्छ । नेपालको संविधानले शिक्षा अधिकार तीन तह सङ्घ, प्रदेश र स्थानीय बीच बाँडेकोले सङ्घीय संरचनाले ल्याएको दायित्व, प्रविधि, मूल्य मान्यता र दृष्टिकोणका परिवर्तनहरूलाई ध्यानमा राख्दै काम गर्नुपर्छ। यसरी सुशासनको प्रवर्द्धनले योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्न र समग्र व्यवस्थापन प्रभावकारी बनाउन मद्दत गर्दछ।

### ५.१.२ वर्तमान अवस्था

शिक्षा, युवा तथा खेलकुद सम्बन्धी काम शिक्षा तथा सामाजिक शाखाले सञ्चालन गर्दै आएको छ । सबै विद्यालयमा सञ्चालन, रेखदेख र व्यवस्थापनका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक–अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन्। विद्यालय व्यवस्थापन समितिको बैठक अधिकांश विद्यालयमा नियमित भए पनि शिक्षक–अभिभावक सङ्घको बैठक अपेक्षाकृत कम हुँदै आएको देखिन्छ। सामाजिक परीक्षण र अन्तिम लेखा परीक्षण सबै विद्यालयले सञ्चालन गर्छन्। तर, नागरिक सुझावपत्र, गुनासो सुनुवाइ संयन्त्र, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफल जस्ता पक्षमा विद्यालयहरूले आंशिक मात्र उपलब्धि हासिल गरेका छन्। यस योजनाको उद्देश्य प्रारम्भिक बालविकास, आधारभूत शिक्षा र माध्यमिक शिक्षा क्षेत्रमा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरको विस्तार, समता र समावेशीकरण प्रवर्द्धन गर्नु तथा जवाफदेही शैक्षिक सुशासन स्थापना गर्नु हो । यसका लागि आवश्यक संस्थागत संरचना, प्रक्रिया र क्षमता विकास पहिचान गरिएको छ। शिक्षा विकास कार्यक्रमको प्रभावकारी र कुशल कार्यान्वयन सुनिश्चित गर्न विद्यमान पद्धति, चुनौतीहरू र सुधारका प्रस्तावहरू समीक्षा र पहिचान गरिएका छन् । यसैगरी शैक्षिक सत्रहरुमा विद्यालयको विद्यालय सुधार योजना सबै विद्यालयले तयार गरेको र सामाजिक परीक्षण पनि सबै विद्यालयले सम्पन्न गरेका छन् । समग्रमा यस गाउँपालिकामा विद्यालयले अभिभावक भेला, अतिरिक्त क्रियाकलाप गरेका छन् । समग्रमा शैक्षिक सुशासन तथा जवाफदेहिता अन्तर्गत यस गाउँपालिकामा विभिन्न किसिमका कार्यक्रमहरु भएको देखिन्छ । विद्यालयमा गुनासो सुनुवाइ संयन्त्रको विकास, लैङ्गिक सम्पर्क व्यक्ति र पद्धतिको कार्यान्वयन तथा जवाफदेहिताका अन्य क्रियाकलापहरुमा ध्यान पुर्‍याउन सके सुशासनका कार्यहरु थप प्रभावकारी बनाउन सकिन्छ । सुशासन

कायम गर्न तथा शैक्षिक क्षेत्रमा जवाफदेहिता कायम गर्नका निमित्त संस्थागत क्षमता विकास र परिचालन प्रभावकारी रूपमा गर्नु आवश्यक देखिन्छ ।

### ५.१.३ उद्देश्यहरू

यस योजनाले शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकाससम्बन्धी निम्न लिखित उद्देश्यहरू राखेको छः

- स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु ।
- जनशक्तिका लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु ।
- आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु ।

### ५.१.४ रणनीतिहरू

यस योजनाले शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकाससँग सम्बन्धित निम्न लिखित रणनीतिहरू राखेको छः

- स्थानीय तहमा शिक्षा व्यवस्थापन प्रभावकारी बनाउने नीति, योजना र मार्गदर्शन तयार गर्ने ।
- संस्थागत संरचनाअनुसार जनशक्ति व्यवस्थापन गर्ने ।
- कार्यरत जनशक्तिको क्षमता वृद्धि गर्ने ।
- स्थानीय तहमा शिक्षक सहयोग प्रणाली र उपयोगी प्राविधिक प्रणाली स्थापना गर्ने ।
- प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा पदाधिकारीलाई जिम्मेवार बनाई क्षमता विकास गर्ने ।
- कार्यसम्पादन प्रभावकारी बनाउन आवश्यक स्रोत र साधनको व्यवस्था सुनिश्चित गर्ने ।
- औपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइका लागि स्थानीय तथा सामुदायिक स्तरमा आवश्यक संयन्त्र तयार गर्ने ।
- शिक्षक दरबन्दी मिलान, सरुवा, मूल्याङ्कन, विद्यालय नक्साङ्कन, सञ्चालन अनुमति, पुस्तकालय/वाचनालय व्यवस्था, अनौपचारिक शिक्षा र साक्षरता कार्यक्रम सञ्चालन गर्न शिक्षा शाखामा संरचना विकास गर्ने ।
- विद्यालय सञ्चालनका लागि सक्षम र अधिकार प्राप्त प्रधानाध्यापकको व्यवस्था गर्ने ।
- बालबालिका, अभिभावक र शिक्षकलाई जिम्मेवार बनाउने, शिक्षक छनोटका लागि मनोवैज्ञानिक, मनोसामाजिक र प्रविधि सम्बन्धी दक्षता मूल्याङ्कन गर्ने, र तीन तहको सरकारबीच सहकार्यका लागि समन्वयात्मक वातावरण सिर्जना गर्ने ।

### ५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप

**उपलब्धि**

- स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुने छ ।
- संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुने छ ।
- आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुने छ ।

## प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | गाउँपलिकाको शिक्षा ऐन संशोधन | पटक | ० | १ | ० | ० | ० | १ | २ | |
| २ | कार्यविधि निर्माण गरी विद्यालय विकास प्रस्तावनाको आधार खुल्ला प्रतिस्पर्धाबाट प्रअको छनोट र नेतृत्वसम्बन्धी तालिम | जना | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | विव्यस तथा प्रअको क्षमता विकास कार्यक्रम | जना | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| ४ | आचारसंहिताको निर्माण र कार्यान्वयन | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| ५ | प्रधानाध्यापकसँग कार्य सम्पादन करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | सामाजिक परीक्षण तथा लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | कार्यविधि तयारसहित उत्कृट विद्यालय, शिक्षक, प्रअ, विव्यस र विद्यार्थीको घोषणा तथा पुरस्कार वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | वार्षिक विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | वडाको संयोजकत्वमा विज्ञ समूहबाट विद्यालय अभिलेखीकरण तथा सुशासनको अनुगमन तथा निरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनको लागि पूर्व विद्यार्थी समाज गठन तथा अक्षयकोष एवम् आर्थिक स्रोत सङ्कलन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | शिक्षा समितिको नियमित बैठक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | प्रअको नियमित मासिक बैठक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

नेपालका ग्रामीण क्षेत्रमा शिक्षाको पहुँच र गुणस्तर सुधार गर्न स्थानीय शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन आवश्यक छ। स्थानीय सरकारले भौगोलिक, सामाजिक र आर्थिक अवस्थालाई ध्यानमा राखी पूर्वाधार विकास, शिक्षक तालिम, शैक्षिक सामग्री र समावेशितामा आधारित रणनीति तयार गर्नुपर्छ। स्रोत–साधनको कुशल परिचालन, स्थानीय निकायको सशक्तीकरण र समुदायको सक्रिय सहभागिताले योजना कार्यान्वयनलाई प्रभावकारी बनाउँछ। योजना कार्यान्वयनमा वार्षिक योजना तथा बजेट तर्जुमा, कार्यक्रम निर्धारण, वित्तीय व्यवस्थापन, अनुगमन र मूल्याङ्कन महत्वपूर्ण पक्ष हुन्। सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय गर्दै स्पष्ट जिम्मेवारी र प्रभावकारी कार्यान्वयन प्रणाली आवश्यक हुन्छ। शिक्षा योजना कार्यान्वयनमा गाउँपालिका, विद्यालय, शिक्षक, अभिभावक, समुदाय र अन्य सरोकारवालाहरूको महत्वपूर्ण भूमिका रहन्छ। विशेषगरी प्रधानाध्यापकको नेतृत्व, शिक्षकहरूको समर्पण, र समुदायको स्वामित्व भावनाले योजना सफल बनाउन मद्दत गर्दछ। प्रभावकारी व्यवस्थापन, जनशक्ति विकास र नियमित शैक्षिक कार्यक्रम सञ्चालनमार्फत शिक्षा योजनालाई सफल र परिणाममुखी बनाउन सकिन्छ।

### ५.२.२ वर्तमान अवस्था

शिक्षा योजना कार्यान्वयनमा गाउँपालिका र गाउँ शिक्षा समितिको मुख्य जिम्मेवारी भए पनि विद्यालय, शिक्षक, विद्यार्थी, वडा कार्यालय, सङ्घीय तथा प्रदेश सरकार, स्थानीय समुदाय, अभिभावक, विद्यालय व्यवस्थापन समिति लगायत सबै सरोकारवालाको महत्वपूर्ण भूमिका रहन्छ। विशेषगरी प्रधानाध्यापकको नेतृत्व, शिक्षकहरूको समर्पण तथा समुदायको सक्रिय सहभागिताबाट वार्षिक शैक्षिक कार्यक्रम सञ्चालन, आर्थिक व्यवस्थापन र विभिन्न शैक्षिक क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयन सम्भव हुन्छ, जसले शिक्षा योजनालाई सफल र परिणाममुखी बनाउन सहयोग पुर्‍याउँछ।

हाल स्थानीय तहले आफ्नो शैक्षिक क्षेत्राधिकार अन्तर्गतका कार्यहरूमा अनुगमन, नियमन तथा मूल्याङ्कन गर्दै आएको छ। गाउँपालिकाको शिक्षा शाखाबाट समय–समयमा विद्यालयहरूको अनुगमन तथा मूल्याङ्कन गरिने गरेको छ र कहिलेकाहीँ जनप्रतिनिधिहरूलाई समेत सहभागी गराई संयुक्त अनुगमन गर्ने अभ्यास पनि रहेको छ। विद्यालय स्तरमा विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको नेतृत्वमा आन्तरिक अनुगमन गर्ने व्यवस्था रहेको छ। यद्यपि अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक संरचना र निकायहरू गठन भए पनि ती पूर्ण रूपमा सक्रिय हुन सकेका छैनन्। अनुगमनका क्रममा सुधारात्मक सुझावहरू दिइए पनि तिनको प्रभावकारी कार्यान्वयन गर्ने प्रणाली अझ सुदृढ हुन बाँकी छ। साथै समग्र कार्यक्रम कार्यान्वयनको नियमित प्रगति समीक्षा, प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको स्थायी प्रणाली विकास र परिचालनमा पनि चुनौतीहरू देखिएका छन्। शिक्षा क्षेत्रमा भएका सफलता, सिकाइ तथा राम्रा अभ्यासहरूको व्यवस्थित दस्तावेजीकरण र प्रचार–प्रसारको आवश्यकता पनि देखिन्छ।

### ५.२.३ उद्देश्यहरू

यस योजनाले स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध सम्बन्धी निम्न लिखित उद्देश्यहरू राखेको छः

- वार्षिक शिक्षा योजना तथा बजेट तर्जुमा गरी कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्ने तथा आवश्यक स्रोत–साधनको व्यवस्थापन गर्नु।

- कार्यक्रम कार्यान्वयनका लागि आवश्यक मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरू तयार गरी लागू गर्नु ।
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत कार्यक्रमको प्रगति विवरण सङ्कलन, समीक्षा तथा सुधार गर्दै परिणाममा आधारित अनुगमन र मूल्याङ्कन प्रणाली विकास गर्नु ।
- शिक्षक सहायता प्रणालीमार्फत क्षमता विकास र शैक्षिक कार्यक्रम सञ्चालन तथा समस्या समाधान गर्नु ।

### ५.२.४ रणनीति

यस योजनाले स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्धसम्बन्धी निम्न लिखित रणनीतिहरू राखेको छः

- नीति निर्माण, बजेट तयारी र अनुगमनमार्फत कार्यक्रमको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने ।
- सङ्घीय, प्रदेश र स्थानीय स्रोतहरू समेत समावेश गरी शिक्षा योजना बनाउने ।
- पारदर्शी कार्यान्वयनका लागि नीति, कार्यविधि र निर्देशिका तयार/संशोधन गर्ने ।
- IEMIS मार्फत सूचना सङ्कलन, विश्लेषण र अनुगमन गर्ने ।
- सबै विद्यालयले SIP निर्माण, अद्यावधिक र कार्यान्वयन गर्ने ।
- प्रधानाध्यापकलाई नेतृत्वदायी भूमिका दिई क्षमता अभिवृद्धि गर्ने ।
- शैक्षिक सामग्री खरिद, शिक्षक व्यवस्थापन र कक्षा सञ्चालनका मापदण्ड लागू गर्ने ।
- अभिभावक बैठक, सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण प्रभावकारी बनाउने ।
- सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरता, जीवनोपयोगी सीप र आजीवन सिकाइ कार्यक्रम सञ्चालन गर्ने ।

### ५.२.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित हुने छ ।
- अनुगमनमार्फत योजना कार्यान्वयनमा आएका समस्या र चुनौतीहरू समयमै सम्बोधन गरिने छ र मूल्याङ्कनको आधारमा सुधार तथा आवश्यक नयाँ योजना निर्माणका लागि मार्गदर्शन प्राप्त हुने छ ।
- कार्यक्रमको आवधिक समिक्षा गरी सफलतालाई कायम राख्ने, कमजोरी सुधार गर्ने र पुन: योजना अध्यावधिक गर्ने ।

**प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वडा शिक्षा समिति निर्माण र परिचालन | वडा | ७ | ७ | ७ | ७ | ७ | ३५ | ७० | |
| २ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | योजनाको समीक्षा तथा अध्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | योजना कार्यान्वयनको आन्तरिक तथा बाह्य अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | योजना कार्यान्वयनका लागि अन्य सङ्घ सस्थासँग समन्वय साझेदारी र सहकार्य गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | कार्यक्रम कार्यान्वयन मार्गदर्शन, कार्यविधि र निर्देशिका तयार | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | वार्षिक प्रगति प्रतिवेदन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | शैक्षिक तथ्यांकको विश्लेषण गरी शैक्षिक स्मारिका प्रकाशन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

# परिच्छेद ६: लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचयः

नेपालको संविधान र शिक्षा सम्बन्धी कानुनअनुसार, सबै नागरिकलाई आधारभूत तहसम्म निःशुल्क र अनिवार्य शिक्षा प्राप्त गर्ने अधिकार छ भने माध्यमिक तहसम्म पनि निःशुल्क शिक्षा उपलब्ध गराउने व्यवस्था गरिएको छ । यसले सार्वभौमिक शिक्षा अधिकार (Right to Education) को सिद्धान्तलाई आधार बनाउँछ । स्थानीय सरकारलाई शिक्षा क्षेत्रमा अधिकार सुम्पिनु सशक्त शासन (Empowered Governance) को अभ्यास हो । विकेन्द्रीकरणले स्थानीय तहलाई निर्णय लिन सक्ने अधिकार दिएको हुँदा सेवा गुणस्तर, जवाफदेहिता र सामाजिक सहभागिता बढ्छ । स्थानीय सरकारले शिक्षा सम्बन्धी २३ वटा अधिकार (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार) पाएको कुरा यस क्षेत्रको स्पष्ट उदाहरण हो । विद्यालय प्रशासन, नीति निर्माण, योजना कार्यान्वयन र अनुगमनमा स्थानीय तह, समुदाय र अभिभावकको सक्रिय सहभागिता हुनु सहभागितामूलक शासनको अभ्यास हो । शिक्षा सुशासन (Education Good Governance) को सिद्धान्तअनुसार, नीति निर्माण र कार्यान्वयनमा सरोकारवालाको प्रत्यक्ष संलग्नता हुँदा शिक्षा प्रणाली प्रभावकारी हुन्छ । शिक्षा क्षेत्रमा गरिएको लगानी र अनुदान पारदर्शी, उद्देश्यअनुरूप र नीतिनिष्ठ रूपमा खर्च हुनु वित्तीय सुशासन (Financial Governance) को अंश हो । स्रोतको आँकलन, बजेट विनियोजन र खर्चको अनुगमन Public Financial Management (PFM) सिद्धान्तसँग सम्बन्धित छ ।

शिक्षामा गरिएको लगानीले दीर्घकालीन रूपमा उत्पादनशील मानव पूँजी विकास गर्दछ भने, मानव पूँजी सिद्धान्त (Human Capital Theory) सँग जोडिन्छ । आधारभूत तहमा सबैलाई शिक्षा उपलब्ध गराएर दीर्घकालीन सामाजिक–आर्थिक रूपान्तरण सम्भव हुन्छ । शिक्षा पूर्वाधारमा लगानी Return on Investment (ROI) सँग सम्बन्धित हुन्छ । हाल शिक्षा क्षेत्रमा लगानी न्यून (२०%) भएकाले यसलाई आवश्यक स्तरमा पुर्‍याउनु शिक्षा विकासको प्राथमिकता हो । शिक्षा नीतिको प्रभावकारी कार्यान्वयनका लागि तलदेखि माथि (bottom-up) प्रक्रिया, समन्वय र अन्तर-तह सहकार्य आवश्यक छ । सङ्घीय संरचनाभित्र शिक्षा नीति कार्यान्वयन यही सिद्धान्तसँग मेल खान्छ । सुधार, विकेन्द्रीकरण, वित्तीय पारदर्शिता र स्थानीय सशक्तीकरणका यी प्रयास समाजशास्त्र, विकास अध्ययन र सार्वजनिक नीति सिद्धान्तसँग गहिरो रूपमा सम्बन्धित छन् । यी सिद्धान्तहरूको व्यावहारिक कार्यान्वयनले मात्र शिक्षा क्षेत्रलाई गुणस्तरीय, समावेशी र न्यायोचित बनाउन सक्छ ।

## ६.२ वर्तमान अवस्थाः

विश्वव्यापी रूपमा दिगो विकास लक्ष्य (SDGs) प्राप्त गर्न शिक्षा क्षेत्रमा कुल बजेटको कम्तिमा २० प्रतिशत विनियोजन गर्ने प्रतिवद्धता भए पनि, हाल शिक्षा क्षेत्रको बजेट क्रमशः घट्दै गएको देखिन्छ । ससर्त अनुदानको ९५ प्रतिशतभन्दा बढी रकम शिक्षक तलब, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता प्राथमिक आवश्यकतामा खर्च हुने गर्दछ । गुणस्तर सुधार र क्षमता विकासका कार्यक्रमहरू प्रायः स्थानीय सरकारको नेतृत्वमा सञ्चालन हुनेछन् । शिक्षा योजना कार्यान्वयनका लागि वित्तीय स्रोत मुख्य रूपमा सङ्घीय, प्रदेश र स्थानीय सरकारबाट उपलब्ध गराइनेछ र अभिभावक तथा समुदायको भूमिका पूरकका रूपमा रहनेछ । क्षेत्रगत साझेदारीका लागि शिक्षा क्षेत्रमा कार्यरत सङ्घ संस्थाहरूलाई विशेषज्ञताका आधारमा समावेश गर्न सकिने व्यवस्था छ ।

वित्तीय व्यवस्थापनका प्राथमिकतामा पर्याप्त स्रोत सुनिश्चित गर्नु, विद्यालयलाई आवश्यकता अनुसार स्रोत उपलब्ध गराउनु, र स्रोत–साधनको प्रभावकारी व्यवस्थापनमार्फत वित्तीय सुशासन कायम गर्नु पर्दछ । नतिजामुखी विनियोजन पद्धतिअनुसार,

विद्यालयहरूले नियमित अनुदानसँगै एकमुष्ट, माग आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदान पाउनेछन् । शिक्षा योजना कार्यान्वयनका लागि स्रोतको आँकलन तयार गरिएको छ र पहिलो पाँच वर्षको अनुमानित बजेट प्रस्तुत गरिएको छ । पाँच वर्षको मूल्याङ्कनपछि आवश्यकतानुसार आगामी पाँच वर्षका लागि थप स्रोत व्यवस्थापन गरिने छ । पालिकाको आ.व. २०८२।८३ को बजेटको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।

आ.व.२०८२।०८३ को कानेपोखरी गाउँपालिकाको आय र व्यय सम्वन्धी विवरण (रु.हजारमा)

| सि.नं. | स्रोत शीर्षक | अनुमानित रकम (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| **क.** | **संघिय सरकारबाट प्राप्त** | **४७२८००** | |
| १ | वित्तीय समानीकरण अनुदान | १२३६००.० | |
| २ | सशर्त अनुदान | २३०२००.० | |
| ३ | राजस्व बाँडफाँड | १०३७००.० | |
| ४ | समपूरक अनुदान (पुँजीगत) | ८४००.० | |
| ५ | विशेष अनुदान (पुँजीगत) | ६९००.० | |
| **ख.** | **कोशी प्रदेशबाट प्राप्त** | **३५१९६** | |
| ५ | वित्तीय समानीकरण अनुदान | ११७८८.० | |
| ६ | सशर्त अनुदान | ५६८५.० | |
| ७ | राजस्व बाँडफाँड | ८०२३.० | |
| ८ | समपूरक अनुदान | ९७००.० | |
| **ग.** | **आन्तरिक स्रोत** | **१६८७५७** | |
| १० | वडागत राजस्व | ४००००.० | |
| ११ | घरजग्गा रजिष्ट्रेशन बाँडफाँड (मालपोत) | १५०००.० | |
| १२ | दहत्तर बहत्तर बाँडफाँड | १००००.० | |
| १४ | आन्तरिक आय (बैंक मौज्दात सहित) र अल्या खर्च(चालु आ.व.मा भुक्तानी सहित) | १०३७५७.० | |
| | **जम्मा (क+ख+ग)** | **६७६७५३** | |

| आ.व.२०८२।०८३ को कानेपोखरी गाउँपालिकाको व्यय खर्च अनुमान | | | |
|---|---|---|---|
| क.सं. | **विषयक्षेत्र शीर्षक** | **बजेट रकम(रु.)** | **कैफियत** |
| १ | आर्थिक विकास | ८८६० | |
| २ | सामाजिक विकास | ४४५२४ | |
| ३ | पूर्वाधार विकास | १४२६०० | |
| ४ | वन, विपदा तथा वातावरण | ९५०० | |
| ५ | संस्थागत विकास तथा सुशासन | १४१०४ | |

| | | | |
|---|---|---|---|
| ६ | प्रशासनिक चालु | ७७१८० | |
| ७ | क्रमागत बहुवर्षिय भुक्तानी बाँकी | ९८१०० | |
| ८ | वडा ७ वटै वडा | २१००० | |
| | जम्मा (क) | ४१५८६८ | |
| १ | संघीय संशर्त | २३०२०० | |
| २ | संघीय समपूरक अनुदान | ८४०० | |
| ३ | विशेष अनुदान | ६९०० | |
| ४ | प्रदेश सशर्त | ५६८५ | |
| ५ | प्रदेश समपूक | ९७०० | |
| | जम्मा (ख) | २६०८८५ | |
| | जम्मा व्यय (क+ख) | ६७६७५३ | |
| १ | चालु | ४६९४६८ | ६९.३७% |
| २ | पूँजीगत | २०७२८५ | ३०.६३% |

आर्थिक वर्ष २०८०/८१ मा कानेपोखरी गाउँपालिकाको बजेट कार्यान्वयन तथा राजश्व सङ्कलनको अवस्थाको समीक्षा गर्दा आन्तरिक राजश्वतर्फ रु. ३ करोड सङ्कलन गर्ने अनुमान गरिएकोमा रु. १ करोड ८७ लाख मात्र सङ्कलन भएको देखिन्छ, जुन अनुमानको करिब ८६ प्रतिशत प्रगति हो। सोही आर्थिक वर्षमा कुल रु. ८७ करोड ९४ लाख १३ हजार ३ सय १३ बजेट विनियोजन गरिएकोमा हालसम्म रु. ६९ करोड ८३ लाख १५ हजार १ सय ८१ प्राप्त भएको छ, जुन कुल अनुमानको करिब ७९ प्रतिशत हो। संशोधित अनुमानअनुसार उक्त आर्थिक वर्षमा कुल बजेटको करिब ८५ प्रतिशत खर्च हुने अपेक्षा गरिएको छ। यद्यपि, पुँजीगत खर्च अपेक्षाकृत रूपमा वृद्धि हुन नसक्नु मुख्य चुनौतीका रूपमा देखिएको छ। योजनाहरूको पर्याप्त पूर्वतयारी तथा स्पष्ट प्राथमिकिकरण बिना स्रोत–साधन विनियोजन गर्दा कार्यान्वयन पक्ष कमजोर हुने गरेको पाइन्छ। यस अवस्थामा स्रोत–साधनको प्रभावकारी परिचालनमार्फत खर्चलाई उपलब्धिमूलक तथा नतिजामूलक बनाउँदै समावेशी, दिगो र फराकिलो आर्थिक विकास हासिल गर्न आवश्यक देखिन्छ।

त्यसैगरी विकास प्रक्रियामा जनसहभागिता अभिवृद्धि गर्ने, कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, सीप विकास तथा उद्यमशीलता प्रवर्द्धन गर्ने, व्यावसायिक तथा प्रविधिमैत्री शिक्षामा जोड दिने, लगानीकर्तासँग समन्वय सुदृढ गर्ने तथा राजश्व प्रणालीमा सुधार गर्दै करको दायरा विस्तार र चुहावट नियन्त्रण गरी राजश्व परिचालन वृद्धि गर्नु आवश्यक रहेको देखिन्छ। साथै, सीमित स्रोत–साधन, विकासप्रति जनताको उच्च अपेक्षा, आकस्मिक प्रकोप तथा विपद्, भूमिहीन तथा अव्यवस्थित बसोबास, तीव्र सहरीकरण, खेतीयोग्य जमिनको भू–खण्डीकरण तथा व्यवसायहरूको दर्ता र सूचीकृत नहुनु जस्ता विषयहरूलाई बजेट कार्यान्वयन र राजश्व सङ्कलनका प्रमुख चुनौतीका रूपमा पहिचान गरिएको छ।

## ६.३ अवसर तथा चुनौतीहरू

| अवसर | चुनौतीहरू |
|---|---|
| संविधान, नीति र कानूनी व्यवस्थाले शिक्षा क्षेत्रको विकास लाई सुनिश्चित गर्ने आधार। | राजश्व सङ्कलनमा अस्थिरता र अपर्याप्तता। |
| स्थानीय सुधार र कार्यक्रम कार्यान्वयनमा समुदाय र सरोकारवालाको सक्रिय सहभागिता। | शिक्षा क्षेत्रमा लगानी बढाउने र उपलब्ध स्रोतको प्रभावकारी व्यवस्थापनमा कठिनाई। |
| अनुदान र लगानीलाई परिणाममुखी, पारदर्शी र सामाजिक उत्तरदायित्वसँग जोड्ने सम्भावना। | सीमित क्षेत्रीय स्रोतहरूलाई सामाजिक उत्तरदायित्व र दीगो विकाससँग जोड्ने चुनौती। |
| स्थानीय तहले आफ्नै स्रोत परिचालन गरेर दीगो, प्रभावकारी र स्थायित्वपूर्ण शिक्षा सेवा प्रवाह गर्न सक्ने क्षमता। | विद्यार्थीको शिक्षाको गुणस्तर सुधारका लागि पर्याप्त बजेट र स्रोत सुनिश्चित नगर्नु। |
| नयाँ कार्यक्रम र परियोजनाहरूको लागि नीति, संरचना र बजेट व्यवस्थापनलाई सुधार गर्ने अवसर। | प्रशासनिक क्षमता र प्रक्रिया कार्यकुशल बनाउन व्यक्ति र संस्थाको क्षमता अभाव। |
| | वार्षिक बजेट र अनुदान अनुमानअनुसार स्रोतको सुनिश्चितता र प्रभावकारी परिचालन। |

## ६.४ उद्देश्यः

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायबमोजिम रहेका छन्:

- योजना अवधिका लागि आवश्यक स्रोतको प्रक्षेपण गर्नु।
- विद्यालय शिक्षाका कार्यक्रमहरू कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु।
- विद्यालय शिक्षाको बजेटमा वृद्धि गर्नु।
- शैक्षिक पूर्वाधार, गुणस्तर अभिवृद्धि, शिक्षकको दक्षता विकास, सूचना प्रविधिको एकीकरण, समावेशी शिक्षा, र कमजोर समूहहरूको पहुँच विस्तारजस्ता क्षेत्रहरूलाई प्राथमिकता क्षेत्रका रूपमा पहिचान गर्नु।

## ६.५ रणनीतिहरूः

योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिहरू देहायबमोजिम हुनेछन्:

- गाउँपालिकाले शिक्षा क्षेत्रलाई प्रमुख प्राथमिकता दिई शिक्षा क्षेत्रको बजेटमा क्रमशः वृद्धि गर्ने।
- विद्यालय मूल्याङ्कन र आवश्यकता अध्ययन गर्ने।
- समावेशी शिक्षाअनुसार बालबालिका, अपाङ्गता भएका र सीमान्तकृत समूहको अवस्था विश्लेषण गर्ने।
- शिक्षक तालिम र भौतिक पूर्वाधार सुधारका लागि तत्काल र दीर्घकालीन योजना बनाउने।
- सङ्घीय, प्रदेश र स्थानीय सरकारको अनुदान पहिचान गर्ने।
- निजी क्षेत्र, सङ्घसंस्था, दातृ निकाय र अन्तर्राष्ट्रिय साझेदारसँग सहकार्यको रूपरेखा तयार गर्ने।

- अभिभावक र समुदायबाट श्रम, स्रोत र समयमार्फत सामुदायिक लगानी सञ्चालन गर्ने ।
- वैकल्पिक स्रोत (जस्तै शिक्षा कोष/Matching Fund) स्थापना र परिचालन गर्ने ।
- प्राथमिकता र आपतकालीन आवश्यकताका आधारमा कार्यक्रमको कार्यान्वयन क्रम तय गर्ने ।
- बजेट निर्माणमा विद्यालय, शिक्षक, अभिभावक र विद्यार्थीको सुझाव समावेश गर्ने ।
- कम लागतमा उच्च प्रभाव पार्ने (Low Cost–High Impact) कार्यक्रम लागू गर्ने ।
- सरोकारवालाहरू (सङ्घसंस्था, अभिभावक, निजी क्षेत्र, सञ्चारमाध्यम) को सक्रिय सहभागिता सुनिश्चित गर्ने ।
- विद्यालय व्यवस्थापन समिति र शिक्षा समितिहरूलाई सक्षम बनाएर नियमित समन्वय बैठक सञ्चालन गर्ने ।

## ६.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमानः

१० वर्षका लागि तयार गरेको शिक्षा क्षेत्रको योजना (२०८३-२०९२) ले गाउँपालिकामा शिक्षा क्षेत्रलाई प्राप्त हुने बजेटलाई आधार बनाएको छ । त्यसैगरी बजेटको प्रमुख स्रोतहरूमा तलका निकायहरू रहने अनुमान गरिएको छ ।

- सङ्घीय ससर्त
- प्रदेश बजेट
- स्थानीय तहको बजेट
- विभिन्न सङ्घसंस्था तथा परियोजनाहरू
- अभिभावकहरू

यो शिक्षा योजनाले पाँच वर्षलाई लक्षित गरेर कार्यक्रमका लागि बजेट अनुमान गरे तापनि योजना दश वर्षसम्म निरन्तर सञ्चालन गर्ने गरी क्रियाकलापहरू तय गरिएकाले बजेटको अभाव हुने देखिन्छ । यो योजनाअनुरुप गाउँपालिकाले हरेक वर्ष वार्षिक कार्ययोजना बनाई बजेटको व्यवस्थापन पुनरावलोकन गर्न सक्ने छ । तर पनि हाल गाउँपालिकाको स्रोतलाई आँकलन गर्दै यस शिक्षा योजनालाई आगामी ५ वर्षका लागि प्रस्तावित बजेट अनुमान गरिएको छ ।

| क्र.स. | शीर्षक वा क्षेत्र वा क्रियाकलाप | अनुमानित कुल आवश्यक बजेट (लाखमा) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | बजेट स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संङ्घीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गैसस | जनसहभागिता | अन्य |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा | ५०९.१० | १०१.८२ | १०१.८२ | १०१.८२ | १०१.८२ | १०१.८२ | ३८१.८३ | ५०.९१ | २५.४६ | २५.४६ | २५.४६ | ०.०० |
| २ | आधाभूत शिक्षा | ५१९५.९१ | १०३९.१८ | १२९८.९८ | १०३९.१८ | ७७९.३९ | १०३९.१८ | ३८९६.९३ | ५१९.५९ | २५९.८० | २५९.८० | २५९.८० | ०.०० |
| ३ | माध्यमिक शिक्षा | ६९९०.२५ | १३९८.०५ | १७४७.५६ | १३९८.०५ | १०४८.५४ | १३९८.०५ | ५२४२.६८ | ६९९.०२ | ३४९.५१ | ३४९.५१ | ३४९.५१ | ०.०० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | २१२.५० | ४२.५० | ५३.१३ | ४२.५० | ३१.८८ | ४२.५० | १५९.३८ | २१.२५ | १०.६३ | १०.६३ | १०.६३ | ०.०० |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | ६५.३० | १३.०६ | १६.३३ | १३.०६ | ९.८० | १३.०६ | ४८.९८ | ६.५३ | ३.२७ | ३.२७ | ३.२७ | ०.०० |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | ७४.६९ | १४.९४ | १८.६७ | १४.९४ | ११.२० | १४.९४ | ५६.०२ | ७.४७ | ३.७३ | ३.७३ | ३.७३ | ०.०० |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ११७.३० | २३.४६ | २९.३३ | २३.४६ | १७.६० | २३.४६ | ८७.९८ | ११.७३ | ५.८७ | ५.८७ | ५.८७ | ०.०० |
| ८ | शिक्षामा | १६८.६० | ३३.७२ | ४२.१५ | ३३.७२ | २५.२९ | ३३.७२ | १२६.४५ | १६.८६ | ८.४३ | ८.४३ | ८.४३ | ०.०० |

| क्र.स. | शीर्षक वा क्षेत्र वा क्रियाकलाप | अनुमानित कुल आवश्यक बजेट (लाखमा) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | बजेट स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संघीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गैसस | जनसहभागिता | अन्य |
| | समता र समावेशीकरण | | | | | | | | | | | | |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | १६२.३८ | ३२.४८ | ४०.५९ | ३२.४८ | २४.३६ | ३२.४८ | १२१.७८ | १६.२४ | ८.१२ | ८.१२ | ८.१२ | ०.०० |
| १० | विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता | १२.५० | २.५० | ३.१३ | २.५० | १.८८ | २.५० | ९.३८ | १.२५ | ०.६३ | ०.६३ | ०.६३ | ०.०० |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | ६३६.८३ | १२७.३७ | १५९.२१ | १२७.३७ | ९५.५२ | १२७.३७ | ४७७.६२ | ६३.६८ | ३१.८४ | ३१.८४ | ३१.८४ | ०.०० |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | १४८.०० | २९.६० | ३७.०० | २९.६० | २२.२० | २९.६० | १११.०० | १४.८० | ७.४० | ७.४० | ७.४० | ०.०० |
| १३ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ३४.५५ | ६.९१ | ८.६४ | ६.९१ | ५.१८ | ६.९१ | २५.९१ | ३.४६ | १.७३ | १.७३ | १.७३ | ०.०० |

| क्र.स. | शीर्षक वा क्षेत्र वा क्रियाकलाप | अनुमानित कुल आवश्यक बजेट (लाखमा) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | बजेट स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संङ्घीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गैसस | जनसहभागिता | अन्य |
| १४ | स्थानीय शिक्षा योजना कार्यान्वयको प्रबन्ध | २४.०० | ४.८० | ६.०० | ४.८० | ३.६० | ४.८० | १८.०० | २.४० | १.२० | १.२० | १.२० | ०.०० |
| १५ | अनुगमन तथा मूल्याङ्कन | १५.०३ | ३.०१ | ३.७६ | ३.०१ | २.२५ | ३.०१ | ११.२७ | १.५० | ०.७५ | ०.७५ | ०.७५ | ०.०० |
| **कूल** | | **१४३६७** | **२८७३** | **३५६६** | **२८७३** | **२१८०** | **२८७३** | **१०७७५** | **१४३७** | **७१८** | **७१८** | **७१८** | |

# परिच्छेद ७: अनुगमन तथा मूल्याङ्कन

## ७.१ वर्तमान अवस्था

गाउँपालिकाको शैक्षिक अवस्थामा सुधारका लागि विभिन्न तहमा अनुगमन तथा मूल्याङ्कन गरी प्रभावकारी कार्यान्वयन गर्न आवश्यक छ। योजना कार्यान्वयनलाई सही दिशामा पुर्‍याउन तथा योजनाका गतिविधिहरुलाई समयानुसार लक्षित उपलब्धि हासिल गराउनका लागि अनुगमन तथा मूल्याङ्कनको कार्य प्रभावकारी रूपमा गर्न आवश्यक छ । अनुगमन तथा मूल्याङ्कनको मुख्य उद्देश्य गाँउशिक्षामा तय गरिएका कार्यक्रमहरु र सेवा प्रवाहका लागि तय गरिएका लक्ष्य तथा उद्देश्यअनुरुपका उपलब्धिहरु पत्ता लगाई ती सूचकका आधारमा निर्णय प्रक्रियालाई सहयोग गरी योजना कार्यान्वयनमा सुधार गर्नु हो।

यस गाउँपालिकाले पनि अनुगमन तथा मूल्याङ्कन कार्यहरु गरिरहेको अवस्था छ । वार्षिक रूपमा हुने समीक्षा तथा मूल्याङ्कन र नियमित रूपमा हुने अनुगमनले शैक्षिक कार्यक्रहरुलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न मद्दत पुगेको छ। कानेपोखरी गाउँपालिकाले आफ्नो सेवाक्षेत्रभित्रको गतिविधिहरुको अनुगमन र मूल्याङ्कन गर्न गाउँपालिका उपाध्यक्षको नेतृत्वमा अनुगमन समिति गठन गरी अनुगमनका कार्यहरु अगाडि बढेका छन्। गाउँ शिक्षा समितिले पनि यस गाउँपालिकामा रहेका शैक्षिक समस्याहरुको समधान गर्ने र नियमित अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी ढङ्गले अगाडि बढाउने प्रयास थालेको छ । गत शैक्षिक सत्रको अनुगमनको अवस्था मूल्याङ्कन गर्ने हो भने शिक्षा तथा सामाजिक विकास शाखाबाट औषतमा प्रति विद्यालय वार्षिक २-३ पटकसम्म अनुगमन गरेको देखिन्छ। यसैगरी साक्षरता कार्यक्रमबाट प्रति विद्यालय २ पटक अनुगमन भएको देखिन्छ। गाउँ शिक्षा समिति लगायतबाट नियमित रूपमा विद्यालय अनुगमन हुन पर्ने देखिन्छ। यसका साथै कक्षा १-३ को मूल्याङ्कन फारामको सही प्रयोग गरी मूल्याङ्कन गर्ने विद्यालय जम्मा ५ वटा मात्र रहेका छन्। कानेपोखरी गाउँपालिकाले विद्यालयहरुको मूल्याङ्कनका लागि नियमित रुपम प्रतिवेदन पेस गर्ने, वार्षिक तथा अर्धवार्षिक समीक्षा गर्ने जस्ता कार्य भने भएका छैनन्। यस्ता कार्यहरु नियमित गर्नु तथा विभिन्न सरोकारवाला मार्फत संयुक्त अनुगमनका कार्यहरु गर्नु अति आवश्यक देखिएको छ। यसका साथै शिक्षक सुपरीवेक्षण र पेसागत सहयोग तथा विद्यार्थी उपलब्धि परीक्षण लगायतका विषयहरुमा ठोस कार्यक्रम बनाई अगाडि बढ्नुपर्ने देखिन्छ। अनुगमन तथा मूल्याङ्कनका कार्यहरुलाई प्रभावकारी बनाउनका लागि अनुगमन मूल्याङ्कन निम्नानुसार गर्न सकिन्छ।

| क्र.सं. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अलवोकन निरीक्षण सुपरिवेक्षण, | संयोजक तथा सदस्य | मासिक | आगन्तुक पुस्तिका, अनुगमन फारम |
| २ | गाउँ शिक्षा समिति | | संयोजक तथा सदस्य | अर्धवार्षिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | गाउँपालिका | | अध्यक्ष, | अर्धवार्षिक | |
| ५ | शिक्षा अधिकृत वा तोकिएको अधिकारी | | शिक्षा शाखा प्रमुख वा प्रतिनिधि | मासिक | |
| ६ | पालिका शिक्षा शाखा | | शिक्षा शाखा प्रमुख वा | मासिक | |

| क्र.सं. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| | | | प्रतिनिधि | | |
| ७ | पालिका स्तरका विज्ञ समूह | | शाखा प्रमुख | त्रैमासिक | |
| ८ | वि.व्य.स. र शिक्षक अभिभावक सङ्घ | | पदाधिकारी | निरन्तर | |
| ९ | नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था र सरोकारवालाहरु | | जिम्मेवार व्यक्ति | आवश्यकता अनुसार | |
| १० | अर्ध वार्षिक समीक्षा | मूल्याङ्कन | शिक्षा शाखा | अर्धवार्षिक | |
| ११ | वार्षिक समीक्षा | मूल्याङ्कन | शिक्षा शाखा | वार्षिक | |

**७.२ उद्देश्य**

- अनुगमन तथा मूल्याङ्कन मापदण्ड र निर्देशिका तथा रणनीति तयार गरी कार्यान्वयन गर्नु तथा अनुगमन प्रणाली विकास र नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउनु।
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु।
- योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु।
- अर्धवार्षिक, वार्षिक, मध्यावधि तथा अन्तिम मूल्याङ्कन गर्नु र अनुगमन तथा मूल्याङ्कन समिति तथा प्राविधिक समिति गठन गरी परिचालन गर्नु।

**७.३ रणनीतिहरु**

- अनुगमन तथा मूल्याङ्कनका लागि विभिन्न समितिहरूको निर्माण गरिने छ र यसका लागि रणनीति तथा कार्यविधि निर्माण र कार्यान्वयन गर्ने।
- कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने।
- अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन छिटो छरितो र व्यवस्थित बनाइने र अनुगमन तथा मूल्याङ्कन नतिजामुखी बनाइने।
- कक्षाकोठामा सिकाइको अनुगमन, कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण र प्रतिवेदन प्रणालीको विकास गर्ने।
- जनप्रतिनिधिहरुलाई योजनाको अनुगमन तथा मूल्याङ्कनको कार्यमा संलग्न गराइने।
- शिक्षण सिकाइको अनुगमन सुपरीवेक्षण, मूल्याङ्कन, सहजीकरण प्रणालीलाई व्यवस्थित गरिने र सुद्धृढ बनाइने।

- शैक्षिक योजना तथा कार्यक्रमको नियमित, अद्यावधिक, मद्यावधिक र अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गरिने छ । यसका लागि गाउँपालिका अध्यक्षको संरकक्षत्वमा र उपाध्यक्षको संयोजकत्वमा वार्षिक, मध्यावधि र अन्तिम मूल्याङ्कन गर्ने ।
- अनुगमन तथा मूल्याङ्कन समिति तथा प्राविधिक समिति गठन गरी परिचालन गर्ने ।

**७.४. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अनुगमन तथा मूल्याङ्कनको योजना तयार र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | विव्यस/शिअसबाट विद्यालयको पालैपालो नियमित अनुगमन तथा निरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | अभिभावकबाट नियमित विद्यालय भम्रण र उत्कृष्ट अभिभावक छनोट | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | वडास्तरीय अनुगमन समितिबाट मासिक अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | पालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन संयन्त्रको गठन र कम्तिमा २ महिनाको एक पटक एक विद्यालयको अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | विद्यालयको वार्षिक कार्यसम्पादन परीक्षण | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| ७ | नियमित अनुगमन तथा निरीक्षण | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | शिक्षा योजनाको प्रगतिको वार्षिक प्रगति तयार तथा छलफल कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | कार्यक्रमका कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा प्रतिवेदन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण तथा विश्लेषण सहितको प्रतिवेदन तयार | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |